हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।








राष्ट्रिय संस्करण | विचार अर्थव्यवस्थाको स्पष्ट कार्यदिशा | फिक्कलदेखि अन्तुसम्म 'टी ट्रेल' निर्माण सुरु ११



वर्ष १२४ | अङ्क ११९ | २०८१ साल भदौ १६ गते आइतबार | भाद्र कृष्ण चतुर्दशी | नेपाल संवत् ११४४ गुँलागा १४ | 2024 September 1 Sunday | पृष्ठ : १२ | मूल्य : दस रुपियाँ


# सरकारको प्राथमिकता सुव्यवस्था : प्रधानमन्त्री



तस्बिर : कविन अधिकारी

प्रधानमन्त्री केपी शर्मा ओली शनिबार क्याप्टेन रामेश्वर थापाद्वारा लिखित पुस्तक 'इन टु द फायर' विमोचन गर्नुहुँदै । साथमा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा हुनुहुन्छ ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकारको मुख्य प्राथमिकता शान्ति, सुव्यवस्था र आर्थिक क्रान्ति भएको बताउनुभएको छ ।

क्याप्टेन रामेश्वर थापाद्वारा लिखित 'इन टु द फायर' पुस्तकको विमोचन कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा अब कहिल्यै पनि विगतको जस्तो हिंसात्मक गतिविधि हुन नसक्ने र हुन नदिने स्पष्ट पार्नुभयो । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले केही दिनअघि श्रीलङ्का वा बङ्गलादेशको जस्तो अवस्थाबाट सिक्न भनेर दिएको अभिव्यक्तिप्रति असहमति व्यक्त गर्दै उहाँले नेपाल कुनै मुलुकको 'फोटोकपी मेसिन' नभएकाले श्रीलङ्का वा बङ्गलादेशको घटना यहाँ हुन सम्भव नरहेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपालको आफ्नै पहिचान, सभ्यता र संस्कृति छ । बङ्गलादेशमा जे भयो, त्यो यहाँ हुँदैन । हामीले लडेर ल्याएको लोकतन्त्र र संविधानलाई सबल बनाउन हामी लागेका छौँ ।

- नेपालमा अब बेथिति, अराजकता र हिंसाको राजनीति सम्भव छैन । सम्भव हुन दिइँदैन : **प्रम ओली**
- प्रधानमन्त्री ओली र मलाई नजिक बनाउने काममा पनि थापाको भूमिका महत्त्वपूर्ण छ : **सभापति देउवा**

लोकतन्त्रविरुद्ध लड्नेहरूले हामीलाई तर्साउन सम्भव छैन । हामीलाई सिक भनेर चर्को स्वरमा बोल्नेहरूलाई म राम्ररी सिक भन्न चाहन्छु । नेपालमा अब बेथिति, अराजकता र हिंसाको राजनीति सम्भव छैन । सम्भव हुन दिइँदैन ।" उहाँले सरकार बन्नेबित्तिकै प्रचण्डले सरकारको सत्तो सराप गर्ने गरेको बताउनुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो, "यस्ता विषयमा हामी अल्झिने छैनौँ । जनतालाई कसरी सेवा दिने भन्नेतर्फ मात्रै केन्द्रित छौँ ।"

प्रधानमन्त्री ओलीले माओवादीको 'अन्धधुन्ध' हिंसात्मक गतिविधि चलेका बेला आफूले हिंसाको चर्को विरोध गरेको र राजनीतिक समाधानका लागि वार्ताको पनि पहल गरेको स्मरण गर्नुभयो । उहाँले लोकतान्त्रिक शासन प्रणालीमा अरूको अधिकार हनन् हुने गरी हुने कुनै पनि गतिविधि वा अराजकतालाई राज्यले कानुनी रूपमा रोक्ने स्पष्ट गर्नुभयो । प्रधानमन्त्री ओलीले लोकतन्त्र र देश बनाउने अभियानमा आफू छ दशकदेखि लागिरहेको स्मरण गराउँदै भन्नुभयो, "मैले १७ हजार मान्छे मारेको छु र डराउने ? लोकतन्त्रविरुद्ध लड्नेहरूले हामीलाई तर्साउने ?" उहाँले समाजको सुव्यवस्थाका लागि मानव जातिले राजनीति र राजनीतिक दल सिर्जना गरेकाले राजनीतिप्रति घृणा फैलाउने प्रयासले समाजलाई संस्कारहीनता, अराजकता र बेथितितर्फ लगेर छिन्नभिन्न बनाउने धारणा राख्नुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "अहिलेको सरकारले कसैमाथि अन्याय र अत्याचार गर्दैन । आफ्नो हित र रक्षाका लागि केही गलत काम गर्दैन तर जनताको हित र रक्षाविरुद्ध कसैले काम गरेमा विधिको शासनबमोजिम शान्ति सुरक्षा र सम्मान कायम गर्छ । राज्यका निकायले कानुनको पालना गर्छन् । न्यायोचित कानुनलाई सबैले मान्नु पर्छ ।


» बाँकी पृष्ठ २ मा


# 'स्मार्ट' बनेन 'स्मार्ट लाइसेन्स'






स्मार्ट लाइसेन्सका लागि सबै प्रक्रिया पूरा गरेर राजस्वसमेत तिरेर लाइसेन्स पाउने पालो कुरेका सेवाग्राही १६ लाख छन् ।

**लक्ष्मण दर्नाल**
*काठमाडौँ, भदौ १५ गते*

सवारीचालक अनुमतिपत्र (लाइसेन्स) को समस्या झन्डै एक दशकदेखि जारी छ । सेवाग्राहीलाई तत्काल र सहज सेवा दिने भनेर विसं २०७२ देखि 'स्मार्ट लाइसेन्स' का नामबाट नयाँ प्रविधिको लाइसेन्स दिन थाले पनि त्यसै बेलादेखि यो समस्या जटिल बनेको हो ।

स्मार्ट लाइसेन्सका लागि सबै प्रक्रिया पूरा गरेर राजस्वसमेत तिरेर लाइसेन्स पाउने पालो कुरेका सेवाग्राही १६ लाख छन् । सावरीचालक अनुमतिपत्रका लागि लिइने लिखित, प्राविधिक जाँच र प्रयोगात्मक परीक्षा पास गरेर लाइसेन्सको कार्ड पाउन तीन वर्षसम्म कुर्नु परेको छ ।

छाप्न बाँकी १६ लाखप्रति लाइसेन्स धारक अर्थात् १६ लाख जना सरकारलाई तिरेको राजस्वको रसिद नै लाइसेन्सका रूपमा ट्राफिक प्रहरीलाई देखाएर देखाएर सवारी चलाइरहेका छन् । जुन लाइसेन्स होइन, सरकारी कागजात हो तर सवारी चालकका लागि अनुमति दिने वैध कागजात होइन । १६ लाख जनाको सामान्यतया दुईपाङ्ग्रे लाइसेन्सको मात्रै राजस्व प्रतिव्यक्ति दुई हजार रुपियाँका दरले हिसाब गर्दा पनि तीन अर्ब २० करोड रुपियाँ राजस्व छाप्न बाँकी लाइसेन्सको उठिसकेको छ । चारपाङ्ग्रे र अरू ठुला सवारीको हिसाब गर्ने हो भने यो बढ्छ नै । सरकारले हालसम्म ४० लाख प्रति स्मार्ट लाइसेन्स प्रिन्ट गरिसकेको यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले जानकारी दिनुभयो ।

### प्रदेशमा सार्ने तयारी

लाइसेन्सको समस्या समाधान गर्न अहिले प्रदेशहरूबाट पनि वितरण गर्न दिने पहल सुरु भएको छ । प्रदेश सरकारहरूले प्रदेशबाटै क्युआर कोडसहित लाइसेन्स छपाइ गर्ने भनिए पनि त्यसका लागि बजेट र पूर्वाधार सबै प्रदेशमा छैन । संविधानतः यातायातको नियमन र व्यवस्थापनको अधिकार प्रदेश सरकारको हो तर कुनै पनि प्रदेश सरकारले प्रदेशमै लाइसेन्स छाप्नेलगायत व्यवस्थापनका काम सुरु गरेका छैनन् ।

गत साउन ३२ गते केन्द्रीय तथ्याङ्क सेन्ट्रल (डाटाबेस) यातायात व्यवस्था विभागमा रहने गरी देशभर एउटै मापदण्ड र स्पेसिफिकेसन अनुसार प्रदेशले लाइसेन्स छपाइका लागि तत्काल खरिद प्रक्रिया अगाडि बढाउने निर्णय भएको थियो । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा सात प्रदेशका यातायात मन्त्रीसहितको संयुक्त बैठकले उक्त निर्णय गरेको थियो ।

यो निर्णय पनि नयाँ होइन । सङ्घीय सरकारले दुई वर्षदेखि नै प्रदेशबाट लाइसेन्स छपाइ गर्ने निर्णय र निर्देशन दिँदै आएको छ तर कार्यान्वयन गर्न प्रदेश सरकारको कुनै सुरसार छैन । लाइसेन्स छाप्ने मेसिन, सफ्टवेयर निर्माण, कार्ड खरिदलगायतका काममा सबै प्रदेश अन्योलग्रस्त छन् । कोशी प्रदेशले बजेट विनियोजन त गरेको छ तर प्रावधिक अन्योलताले काम अघि बढेको छैन । नागरिक एप र राष्ट्रिय परिचयपत्रमा समावेश गर्ने र एउटै डिजाइन हुने भएकाले अन्योल रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेशले जनाएको छ । निमित्त प्रदेश सविच कमलबहादुर थापाले भन्नुभयो, "कार्ड र मेसिनका लागि १० करोड बजेट विनियोजन भएको छ । स्पेसिफिकेसन बनाउँदै छौँ । प्राविधिक काम भएकाले विभाग र केन्द्र सरकारको सहजीकरण आवश्यक छ ।"

मधेश प्रदेशले पनि बजेट विनियोजन गरेको छ तर प्रक्रिया अगाडि बढाएको छैन । श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेशका सूचना अधिकारी सुनील शाहले भन्नुभयो, "स्मार्ट लाइसेन्सका लागि दुई करोड रुपियाँ विनियोजन भएको छ । यो मेसिन र कार्डका लागि हो ।"

बागमती प्रदेश सरकारले मेसिन र कार्डका लागि १३ करोड रुपियाँ छुट्याएको छ तर प्रक्रियाको सवाल भने अन्योल छ । नागरिक एपमा लाइसेन्स समावेश गरेको बागमतीले क्युआर कोडसहितको छाप्ने, राष्ट्रिय परिचयपत्रमा छाप्ने वा यसको व्यवस्थापन कसरी गर्ने भन्ने कुराको अन्योल रहेको जनाएको छ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमतीका प्रदेश सचिव बलराम निरौलाले भन्नुभयो, "सातै प्रदेशको डिजाइन र प्राविधिक कुराले अन्योल बनाएको छ । एउटै डिजाइन विभागले दिने भन्ने कुरा हो, त्यो आएको छैन ।"

गण्डकी प्रदेशमा कुनै प्रक्रिया नै अगाडि बढेको छैन । योजना र बजेट पनि छैन । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकीका उपसचिव एवं प्रवक्ता प्रदीपकुमार रेग्मीले भन्नुभयो, "प्रदेशबाट लाइसेन्स छाप्ने छलफल त भएको छ तर कुनै प्रक्रिया अगाडि बढेको छैन । परिचयपत्रमै समावेश गर्ने भन्ने कुराले पनि अन्योल भएको छ ।" गण्डकीमा विगत दुई वर्ष आठ महिनादेखिका लाइसेन्स छाप्न बाँकी छ ।


» बाँकी पृष्ठ २ मा


# 'सञ्चार क्षेत्रलाई व्यवस्थित बनाइने छ'



तस्बिर : रमेश पौडेल

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ प्रेस चौतारी नेपाल गण्डकीले शनिबार पोखरामा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

**फडिन्द्र अधिकारी**
*लेखनाथ, भदौ १५ गते*

नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सञ्चार क्षेत्रलाई व्यवस्थित, व्यावसायिक र युगानुकूल बनाउन आवश्यक सबै जसो ऐन एक वर्षभित्रै बनाइसक्ने बताउनुभएको छ । लामो समयदेखि चर्चा भइरहे पनि बन्न नसकेको सार्वजनिक प्रसारण ऐन (पिएसबी) समेत चाँडै सदनमा ल्याउने उहाँले जानकारी दिनुभयो ।

प्रेस चौतारी नेपाल गण्डकीले पोखरामा शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले भन्नुभयो, "पिएसबी समितिमा छलफलमा छ । मिडिया काउन्सिल विधेयकबारे पनि छलफल जारी छ, पिएसबी बनिसकेपछि नेपाल टेलिभिजन र रेडियो नेपाललाई अलिकति स्वायत्त बनाउने कुरा र व्यवस्थित बनाउने कुरामा ध्यान दिइने छ ।"

सञ्चारमन्त्री गुरुङले नेपाली समाज र पत्रकारिता जगत् नकारात्मक पक्षमा बढी रमाएको टिप्पणी पनि गर्नुभयो । "टिआरसी (सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन) पास भयो, यो कोसेढुङ्गाबारे कसैले लेखेन," उहाँले भन्नुभयो, "हामी भारत वर्षमा छौँ, महाभारत हामीलाई मन पर्छ । हाम्रो संस्कार नै लडाइँ, झगडा गर्ने छ ।"

मन्त्री गुरुङले नेपालको प्रवर्धन र पर्यटनको विकासका लागि अङ्ग्रेजी टिभी च्यानल चलाउनै पर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "संसारभरका सबै देशले यसरी च्यानल चलाएका छन् ।


» बाँकी पृष्ठ २ मा



# शिवपुरीमा बढ्यो चरा संरक्षणको चुनौती

**चाँदनी हमाल**
*काठमाडौँ, भदौ १५ गते*

शिवपुरी–नागार्जुन राष्ट्रिय निकुञ्जमा चराको प्रजाति बढेसँगै संरक्षणको चुनौती बढेको छ । भर्खरै सार्वजनिक भएको चराको सूची अनुसार शिवपुरीमा ३९६ प्रजातिको चरा पाइएको छ । पछिल्लो समय यहाँ झन्डै ८० प्रजातिका नयाँ चरा थपिएका छन् । सन् २०१५ मा नेपाल पन्छी संरक्षण सङ्घले निकालेको सूची अनुसार शिवपुरी क्षेत्रमा ३१८ प्रजातिका चरा थियो । बढेका चरा कसरी जोगाउने भन्ने चिन्ता संरक्षणकर्मीमा थपिएको छ ।

निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत लक्ष्मणप्रसाद पौड्यालको नेतृत्वमा वरिष्ठ चराविद् डा. हेमसागर बराल, चरा संरक्षणकर्मी मनशान्त घिमिरे, सञ्जीव आचार्य र हठन चौधरीले तयार गर्नुभएको नयाँ सूची अनुसार शिवपुरीमा पाइने चराको प्रजाति ३९६ पुगेको हो । पूर्वप्रमुख संरक्षण अधिकृत पौड्यालका अनुसार सन् २०१६ पछि सन् २०२१ र २०२२ तथा अन्य समयमा भएका गणना र सर्भेक्षणका क्रममा भेटिएका नयाँ प्रजातिसमेत जोड्दै नयाँ सूची प्रकाशन गरिएको हो ।

उहाँका अनुसार यस वर्ष भेटिएको रातो रङको सुन्दर भिनासियस रोजपिन्च नामको नयाँ चरासमेत सूचीमा समावेश गरिएको छ । त्यस्तै नेपालमा मात्र पाइने काँडे भ्याकुरसहित २०२१ र २०२२ मा नयाँ फेला परेको कालो चिल प्रजातिको लाटोकोसेरोसहित गोल्डेन नेप्स फिन्च, स्लेन्डर बिल्ड स्किमिटर ब्याबलर, ग्रे हुडेड वार्बरहोरी थ्रोटेड वार्बलरसहितका चरा शिवपुरीका नयाँ आकर्षण हुन् । अध्ययन अनुसार सन् २०२१ र २०२२ मा गरिएको सर्भेका क्रममा शिवपुरीमा २३७ प्रजातिका चरा भेटिएकोमा १६ वटा भने रोमाञ्चकता दिने नयाँ खालका प्रजातिका मानिएका थिए ।



शिवपुरीमा यस वर्ष भेटिएको भिनासियस रोज फिन्च चरा ।

- काठमाडौँका घना मानव बस्तीबिचमा चरा बढ्नु भनेको वातावरणको राम्रो सूचक हो तर जोगाउने चुनौती उच्च छ ।
- विश्वमै खतराको सूचीमा रहेको ठुलो खैरो गिद्ध, इम्पेरियल गिद्ध र काश्मीर फ्लाइक्याचर चरा, लोपोन्मुख स्टेप्पे चील र पल्लास फिस चील, सङ्कटापन्न सेतो गिद्ध, पातलो-बिल गिद्ध र रातोटाउके गिद्ध पनि यहाँ पाइन्छ ।

उहाँले भन्नुभयो, "काठमाडौँका घना मानव बस्तीबिचमा यसरी चरा बढ्नु भनेको वातावरणको राम्रो सूचक हो तर जोगाउने चुनौती उच्च छ ।" चराहरू बचाउन काठमाडौँ महानगरका बासिन्दाले ध्यान दिनुपर्नेमा उहाँ जोड दिनुहुन्छ ।

चरा बाँच्नु भनेको उपत्यकाको दीर्घ जीवनको सूचक हो भनेर बुझाउन जरुरी रहेको पौडेलले औँल्याउनुभयो ।

विश्वमै खतराको सूचीमा रहेको ठुलो खैरो गिद्ध, इम्पेरियल गिद्ध र काश्मीर फ्लाइक्याचर चरा यहाँ पाइन्छ । लोपोन्मुख स्टेप्पे चील र पल्लास फिस चील, सङ्कटापन्न सेतो गिद्ध, पातलो–बिल गिद्ध र रातोटाउके गिद्ध पनि यहाँ पाइन्छ । साइटिसमा सूचीकृत रहेका ५५ प्रजातिका चरा यस निकुञ्जको अर्को महत्त्वपूर्ण पाटो हो । साइटिसमा सूचीकृत नेपालमा मात्र पाइने काँडे भ्याकुरको बास यहीँ छ ।

विसं २०५८ सालमा संरक्षणको उद्देश्यसहित स्थापना भएको यो निकुञ्ज मध्य नेपालमा रहेका चराको स्वर्ग मानिन्छ । घना वन, जलस्रोतको स्रोत र मानव बस्तीदेखि टाढा रहेको निकुञ्जमा चरा अवलोकन गर्नकै लागि विदेशी पर्यटक पुग्ने गर्छन् ।

# नुवाकोटको केन्द्रीय कारागार आंशिक सञ्चालन




तस्बिरः रासस

**गृहमन्त्री रमेश लेखक नुवाकोटको विदुर नगरपालिका–६ स्थित खम्पा क्याम्पमा निर्माण गरिएको केन्द्रीय कारागारको नवनिर्मित भवनको शनिबार आयोजित उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

नुवाकोटमा निर्माण भइरहेको प्रस्तावित केन्द्रीय कारागार सञ्चालनमा आएको छ। काठमाडौँको केन्द्रीय कारागार (जगन्नाथदेवल) लाई स्थानान्तरण योजना अन्तर्गत नुवाकोटमा सात हजार क्षमतामा कारागार निर्माण भइरहेको छ तर काम भने पूरा भइसकेको छैन।

एक हजार ३७० क्षमताको मात्र पूर्वाधार निर्माण सम्पन्न भएको प्रस्तावित केन्द्रीय कारागार नुवाकोटमा पहिलो चरणमा नुवाकोट जिल्ला कारागारमा रहेका १५९ कैदीलाई स्थानान्तरण गरिएको छ। पाँच हजार ६३० क्षमताको १२ वटा ब्लक निर्माण भने योजनामै रहेको छ।

६४५ रोपनी जग्गामा साढे सात अर्ब लगानीमा बन्ने योजना रहेको प्रस्तावित केन्द्रीय कारागार पहिलो र दोस्रो चरणमा निर्माण सम्पन्न तयारीमा रहेको एक हजार ३७० क्षमताका चार वटा ब्लकको गृहमन्त्री रमेश लेखकले शनिबार उद्घाटन गर्नुभयो।

सो कारागार सञ्चालनमा आएसँगै नुवाकोट जिल्ला कारागार रहेका कैदीबन्दीलाई स्थानान्तरण गर्ने योजना रहेको छ। वर्तमान सरकारको कार्यकालमा गृह मन्त्रालयले निर्धारण गरेका १० वटा काममध्ये नुवाकोटमा रहेको कारागार सञ्चालन गर्ने सय दिनमा गर्ने काममध्येको हो।

उद्घाटन समारोहमा गृहमन्त्री लेखकले हाल देशभर २८ हजार कैदीबन्दी रहेकामा १२/१३ हजार क्षमताको कारागार मात्र रहेकामा अब कैदीबन्दीको चाप घट्ने विश्वास व्यक्त गर्नुभयो।

अत्यन्त कम भौतिक संरचनामा धेरै कैदीबन्दी राख्नुपरेको जटिलता सम्बोधन गर्न तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारले नुवाकोटमा सात हजार कैदीबन्दी अटाउने कारागार निर्माण योजना बनाएको उहाँले स्मरण गर्नुभयो।

यस्ता ठुलो क्षमताका कारागार निर्माणले अब देशभरमा रहेको कैदीबन्दीको चाप क्रमशः घट्दै जाने विश्वास उहाँले व्यक्त गर्नुभयो।

यो काम उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै कारागार केवल कैदी थुन्ने स्थान मात्र नभई, सिर्जनात्मक र उत्पादन गर्ने थलो बन्नुपर्ने बताउनुभयो।

उहाँले उक्त कारागारलाई उद्योग कारागारका रूपमा विकास गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो। उहाँले कारागारमा ठुलो सङ्ख्यामा मान्छे बस्ने भन्दै त्यसले यहाँको आर्थिक गतिविधि बढाउने विश्वास व्यक्त गर्नुभयो। कारागारमा बस्ने कैदीबन्दी र सुरक्षाकर्मीले त्यहाँकै खाद्य र लुगा किन्ने भएकाले स्थानीय स्तरमा आर्थिक विकासमा पनि टेवा पुग्ने धारणा उहाँले व्यक्त गर्नुभयो।

कारागार बस्ने कैदीबन्दीको मानव अधिकार महत्त्वपूर्ण हुने बताउँदै उहाँले आधुनिक सुविधासम्पन्न र ठुलो कारागार बनाइएको बताउनुभयो।

वर्तमान सरकार लोकतन्त्र, विधिको शासन र मानव अधिकारमा प्रतिबद्ध रहेको बताउँदै मन्त्री लेखकले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन बनाउँदा मानव अधिकारको कुरालाई प्राथमिकता दिएको विषय संसारले स्वागत गरेको बताउनुभयो।

केन्द्रीय कारागार विभागका महानिर्देशक जयनारायण आचार्यले कैदीबन्दीको सबैखालका अधिकार सुरक्षित हुने गरी कारागार बनेको बताउनुभयो। उहाँले अन्य देशका लागि पनि नेपालको यो कारागार व्यवस्थापन नमुना बन्न सक्ने बताउनुभयो।

नवनिर्मित कारागारमा केन्द्रीय कारागार जगन्नाथदेवल र डिल्लीबजार कारागारमा रहेका केही कैदीलाई पनि स्थानान्तरण गर्ने तयारी रहेको कारागार व्यवस्था विभागका निर्देशक कमलप्रसाद पाण्डेले बताउनुभयो।

# दुर्घटनामा महिलाभन्दा चार गुणा बढी पुरुषको मृत्यु

**गोरखापत्र समाचारदाता**
*ललितपुर, भदौ १५ गते*

सडक दुर्घटनामा महिलाको तुलनामा पुरुषको मृत्युको सङ्ख्या चार गुणाभन्दा बढी हुने गरेको देखिएको छ। २०७५ साउनदेखि २०८१ असारसम्मको तथ्याङ्क अनुसार सडक दुर्घटनामा जम्मा १५ हजार १६८ जनाको मृत्यु भएकामा दुई हजार ८६५ जना महिला छन्। त्यसै गरी सो अवधिमा १२ हजार ३०३ जना पुरुषको मृत्यु भएको छ।

नेकपा (एमाले) केन्द्रीय विपत् व्यवस्थापन तथा स्वयंसेवक विभागद्वारा पार्टी केन्द्रीय कार्यालय ललितपुर, च्यासलमा शनिबार आयोजित विपत् जोखिम न्यूनीकरणसम्बन्धी कार्यशालामा सो जानकारी गराइएको हो। सडक दुर्घटनामा वार्षिक करिब तीन हजार जनाको मृत्यु हुने गरेको पाइएको छ।

कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले यस अवधिमा बागमती प्रदेशमा ६६ हजार १४८ वटा सडक दुर्घटना भएकामा तीन हजार ३६७ जनाको मृत्यु भएको जानकारी दिनुभयो। त्यसै गरी सो अवधिमा सुदूरपश्चिम प्रदेशमा दुई हजार १४२ वटा सडक दुर्घटना भएकोमा एक हजार ९७ जनाको, कर्णाली प्रदेशमा दुई हजार ६८८ वटा सडक दुर्घटना भएकोमा ७३२ जनाको, लुम्बिनी प्रदेशमा छ हजार ५३८ जना वटा सडक दुर्घटना भएकोमा तीन हजार ९४ जनाको मृत्यु भएको हो।

प्राधिकरणका कार्यकारी प्रमुख पोखरेलका अनुसार गण्डकी प्रदेशमा दुई हजार ४७३ वटा सडक दुर्घटना भएकामा एक हजार २९६ जना, मधेश प्रदेशमा २३ हजार ९९४ वटा सडक दुर्घटना भएकामा तीन हजार एक सय जनाको र कोशी प्रदेशमा १६ हजार ६४३ वटा सडक दुर्घटना भएकामा दुई हजार ४८२ जनाको मृत्यु भएको हो। उहाँले हरेक वर्ष चट्याङ र आगलागीबाट करिब एक सय जनाको मृत्यु हुने गरेको बताउनुभयो।

सशस्त्र प्रहरी बलका नायब महानिरीक्षक वंशी दाहालले मुग्लिङ–नारायणगढलगायत सडक दुर्घटनाको बढी जोखिम भएका राजमार्गहरूमा सशस्त्र प्रहरी बलले चिकित्सकसहितको सात वटा एम्बुलेन्स सेवा सुरु गरेको जानकारी दिनुभयो।

विपत् अध्ययन केन्द्र, इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकका निर्देशक डा. वसन्तराज अधिकारीले कुनै पनि विपत् प्राकृतिकभन्दा मानवीय गतिविधिका कारण हुने गरेको बताउँदै विपत् जोखिमलाई बेवास्ता गरेर पूर्वाधार निर्माण गर्दा हरेक वर्ष जनधनको क्षति बढ्दै गएको उल्लेख गर्नुभयो।

### विषय विज्ञतालाई समाहित गर्नुपर्ने

कार्यक्रममा नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले विषय विज्ञतालाई समाहित गर्न नसके अबको राजनीति प्रभावकारी र परिणाममुखी हुन नसक्ने बताउनुभयो। उहाँले सही राजनीतिक दिशामा विज्ञताको मांसपेशी नभरे समृद्धिको सुन्दर तस्बिर बन्न सक्दैन भन्नुभयो। वरिष्ठ उपाध्यक्ष पोखरेलले एमाले हिजो अधिकार प्राप्तिको लडाइँमा अग्रपङ्क्तिमा रहेको स्मरण गर्दै अब समृद्धि प्राप्तिका लागि प्रभावकारी कदम चालिरहेको बताउनुभयो। विपत् व्यवस्थापनमा एमालेले अग्रणी भूमिका निर्वाह गरेको चर्चा गर्दै उहाँले जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि हरेक निकाय, संरचना, कार्यक्रम र कानुनी पक्षमा समन्वय जरुरी रहेको चर्चा गर्नुभयो। नेकपा (एमाले) का उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले हरेक प्रकारका विपत्मा एमाले पीडित र प्रभावितको साथी हुने गरेको चर्चा गर्नुभयो। उहाँले पूर्वतयारी, उद्धार र राहतका लागि स्थायी प्रकृतिको स्वयंसेवी समूह आवश्यक रहेको बताउनुभयो।

एमाले विपत् व्यवस्थापन तथा स्वयंसेवा विभागका प्रमुख खिमलाल भट्टराईले विभागले योजनाबद्ध र व्यवस्थित तरिकाले तीव्र गतिमा आफ्ना काम अघि बढाएको जानकारी गराउनुभयो। उहाँले विषय विज्ञहरूको साथ लिएर विपत् व्यवस्थापनमा नीतिगत र परिणाममुखी काम गर्न सक्रिय रहेको बताउनुभयो।

सो अवसरमा विपत्सम्बन्धी विभिन्न विषय विज्ञद्वारा पाँच वटा कार्यपत्र प्रस्तुत गरिएका थिए। जसमध्ये विपत् व्यवस्थापनमा सशस्त्र प्रहरी विषयमा सशस्त्र प्रहरी बलका एआइजी वंशीराज दाहाल, विपत्, पूर्वाधार र पूर्वसूचना प्रणाली विषयमा विपत् अध्ययन केन्द्रका निर्देशक डा. वसन्तराज अधिकारी, विपत् पूर्वतयारी एवं राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण विषयमा प्राधिकरणका निर्देशक अनिल पोखरेल, नेपालको भूकम्पीय जोखिम तथा न्यूनीकरण र व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरू विषयमा भूकम्प प्रविधि राष्ट्रिय समाजका कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठ र विपत् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको कार्य विभाजन विषयमा विषयविज्ञ दीनानाथ भण्डारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

## 'छुवाछूत कुप्रथा हो'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

नेपाल समाजवादी पार्टी (नेसपा) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले संवैधानिक व्यवस्था कार्यान्वयन नहुँदा दलित समुदाय आन्दोलनमा आउनुपरेको बताउनुभएको छ।

२५ दिनदेखि माइतीघर मण्डलामा सडक धर्नामा बसेका दलितका लागि दलित अभियानलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "संविधानमा भएको व्यवस्थालाई ऐन बनाएर कार्यान्वयन गरौँ, दलितलाई उच्च शिक्षासम्म निःशुल्क व्यवस्था छ, त्यो कार्यान्वयन गरिदिए भयो त। एक पटकका लागि जमिन उपलब्ध गराउने व्यवस्था छ तर कार्यान्वयन भएको छैन।"

दलितलाई १३ प्रतिशत समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "छुवाछूत वर्ण व्यवस्थाले सिर्जना गरेको कुप्रथा हो। यो दक्षिण एसियामा अझै विद्यमान छ।"

## हिमाल चढ्न ३६ जनाले पाए अनुमति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

यस वर्षको शरद ऋतुमा हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका छन्। पर्यटन विभागका अनुसार शनिबारसम्म तीन वटा हिमाल चढ्न आठ समूहका ३६ जना आरोहीले अनुमति लिएका हुन्।

विभागका पर्यटन तथा पर्वतारोहण शाखाका निर्देशक राकेश गुरुङले भन्नुभयो, "विश्वको आठौँ अग्लो हिमाल मनासलुसहित तीन हिमाल चढ्न ३६ जना आरोहीले अनुमति लिएका छन्। जसमध्ये मनासलु, अन्नपूर्ण चौथो र पुथा हिमाल आरोहणका लागि विभागले अनुमति दिएको हो।"

आरोहण अनुमति खुला गरिएको पछिल्लो एक सातामा सेभेन समिटबाट १५ जना, एट के एक्सपिडिसनबाट १५ जना र मकालु एड्भेन्चरबाट छ जनाले आरोहण अनुमति लिएको उहाँले जानकारी दिनुभयो। आरोहण अनुमति लिएका आरोही बेलायत, अमेरिका, भारत, जर्मनी, बेलारुस, सिङ्गापुर, दक्षिण कोरिया, फ्रान्स, स्विट्जरल्यान्ड र बेल्जियमका नागरिक छन्। वसन्त ऋतुमा हिउँ बढी जम्मा हुने भएकाले शरद ऋतुका लागि मनासलु आरोहण उपयुक्त मानिन्छ। मनासलु आरोहणका लागि गत वर्षको शरद ऋतुमा २६ आरोही समूहका ६५ महिलासहित ३०१ आरोहीले आरोहण अनुमति लिएका थिए।

मनासलु आरोहणलाई व्यवस्थित र सुरक्षित बनाउन पर्यटन विभाग र सरोकारवालाबिच अनौपचारिक छलफल जारी रहेको जानकारी दिँदै निर्देशक गुरुङले यो महिनाको अन्त्यसम्म मनासलुको चुचुरोसम्म बाटो बनाएर आरोहण सुरु गरिने जानकारी दिनुभयो। गत वर्ष भदौ ३१ गते मनासलुमा पहिलो आरोहण भएको थियो। हिउँदे सिजनलाई सगरमाथा आरोहण गर्न जानुअघि तयारी गर्ने समयका रूपमा लिइने भएकाले हिउँदे पर्वतारोहणतर्फ मनासलु, चो–ओयु, धवलागिरि, अन्नपूर्ण तेस्रो, आमादब्लमलगायतका हिमालमा बढी आकर्षण हुने गरेको छ। विभागले वर्षमा मार्च, अप्रिल, मेमा पर्ने वसन्त र सेप्टेम्बर, अक्टोबर र नोभेम्बरमा पर्ने शरद ऋतुमा हिमाल आरोहण खुलाउने गरेको छ।

## 'स्मार्ट' बनेन...

लुम्बिनीमा प्रदेश सरकारसँग योजना र बजेट नै छैन । उद्योग, पर्यटन तथा यातायात मन्त्रालय लुम्बिनी प्रदेश सचिव उमेश ढुगाङ्नाले भन्नुभयो, "स्मार्ट लाइसेन्स छाप्ने सवालमा लुम्बिनीमा केही तयारी भएको छैन। यो वर्षको बजेटमा पनि राखिएको रहेनछ। मन्त्रालयहरू र विभागबिचको समन्वयको पनि अभाव छ।" कर्णाली प्रदेशले अघिल्लो वर्षमा एक करोड रुपियाँ विनियोजन गरेको थियो तर खर्च भएन । यस पटक पनि एक करोड रुपियाँ विनियोजन गरेको छ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय कर्णाली प्रदेश सचिव विष्णु भण्डारीले पनि प्रविधि, जनशक्ति व्यवस्थापन र राष्ट्रिय परिचयपत्रमा समावेश गर्ने भन्ने कुराले झन् अन्योल रहेको भन्दै केन्द्र सरकार र विभागले स्पष्ट गर्नुपर्ने बताउनुभयो।

सुदूरपश्चिम प्रदेशले लाइसेन्सको काम गर्न गत वर्ष बजेट छुट्याउँदा पास हुन सकेन । बजेट विनियोजन नभए पनि व्यवस्थापन गर्न सकिने भौतिक पूर्वाधार विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश सचिव सुरत बमले बताउनुभयो।

### राष्ट्रिय परिचयपत्र जोड्ने पहल

सवारी चालक अनुमतिपत्रलाई राष्ट्रिय परिचयपत्रसँग जोड्ने पहल पनि सरकारले थालेको छ तर राष्ट्रिय परिचयपत्र पनि आफैँमा लाइसेन्स जस्तै समस्यामा छ। राष्ट्रिय परिचयपत्रको सबै प्रक्रिया पूरा गरेका धेरै सेवाग्राही कार्ड नपाएर हैरान छन्।

यस्तो भए पनि राष्ट्रिय परिचयपत्रमा सवारी चालक अनुमतिपत्र समावेश गर्न यातायात व्यवस्था विभाग र राष्ट्रिय परिचयपत्र पञ्जीकरण विभागले परीक्षण गरी काम अघि बढाएका चाहिँ छन् । अब लाइसेन्ससहितको परिचयपत्र बनाउन सकिने तर लाइसेन्सको चिप्स रिडर मेसिनगन ट्राफिक प्रहरीलाई उपलब्ध भएपछि कार्यान्वयन गरिने यातायात व्यवस्था विभागले जनाएको छ।

दुई विभागले एकआपसमा अनलाइन डाटा इन्टिग्रेसन गरिसकेका छन्। विभागका महानिर्देशक उद्धवप्रसाद रिजालका अनुसार लाइसेन्सको परीक्षामा पास भएको व्यक्तिको विवरण पञ्जीकरण विभागको अनलाइनमा अपलोड गरिन्छ । परिचयपत्र छापिँदा लाइसेन्सको विवरण पनि छापिएर आउँछ।

अनलाइनबाट लाइसेन्स चेकजाँच गरिने भएकाले वाहकले लाइसेन्स बोक्नु पर्दैन । राष्ट्रिय परिचयपत्र देखाउने वा परिचयपत्रको नम्बर भनेपछि ट्राफिक प्रहरीले कोड रिडरबाट लाइसेन्स हेर्न सक्छ। त्यसका लागि आवश्यक थप प्रविधि र दक्ष जनशक्ति जुटाउन समस्या छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक मुकेशकुमार केशरीले पञ्जीकरण विभागले यातायात व्यवस्था विभागको अनलाइन डाटा उनीहरूको सिस्टमबाट तान्ने र आफूहरूले समावेश गरिसकेपछि परिचयपत्रको क्युआर कोडबाट लाइसेन्स पनि रिड गर्ने प्राविधिक पक्ष रहेको बताउनुभयो। उहाँले परीक्षण गरिसकेको र कुनै समस्या नहुने दाबी गर्नुभयो।

### स्मार्टमा पनि नक्कली

यातायात कार्यालयबाटै नक्कली स्मार्ट लाइसेन्स बनाउने काम पनि भएका छन्। कार्यालयका कर्मचारीले नै नक्कली बनाएर दिन थालेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले मुद्दा दायर गरेको थियो। यातायात कार्यालय बुटवलका तत्कालीन प्रमुखसहित १५ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता छ। सिआइबीले तयार पारेको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिलले जिल्ला अदालत काठमाडौँमा लिखतसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको थियो।

तीन महिना अगाडि उनीहरूलाई सिआईबीले पक्राउ गरेर अनुसन्धान गरेको थियो। उक्त समूहले इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स (इडिएल) लागु हुनुभन्दा पहिला जारी भएका पेपरकार्ड लाइसेन्सलाई इडिएलमा रूपान्तरण गर्दा यातायात कार्यालयको ढड्डामा भएको अभिलेखविपरीत फर्जी लाइसेन्स जारी गरेका थिए। नयाँ लाइसेन्स बनाउन आउनेलाई नवीकरण गर्न आएको भन्दै सिस्टममा गलत डेटा इन्ट्री गरेर लाइसेन्स दिएको सिआइबीको अनुसन्धानबाट खुलेको थियो।

## 'सञ्चार...

नेपालले आफ्नै एनटिभी वर्ल्ड सञ्चालन गर्ने हो । देशको पर्यटन प्रवर्धन, नेपाली सांस्कृतिक विविधताको प्रवर्धन र गौरवका लागि यो जरुरी छ।"

उहाँले सङ्घीय गठबन्धनकै मर्मबमोजिम गण्डकीमा सरकार पुनर्गठन हुनुपर्ने धारणा राख्नुभयो। सङ्घमा एमाले, कांग्रेससहितको गठबन्धन बनेर नयाँ सरकार बनेको दुई महिना पुग्न लाग्दा पनि गण्डकी सरकार पुनर्गठन भएको छैन। गुरुङले यही वर्षभित्र सङ्घीय प्रहरी ऐन र सङ्घीय निजामती ऐन ल्याउन सरकारले पहल गरिरहेको बताउनुभयो । अहिलेको सत्ता गठबन्धन आगामी आमचुनावसम्म रहने दाबी गर्दै उहाँले तेस्रो पार्टीले बारम्बार पहिलो र दोस्रो पार्टीलाई आफूअनुकूल प्रयोग गरेपछि अहिलेको गठबन्धन बनेको बताउनुभयो । डिजिटल नेपालको अवधारणामा सरकार अघि बढ्ने योजना रहेकाले त्यसले सुशासन, समृद्धि र सरकारको प्रभावकारिता बढाउने उहाँको ठम्याइ छ । सेक्युरिटी प्रेस सञ्चालन गरी राहदानी, सवारीचालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र, अन्तःशुल्क स्टिकर आदि छपाइ गर्ने प्रयत्नमा सरकार रहेको पनि उहाँको भनाइ छ।

# पठन संस्कृति विकासका लागि राज्यले दायित्व लिनु पर्छ : मन्त्री भट्टराई

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले पुस्तकालयको संरक्षण, प्रवर्धन र पठन संस्कृति विकासका लागि राज्यले दायित्व लिनुपर्ने बताउनुभएको छ।

काठमाडौँमा शनिबार सत्रौँ पुस्तकालय दिवसका अवसरमा आयोजित कार्यक्रममा शिक्षामन्त्री भट्टराईले सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगसँगै पुस्तकालय क्षेत्रलाई पनि प्रविधिमैत्री बनाउँदै विद्युतीय पुस्तकालयमा रूपान्तरण गर्नेतर्फ पहल गर्ने प्रतिबद्धता जनाउनुभयो। नेपालमा पुस्तकालय सञ्चालन तथा व्यवस्थापनसम्बन्धी स्पष्ट नीति तथा कानुन अभाव रहेको उल्लेख गर्दै कानुन बनाउन आफूले सक्दो पहल गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री भट्टराईले भन्नुभयो, "पुस्तकालय विकासका लागि ऐन, नीति, नियम आवश्यक पर्छ। शिक्षा मन्त्रालयले २०६४ को पुस्तक नीति परिमार्जन गर्न प्रारम्भिक मस्यौदा तयार पारिसकेको छ।" अहिले पुस्तकालय पुस्तकमा मात्रै सीमित नरहेको भन्दै उहाँले विद्युतीय पुस्तकालय विकास गरी विश्व स्तरको पुस्तक अध्ययन गर्ने वातावरण निर्माण गर्न जरुरी रहेको बताउनुभयो। मन्त्री भट्टराईले कानुन र नीतिगत व्यवस्थापनपछि पुस्तकालयको स्रोत व्यवस्थापन गर्न सहज हुने धारणा राख्नुभयो।

कार्यक्रममा मीना डल्लाकोटीलाई उत्कृष्ट पुस्तकालयकर्मी र पुस्तकालय अभियन्ता मीना थापा गिरीलाई लाइफटाइम एचिभमेन्ट अवार्ड प्रदान गरिएको छ। यस्तै पर्वतको खानीगाउँमा २०१६ सालमा स्थापना भएको 'मोती सामुदायिक पुस्तकालय' फलेवासलाई मुलुकभरका सामुदायिक र निजी पुस्तकालयमध्येबाट उत्कृष्ट घोषणा गरिएको छ।

बानेश्वरस्थित रत्न पुस्तकालयलाई 'लक्ष्मीप्रसाद देवकोटा स्मृति' सम्मान प्रदान गरिएको छ। उक्त सम्मानको राशि ५० हजार रुपियाँ नगद रहेको छ। कार्यक्रममा शिक्षामन्त्री भट्टराईले उक्त सम्मान तथा पुरस्कार वितरण गर्नुभएको हो।

कार्यक्रममा मूल समारोह समितिका अध्यक्ष तथा मन्त्रालयका सचिव विश्वबाबु पुडासैनीले पुस्तकालयले विगतमा दिएको सेवा, वर्तमान अवस्था र भविष्यमा दिन सक्ने सेवा आकलन गर्दै भाबी पुस्ताले गर्व गर्न सक्ने पुस्तकालय निर्माणमा राज्यले काम गरिरहेको जानकारी दिनुभयो।

## 'शैक्षिक क्षेत्रलाई खत्तम पार्ने षड्यन्त्र'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले शैक्षिक क्षेत्रलाई खत्तम पार्ने माफियाको षड्यन्त्रप्रति गम्भीर बन्न सरकारलाई आग्रह गर्नुभएको छ।

काठमाडौँमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले शैक्षिक प्रणाली र शिक्षण संस्थामा सुधार ल्याउनुपर्ने बताउनुभयो।

विद्यार्थीले अध्ययन पूरा गरेपछि युवालाई रोजगारीको अवसर सिर्जना गर्ने कुरामा सरकार र सम्बद्ध सबै निकायले ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले नेपालको शैक्षिक व्यवस्थालाई खत्तम पार्ने षड्यन्त्रमा नेपालका शैक्षिक माफिया लागिरहेको दाबी गर्नुभयो।

## सरकारको...

कानुनको विवेकसम्मत कार्यान्वयन हुनु पर्छ। लोकतन्त्र, सरकार र सबैको जीवन पद्धति हुनु पर्छ । हामी परिपूर्ण लोकतन्त्रका पक्षमा छौँ।" नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भएको सहमतिमा आफू दृढ रहेको समेत सो अवसरमा प्रधानमन्त्री ओलीले बताउनुभयो। उहाँले भन्नुभयो, "म अब प्रधानमन्त्री बन्ने दिन एक वर्ष १० महिना १५ दिन छ। मलाई बढी खाऊँ भन्ने लोभ छैन। बरु समयमै हस्तान्तरण गरूँ जस्तो लाग्छ।"

प्रधानमन्त्री ओलीले आफ्नो न्यायिक कमाइबाहेक अरू सम्पत्तिमा लोभ नगर्ने, अनैतिक काम नगर्ने, जानी जानी झुटो नबोल्ने, अरूको अहित नगर्ने, भ्रष्टाचार नगर्ने र गर्न नदिने सङ्कल्प दोहोर्‍याउँदै देशको अर्थतन्त्र शिथिल भएका बेला अर्थतन्त्रलाई सुधार्दै गरिबीको दुष्चक्रबाट मुलुकलाई माथि उठाउन आफूहरू लागिरहेको जनाउनुभयो। प्रधानमन्त्री ओलीले भन्नुभयो, "यो निकै नै खतराको अवस्था हो। राजस्व बढ्नुभन्दा घट्नुले मुलुकको आर्थिक व्यवस्था राम्रो छैन भन्ने सङ्केत गरेको छ । वर्तमान सरकारले यो अव्यवस्थाको अन्त्य गर्ने छ।"

कार्यक्रममा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको शान्ति प्रक्रिया, राजनीतिक स्थिरता र विकासका लागि थापाले आफ्नो ज्यान जोखिममा राखेर महत्त्वपूर्ण पहल गर्दै आएको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, "प्रधानमन्त्री ओली र मलाई नजिक बनाउने काममा पनि थापाको भूमिका महत्त्वपूर्ण छ। मुलुकमा भएका अन्य राजनीतिक सहमतिमा पनि उहाँले योगदान पुर्‍याउनुभएको छ।" थापाको पुस्तक प्रधानमन्त्री ओली, सभापति देउवा र बालगुरु आदित्यनाथले संयुक्त रूपमा लोकार्पण गर्नुभएको थियो।



तस्बिर : सुजन गुरुङ

**भक्तपुरमा शनिबार पाँच दीपङ्कर बुद्धलाई नगर परिक्रमा गराई पञ्चदान पर्व मनाउँदै स्थानीय । प्रत्येक वर्ष भाद्र कृष्ण त्रयोदशी (पञ्चदान चह्रे) का दिन बौद्ध संस्कृति अनुसार पञ्चदान पर्व मनाइन्छ । पञ्चदान पर्वका दिन भक्तपुर नगरपालिका–९, सुर्यमढीमा पाँच वटा दीपङ्कर बुद्धलाई भेला गराई दिनभर नगर परिक्रमा गराइएको हो ।**

# साधारण खर्च घटाउन निर्देशन



**राममणि दाहाल**
*हेटौँडा, भदौ १५ गते*

बागमती प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिले बागमती प्रदेश सरकारलाई साधारण खर्च घटाउन, मितव्ययिता अपनाउन र प्रदेश सरकारको कार्यसम्पादन एवं सेवा प्रवाहमा सुशासन कायम गर्न निर्देशन दिएको छ।

समितिको यहाँ प्रदेश सभा सचिवालयमा बसेको बैठकले प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेट वक्तव्यमार्फत साधारण खर्च घटाउने र मितव्ययिता कायम गर्ने प्रतिबद्धता जनाए पनि सो अनुरूप कार्य नभएको जनाएको छ।

सुशासन र साधारण खर्चमा मितव्ययिता अपाउने प्रतिबद्धतासहित बनेको नेपाली कांग्रेस र नेकपा (एमाले)को गठबन्धनको सरकारले मन्त्रालयभन्दा बढी मन्त्री नियुक्ति र मन्त्रालय फुटाउने तयारी गर्दै गर्दा सार्वजनिक लेखा समितिले बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयलाई यस्तो निर्देशन दिएको हो। बैठकले प्रदेश गौरवका आयोजनाको अवस्था के छ भन्ने विषयमा हालसम्मको प्रगति विवरण प्रदेशका सम्बन्धित मन्त्रालयबाट माग गर्नेसमेत निर्णय गरेको छ।

सार्वजनिक लेखा समितिका सभापति श्रीराम लामिछानेले प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमार्फत साधारण खर्च घटाउने र मितव्ययिता कायम गर्ने प्रतिबद्धता जनाए पनि सो अनुरूप कार्य भएको नपाइएकाले साधारण खर्चमा मितव्ययिता अपनाउन र सुशासन कायम गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई निर्देशन दिने निर्णय बैठकबाट गरिएको जानकारी दिनुभयो।

साथै प्रदेश सरकारले पछिल्लो समयमा साधारण खर्च घटाउने र मितव्ययिता कायम गर्ने सम्बन्धमा भए गरेका निर्णय एवं कार्यको जानकारी उपलब्ध गराउन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग माग गरिने भएको छ। यस्तै प्रदेश सरकारको समेतको लगानीमा विभिन्न जिल्लामा शीतभण्डार निर्माणमा भएको चरम बेथितिका बारेमा लेखा समितिले महालेखा परीक्षकको प्रतिवेदनले औँल्याएको विषयमा र शीतभण्डार निर्माणका सम्झौता प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग माग गर्ने भएको छ।

शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि साथै सोसम्बन्धी बनेका नियम एवं कार्यविधिहरू र धादिङको बेनीघाट रोराङमा निर्माण भएको शीतभण्डारलाई साझेदार संस्थाबाट ३० प्रतिशत बेहोर्नुपर्ने रकम प्रदेश सरकारले नै बेहोर्ने गरी भएको निर्णयको प्रतिसमेत कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट माग गर्ने निर्णय सार्वजनिक लेखा समितिले गरेको छ।

### तीन उपसमिति गठन

लेखा समितिमा महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमाथि छलफल सुरु भएको छ। महालेखा परीक्षकको कार्यालयको बागमती प्रदेशको चौथो र पाँचौँ प्रतिवेदनले प्रदेश मन्त्रालय, निकाय, आयोग, प्रदेश सभा सचिवालयलगायतको बेरुजुलगायत औँल्याएका बेथितिहरूको विषयमा छलफल गरेको हो। महालेखा परीक्षकको चौथो र पाँचौँ प्रतिवेदनमाथि समीक्षा गर्दै प्रतिवेदनले प्रदेशका मन्त्रालय र निकायका बारेमा औँल्याइएका विषयमा राय र ठहरसहितको प्रतिवेदन पेस गर्न बैठकले तीन वटा उपसमिति गठन गरेको सभापति लामिछानेले बताउनुभयो।

समितिको बैठकमा प्रदेश सरकारका प्रमुख सचिव, मन्त्रालयका सचिव, आयोगका सचिव, महालेखा परीक्षकको कार्यालयका प्रतिनिधिलगायतका उपस्थिति थियो। बैठकमा प्रदेशका प्रमुख सचिव गोविन्दबहादुर कार्कीले प्रदेशका सचिवहरूलाई महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले औँल्याएका बेरुजुलगायतका विषयमा बेरुजु फर्स्यौटसहितका आवश्यक कारबाही अगाडि बढाउन निर्देशन दिनुभएको थियो।

# फोहोर फाल्ने खोला सौन्दर्य स्थल



फोहोर फालेर गनाउने पुङ्गी खोला वरपर संरक्षणसहित बनेको सुन्दर पार्क।

**शालिग्राम नेपाल**
*चितवन, भदौ १५ गते*

चितवनको नारायणगढ बजार भएर बग्ने पुङ्गी खोलाको जग्गा संरक्षण गरी सौन्दर्यीकरण गर्ने कार्य सुरु भएको छ। कुनै समय यो खोला नारायणगढ बजारसहित वरपरबाट पौडी खेल्न आउनेको स्थल थियो तर केही वर्षदेखि फोहोर गरेर ढल मिसाउन थालेपछि यसको संरक्षणसँगै सौन्दर्यीकरण गर्न थालिएको हो। भरतपुर महानगरपालिकाले यो खोलाको सीमाङ्कन, संरक्षण र सौन्दर्यीकरण अभियान एकै पटक सुरु गरिएको महानगर प्रमुख रेनु दाहालले जानकारी दिनुभयो।

खोलाको सीमाङ्कनको काम जारी भइरहँदा खोलाको अन्तिम विन्दु रामघाट क्षेत्रबाट सौन्दर्यीकरणको काम पनि अगाडि बढाइएको छ। महानगरपालिकाको वडा नं. ३ र ४ को सिमानामा पर्ने नारायणी र पुङ्गी खोलाको दोभानबाट सौन्दर्यीकरण अभियानको सुरुवात भइसकेको महानगर प्रमुख दाहालले बताउनुभयो। महानगरको गौरवको योजनामा समावेश भएको यस खोला सीमाङ्कन, संरक्षण र सौन्दर्यीकरणको पहिलो चरण अन्तर्गत दुवैतर्फ ३५५/३५५ मिटर क्षेत्रमा सौन्दर्यीकरण गरिएको छ। वृक्षरोपण, फुटरेल, रिटेनिङ वाल, रेलिङसहितको मर्निङ र इभिनिङ वाक गर्न मिल्ने गरी संरचना पूरा भएको छ।

अहिले यस क्षेत्रमा टहलिन, आराम गर्न आउनेको सङ्ख्या वृद्धि भएको वडा नं. ३ का वडाध्यक्ष विकास थापाले जानकारी दिनुभयो। गुरुयोजना अनुसार खोला किनारमा पर्यटकले चिया, खाजा खाने स्टेसन, विश्रामस्थल र खुला व्यायामशाला रहेका छन्।

१५ करोड रुपियाँको बजेटमा थालिएको कामको केही भाग सकिएको छ। अन्य क्षेत्रमा काम अगाडि बढाउने तयारी भएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो। भरतपुर महानगरपालिका र सङ्घीय सरकारको बजेटमा थालिएको सौन्दर्यीकरणको पहिलो चरणको काम ११ महिनामाभित्र गरिसक्ने निर्माण कम्पनीसँग सम्झौता भएको छ। भरतपुरलाई सुन्दर सहर बनाउने उद्देश्य अनुरूप दुई खोला पुङ्गी र केरुङ्गालाई हरियालीसहितको सौन्दर्यीकरण गर्न लागिएको भरतपुर महानगरपालिकाकी प्रमुख दाहालले जानकारी दिनुभयो।

अहिले निर्माण सम्पन्न भएको ३५५ मिटर क्षेत्रमा खोलालाई दायाँबायाँ पर्खाल लगाएर संरक्षण गरिएको छ। खोलाको सीमा निर्धारण गरेर टायल बिछ्याउने, दुबो रोप्ने, बोटबिरुवा हुर्काउने र विश्रामस्थल निर्माण गरिएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो। यो खोलाको लम्बाइ छ किलोमिटर ६४ मिटर रहेको छ। खोलामा अहिले फोहोर फाल्न पूर्ण रूपमा निषेध गरिएको छ।

### कतिपयको घर खोलामा

महानगरपालिकाले वडाध्यक्ष थापाको नेतृत्वमा गठन गरेको पुङ्गी खोला संरक्षण समितिले रामघाट क्षेत्रदेखि गणेशथान क्षेत्रसम्मको सीमाङ्कनको काम सकेको छ। खोलाको सीमाङ्कन गर्न महानगरले २०२७ सालमा नापी भएको नक्सालाई आधार मानेको छ। वडाध्यक्ष थापाले दुई/तीन ठाउँमा केही विवाद रहेको र त्यसलाई समाधान गर्ने समझदारी अनुसार सीमाङ्कनको काम सकिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "केही ठाउँमा खोला नै देखिँदैन, कतै व्यक्तिको जग्गामा परेको देखिन्छ, यी ठाउँमा सहमतिमा सीमाङ्कन गर्ने सहमति भएको छ, वडा नं. ३ मा समस्या छैन, वडा नं. २ का केही घरधनीबाहिर भएकाले उनीहरू फर्किएपछि सहमति गर्ने भन्ने छ," थापाले भन्नुभयो, "मुख्य विवाद समाधान भएका छन्, अब सौन्दर्यीकरणको थप काम गर्न कुनै समस्या हुँदैन।"

सीमाङ्कनका क्रममा झन्डै तीन दर्जनभन्दा बढी घर खोलाकै जग्गा मिचेर बनाएको पाइएको छ। कुनै कुनै घर त पछि भत्काउँदा आधा हुने अवस्था छ, आधा घर नै खोलाको जग्गामा परेको छ।

क्षेत्रपुर क्षेत्रमा धेरै व्यक्तिले पुङ्गी खोला मिचेर संरचनाहरू बनाएको पाइएको छ। कुनै व्यक्तिका आधा जग्गा खोला वारि, आधा जग्गा खोला पारिसमेत रहेको पाइएको छ तर यस पटक महानगरपालिका पुङ्गी खोला संरक्षणका लागि जस्तोसुकै परिस्थितिमा पनि दृढ भएर लाग्ने सङ्कल्प बोकेको महानगरपालिकाका प्रमुख दाहालले बताउनुभयो।

# अतिक्रमण गरी बनाइएका टहरा भत्काइयो



**दोलखा समाचारदाता**
*दोलखा, भदौ १५ गते*

प्रसिद्ध कालिञ्चोक भगवती मन्दिरआसपास अतिक्रमण गरी काठ तथा फलामबाट बनाइएका एक दर्जनभन्दा बढी टहरा भत्काइएको छ। डिभिजन वन कार्यालय, कालिञ्चोक गाउँपालिकालगायत सरकारी कार्यालयका प्रतिनिधि तथा सुरक्षाकर्मीको संयुक्त टोलीले कालिञ्चोक मन्दिरआसपास बुकुनेडाँडादेखि कालिञ्चोक दर्शन लि. नजिक बनेका ती टहरा भत्काएको डिभिजन वन कार्यालयका वन अधिकृत कृष्णराज न्यौपानेले जानकारी दिनुभयो।

उहाँका अनुसार काठले बनेका आठ वटा, फलामे तीन वटा र शौचालय एक भत्काइएको छ। बाँकी रहेका तीन वटा फलामले टहरा शनिबारसम्म धनी आफैँले भत्काउने सहमति भएको छ। सहमति अनुसार फलामे टहरा शनिबारसम्म नभत्काएमा फेरि सरकारी टोलीले भत्काउने तय भएको छ।

यसअघि मन्दिरनजिकै टुटन भन्ने स्थानमा बनेका हटाइएका छ वटा टहरा यहाँ सरेका थिए। वन अधिकृत न्यौपानेले भन्नुभयो, "पवित्र तथा स्वच्छ वस्तु बिक्रीवितरण गर्न स्थानको खोजी भइरहेको छ। खाजा तथा खानपानका लागि कुरी बजारमै व्यवस्थापन हुनुपर्ने र सबैको समन्वयमा व्यवस्थापन गरिने सहमति भएको छ।"

यसअघि सरकारी निकायले त्यस क्षेत्रमा बनेका अवैध टहरा हटाउन २० दिने सूचना जारी गरेको थियो। सूचनाको अवज्ञा गरेकाले टोलीले हटाउनु परेको हो। कुरी बजार व्यवस्थित गरिने जनाइएको छ।

# दिवा खाजाले सिकाइ प्रभावकारी

**सिन्धुपाल्चोक समाचारदाता**
*सिन्धुपाल्चोक, भदौ १५ गते*

हेलम्बु गाउँपालिकाले कक्षा १२ सम्म दिवा खाजा खुवाउन थालेपछि त्यहाँको शैक्षिक क्रियाकलापमा प्रभावकारिता आएको छ। सरकारले कक्षा ६ सम्म दिवा खाजा खुवाउँछ तर उक्त गापाले १२ कक्षासम्म दिवा खाजा खुवाउन थालेको छ। हेलम्बुका ३४ वटा सामुदायिक विद्यालयका चार हजार चार सय छात्रछात्रालाई पालिकाले आफ्नै स्रोतबाट दिवा खाजा खुवाउन थालेको हो।

त्यसका लागि सो गापाले ५० लाख रुपियाँ वार्षिक रूपमा छुटाएको गाउँपालिका अध्यक्ष निमाग्याल्जेन शेर्पाले जानकारी दिनुभयो। उहाँका अनुसार पालिकाले अपुग रकम स्रोत मिलान गरेर पूर्ति गर्ने छ। विद्यार्थीका साथै सबै शिक्षकलाई पनि दैनिक २५ रुपियाँ बराबरको खाजा खुवाउँदै आएको छ। पालिकाभरका सबै सामुदायिक विद्यालयमा विद्यार्थीले अर्गानिक तरकारी खेती गरेका छन्। त्यस खेतीबाट फल्ने काउली, बन्दा, प्याज, मकै, गाँजरलगायतका तरकारी दिवा खाजामा प्रयोग गरिन्छ।

दिवा खाजाले शैक्षिक प्रभावकारिता बढ्नुका साथै विद्यार्थी विद्यालयमा नियमित उपस्थित हुन थालेका छन्। बिचमै कक्षा छाड्ने दर शून्यमा झरेको छ। विशेष गरी तामाङ, ह्लोल्मो, शेर्पा, दलित समुदायका बालबालिका विद्यालयमा नियमित सहभागी हुन थालेका छन्।

दिवा खाजाले विद्यार्थीमा पढाइप्रति सकारात्मक सहयोग गरेको पालिका अध्यक्ष शेर्पाले बताउनुभयो। उहाँका अनुसार अहिले उक्त पालिकाको ३४ वटै सामुदायिक विद्यालयका अस्थायी, राहत शिक्षकको पेसागत सुरक्षा व्यवस्था मिलाइएको छ।

# दुई हप्तामा एघार जना पक्राउ

**रामेछाप समाचारदाता**
*रामेछाप, भदौ १५ गते*

रामेछापमा दुई हप्ताको अवधिमा विभिन्न चोरीका घटनामा संलग्न झन्डै दुई दर्जन मानिस पक्राउ परेका छन्। सदरमुकाम मन्थलीलगायत जिल्लाका विभिन्न ठाउँमा चोरीका घटनामा संलग्न रहेको आरोपमा ११ जनालाई प्रहरीले पक्राउ गरेको हो।

यसरी पक्राउ परेका व्यक्तिहरूमध्ये कतिलाई चोरीका सामानसहित र कतिलाई संलग्न भएको आशङ्कामा प्रहरीले नियन्त्रणमा लिएको छ। पछिल्लो समय जिल्लाका विभिन्न स्थानमा घर फोरेर भाँडाकुँडा, गरगहना, नगद चोर्ने, खोरमा बाँधेको खसी चोर्ने, विद्युत् चार्जिङ स्टेसनबाट सामग्री चोर्नेदेखि कानमा लगाएको सुनसमेत लुट्ने जस्ता घटना भएका छन्।

मोटरसाइकलसमेत चोरी भएको केही दिनपछि मन्थलीका विभिन्न स्थानमा पार्किङ गरी राखिएको मोटरसाइकलको नट बोल्ट चोरीका घटना भए। हराएको मोटरसाइकल अहिलेसम्म फेला परेको छैन। नट बोल्ट चोरीमा प्रहरीकै संलग्नता भएको पाइएपछि विभागीय कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ। घर फोरेर भाँडाकुँडा, नगद, मोबाइल, गरगहना चोरीका घटनामा संलग्न तथा खसी चोर्ने र चोरी गरेको सामग्री खरिद गर्नेसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक प्रदीपकुमार सिंहले बताउनुभयो। यसरी पक्राउ पर्नेहरू सदरमुकाम मन्थलीलगायत मन्थली नगरपालिकाको विभिन्न वडामा चोरीका घटनामा संलग्नहरू हुन्। सिंहका अनुसार यसरी पक्राउ पर्नेमा भारतीय नागरिकसमेत छन्।

पक्राउ परेकामाथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी प्रहरी निरीक्षक कौशल न्यौपानेले जानकारी दिनुभयो। चोरीका घटना बढेपछि रामेछापमा प्रहरीले निगरानी बढाएको छ।

# विस्तारित सेवा सञ्चालन हुँदै

**हेटौँडा समाचारदाता**
*हेटौँडा, भदौ १५ गते*

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौँडा अस्पतालमा विस्तारित बहिरङ्ग सेवा (इएमएस) सञ्चालन हुने भएको छ। हेटौँडा अस्पतालले शुक्रबार पत्रकार सम्मेलन गरी सेवामा सुधार ल्याउन थप सेवाका रूपमा विस्तारित बहिरङ्ग सेवा आइतबारदेखि सञ्चालनमा ल्याउन लागेको जनाएको छ।

दिउँसो ४ बजेदेखि बेलुकाको ६ बजेसम्म सञ्चालन हुने विस्तारित सेवा अन्तर्गत जनरल मेडिसिन, स्त्री तथा प्रसूति, बालरोग, नसा तथा हाडजोर्नी, जनरल सर्जरी, मानसिक रोग र भिडियो एक्सरेको ओपिडी सेवा प्रदान गर्ने अस्पतालका निर्देशक धीरेन्द्र गिरीले बताउनुभयो।

विस्तारित सेवामा विशेषज्ञ चिकित्सकबाट मात्र सेवा प्रदान गर्ने गरी सेवाग्राहीले डाक्टर छनोट गरेर सेवा लिन सक्ने व्यवस्था मिलाइएको छ। आगामी दिनमा अस्पतालले बहिरङ्ग सेवामा ओपिडीसँगै सर्जिकल सेवा प्रदान गर्ने जनाएको छ।


Government of Nepal (G0N)
Nepal Agricultural Research Council
**National Cattle Research Program**
Rampur, Chitwan

**Invitation for Electronic Bids for the Supply and Delivery of Cattle Feed (Pellet) at NCRP, Rampur**

IFB No.: **NCRP/NCB/Goods/01-081/82**
Contract Identification No: **NCRP/NCB/Goods/01-081/82**
Date of publication: **September 1, 2024**

1. The **National Cattle Research Program, Rampur, Chitwan** invites electronic bids from eligible bidders for the procurement of **Supply and Delivery of Cattle Feed (Pellet) at NCRP, Rampur** under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations. Bidding is open to all eligible Bidders.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **National Cattle Research Program, Rampur, Chitwan**, telephone numbers **056-591255** and email address **ncrp@narc.gov.np** or may visit PPMO egp system **www.bolpatra.gov.np/egp**.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document Nrs 3000/- in the following bank.
   **Bank Information for Bid Document:**
   Bank Name: **Nepal Bank Limited, Rampur, Chitwan**
   Account No: **08500101200532000001**
   Name of office: Rastriya Gai Anusandhan Karyakram, **Rampur, Chitwan**
4. Pre-bid meeting shall be held at **National Cattle Research Program, Rampur, Chitwan** at **14:00 Hrs** on **16th September 2024**.
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of **National Cattle Research Programme, Rampur, Chitwan** on or before **12:00 Hrs on 1st October, 2024.**
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at **14:00 Hrs** on **1st October 2024** at the office of **National Cattle Research Program, Rampur, Chitwan**. Bids must be valid for a period of 90 Days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **Rs 2,10,000/- (Two Lakhs ten thousand Only),** which shall be valid for minimum 30 days beyond the bid validity period [i.e. 120 Days].
7. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: **1310100102030000** Name of the Bank: **Rastriya Banijya Bank, Bharatpur, Chitwan** Name of Office: **Kosh tatha Lekha Niyantrak Karyalaya, Chitwan** Office Code no. **: 312413103** and submit the receipt of the deposited amount of cash along with the bid.
8. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.



**Invitation for Bids**
Government of Nepal (GoN)
**Nepal Agricultural Research Council**
**National Goat Research Program, Bandipur, Tanahun**

**Invitation for Electronic Bids for the Supply of Goat Feed (Pellet) at NGRP, Bnadipur**

Date of publication : **September 01, 2024**

The **National Goat Research Program, Bandipur, Tanahun** invites electronic bids from eligible bidders for the Supply of Goat Feed (Pellet) given table below. Bidders may obtain further information at the office *of* **National Goat Research Program, Bandipur, Tanahun**, *telephone numbers* ***9867692420*** *and e*mail address **ngrpbandipur@gmail.com** or may visit PPMO egp system **www.bolpatra.gov.np/egp**.

| Contract No. | Contract Name | Last Date and time of bid submission | Bid opening date and time | Bid security (Rs.) | Bid document fee (Rs.) |
|---|---|---|---|---|---|
| NGRP/NCB/ Ration/01-2081/82 | Supply of Goat Feed (Pellet) | 01st Oct., 2024 till 12:00 Hrs. | 01st Oct., 2024 14:00 Hrs. | 1,50,000/- | 3,000/- |

Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the bank **Nepal Bank Limited, Dumre** Account No: **10300107322787000001** Name of office: **Rastriya Bakhra Anusandhan Karyakram Bandipur, Tanahun.**




**Nagarjun Municipality**
**Office of Municipal Executive**
**Harisiddhi, Sitapaila**
**Notice of Intention to Award Contract**
**(Date of Publication: 2081/05/16)**

In reference to the notice published on the National daily dated 14th April 2024; pursuant to public procurement act clause 27 (2&3), it is hereby notified to all the concerned bidders that it is our intention to award the contract as mentioned below.

| Contract ID / Name of Works | Lowest Evaluated Substantially Responsive Bidder | Amount (Inclusive VAT and PS) |
|---|---|---|
| **Nagarjun/NCB/W/41/2080-81 Ganeshman Park Nirmaan Ward No-6** | Vision-Doleshor JV Anamnagar-10, Kathmandu | NRs.6,31,98,880.01( Six Crore Thirty One Lakhs Ninety Eight Thousand Eight Hundred Eighty Rupees and One Paisa only.) |
| **Nagarjun/NCB/W/42/2080-81 Ward No-5 ko Bivinna Sadak Staronnati tatha Culvert Nirmaan** | Dolakha Bhimeshwore Construction Nagarjun-1, Kathmandu | NRs.1,34,64,931.98 (One Crore Thirty Four Lakhs Sixty Four Thousand Nine Hundred Thirty One Rupees and Ninety Eight Paisa only.) |
| **Nagarjun/NCB/W/48/2080-81 Ward No-8 Antargatka Sadak tatha Culvert Nirmaan** | Dolakha Bhimeshwore Construction Nagarjun-1, Kathmandu | NRs.1,32,86,026.59 (One Crore Thirty Two Lakhs Eighty Six Thousand Twenty Six Rupees and Fifty Nine Paisa only) |

**Chief Administrative Officer**



'जसले सिक्दछ, सिक्दछ तर केही गर्दैन भने
उसले जोत्दछ, जोत्दछ तर केही रोप्दैन ।'
– प्लेटो

## सम्पादकीय

# हरित ऊर्जामा सफलता

**विश्वमा हुँदै आएको खनिजजन्य इन्धनको अधिक प्रयोगले उत्पन्न वातावरणीय प्रदूषण कम गर्नेतर्फ अन्तर्राष्ट्रिय मञ्चमा घनीभूत बहस हुँदै आएको छ । विश्वव्यापी तापमान वृद्धि न्यूनीकरणमा भइरहेका अन्तर्राष्ट्रिय पहल तथा कार्बन उत्सर्जन कटौतीप्रतिको प्रतिबद्धता अनुरूप केही वर्षयता वैकल्पिक ऊर्जाको खोजीलाई व्यापक बनाइएको हो । विद्युतीय ऊर्जा, सौर्य ऊर्जा हुँदै थप हरित ऊर्जाको रूपमा अब हाइड्रोजतर्फ विश्वको ध्यान गएको छ । हरित हाइड्रोजनबाट सवारीसाधन चलाउन थालिएका समाचार अपत्यारिलो लाग्दथ्यो । अब भने नेपालमै हरित हाइड्रोजन इन्धन प्रयोग गरेर गाडी गुडाउन सफलता मिलेको छ । काठमाडौँ विश्वविद्यालय (केयु) ले देशभित्रै उत्पादित हरित हाइड्रोजनद्वारा पहिलो पटक सवारीसाधन परीक्षणका रूपमा सञ्चालनमा ल्याएको एक वर्ष पुग्नै लागेको छ । प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीलाई शुक्रबार विश्वविद्यालयको २९ औँ दीक्षान्त समारोहमा जानु हुँदा परीक्षणका रूपमा भित्र्याइएको सोही गाडीमा राखेर विश्वविद्यालय परिसर घुमाइएपछि पुनः हरित हाइड्रोजन इन्धनको चर्चा प्रारम्भ भएको छ ।**

**प्रधानमन्त्री ओलीले समारोहलाई सम्बोधन गर्ने क्रममा हरित हाइड्रोजन उत्पादनको क्षेत्रमा केयुले सुरु गरेको अनुसन्धान नेपालका लागि ऐतिहासिक सुरुवात भएको बताउनुभयो । उहाँले विश्वविद्यालयले भित्र्याएको हाइड्रोजन कार चढेर 'हाइड्रोजन रिफ्युलिङ सेन्टर' को उद्घाटनसमेत गर्नुभयो । उहाँले आफू अघिल्लो पटक प्रधानमन्त्री भएको समयमा हरित हाइड्रोजनसम्बन्धी अध्ययन गर्न अनुरोध गरे अनुरूप विश्वविद्यालयले अनुसन्धान गरेर सफलता प्राप्त गरेकामा खुसी व्यक्त गर्नुभएको हो । मुलुकको शैक्षिक क्षेत्रमा गुणस्तरीय योगदान पुऱ्याइरहेको केयुले काभ्रेको धुलिखेलस्थित आफ्नै परिसरमा 'हाइड्रोजन रिफ्युलिङ स्टेसन' निर्माण गरेर हाइड्रोजन इन्जिनयुक्त कार परीक्षणका रूपमा प्रयोगमा ल्याएको छ । केयुले दक्षिण कोरियाको हुन्डाइ कम्पनीद्वारा निर्मित हाइड्रोजनले चल्ने कार गत वर्ष नै ल्याएको हो ।**


**हरित हाइड्रोजनबारे अध्ययन तथा परीक्षण कार्य गरिरहेको केयुको ग्रिन हाइड्रोजन ल्याबका प्रमुख सहप्राध्यापक डा. विराजसिंह थापाको नेतृत्वको इन्जिनियरिङ टोलीको लामो समयदेखिको परिश्रमले सफलता प्राप्त गरेको हो । यस कार्यका लागि नेपाल आयल निगमले केयुलाई महत्त्वपूर्ण आर्थिक सहयोग गरेको विदित हुन्छ । केयुले हाल परीक्षणका रूपमा स्थापना गरेको रिफ्युलिङ स्टेसनमा सफलता प्राप्त गरेपछि ठुलो सङ्ख्यामा हाइड्रोजन इन्धनयुक्त गाडीलाई रिफ्युलिङ गर्न 'हाइड्रोजन रिफ्युलिङ सेन्टर' स्थापना गर्ने गरी 'पाइलट प्रोजेक्ट' तयार गर्ने जनाएको छ । हाल दैनिक दुई किलो हाइड्रोजन उत्पादन गरिएको र यसबाट एउटा कारलाई दुई सय किलोमिटर गुड्न इन्धन पुग्ने अनुसन्धानमा संलग्न इन्जिनियरिङ टोलीको भनाइ छ । हाइड्रोजन उत्पादन गर्नेदेखि भण्डारण र गाडीमा भर्नेसम्मको सबै प्रणाली निर्माण तथा सञ्चालन सम्पन्न भइसकेको छ । विश्वमा प्रचलित हरित हाइड्रोजन उत्पादनदेखि खपतसम्मका प्रविधिको जडानमा नेपाली प्राविधिकलाई मिलेको यो सफलता लामो समयदेखिको अनुसन्धानको मूर्तरूप हो । अब यो हरित ऊर्जाको दक्षतालाई व्यावसायिक प्रयोजनमा ल्याउनेतर्फ राज्य, निजी क्षेत्र तथा सरोकारवाला निकायको ध्यान केन्द्रित हुन आवश्यक देखिन्छ ।**

**छिमेकी मुलुक चीन र भारतले वैकल्पिक ऊर्जाको रूपमा हरित हाइड्रोजनको उत्पादन तथा प्रयोगका लागि राष्ट्रिय नीति निर्माण गरेर अघि बढिरहेको सन्दर्भमा नेपाल सरकारले पनि केही समयअघि 'ग्रिन हाइड्रोजन नीति–२०८०' जारी गरेर यसतर्फको सम्भावनाको ढोका खोल्ने काम गरेको छ । नेपालको संविधानमा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकको आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने राज्यको नीति अनुरूप सरकारले उक्त नीति पारित गरेर नवीकरणीय ऊर्जाको अध्ययन, अनुसन्धान र विकासका लागि बाटो खोल्ने काम गरेको हो ।**

**हाइड्रोजनको उत्पादनबारे विस्तृत अध्ययन भइनसकेको भए पनि सरोकारवाला र सम्बन्धित क्षेत्रका विज्ञले यसको प्रशस्त सम्भावना औँल्याउँदै विभिन्न समयमा अध्ययन प्रतिवेदनहरू तयार पारेर ध्यानाकर्षण गराउँदै आएका छन् । विश्वमा अहिलेसम्मको सबैभन्दा कान्छो इन्धन हरित हाइड्रोजन रासायनिक मल उत्पादनका लागि पनि प्रयोग हुने भएकोले यसतर्फको परनिर्भरता अन्त्य गर्न जतिसक्दो छिटो सरकारी स्तरबाटै अग्रसरता देखाउन आवश्यक छ । हरित हाइड्रोजन औद्योगिक क्षेत्र तथा सवारीसाधनमा प्रयोग हुने भएकाले सरकारद्वारा जारी नीतिको सफल कार्यान्वयनका लागि संस्थागत संरचना खडा गर्न कत्ति पनि ढिलाइ गर्न नहुने देखिएको छ । मुलुकको प्रधानमन्त्री स्वयम्ले आफ्नै सुझाव अनुसार केयुले अध्ययन अनुसन्धान गरेर सफलता प्राप्त गरेको बताउनु भएर अनुसन्धानमा संलग्न टोलीलाई हौसला प्रदान गर्नुभएको छ । प्राप्त सफलतालाई व्यावहारिक र व्यावसायिक बनाउनेतर्फ सरकारको ध्यान जान वाञ्छनीय छ ।**

## १०० वर्ष अधिको गोर्खापत्र

१९७० साल भाद्र ३ गते सोमबार



प्रार्थना.
हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत-गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा,- "अबदेखी भारत-सर्कारले धनी जिम्दार र व्यापारी हरूलाई राजा-महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि बैङ्कटेश्वर लेखतछ.

### प्रार्थना.

हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत–गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा "अबदेखी भारतसर्कारले धनी जिम्दार र व्यापारीहरूलाई राजा–महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि बैङ्कटेश्वर लेखतछ.

## चिन्तन

**प्रकृते क्रियमाणानि गुणैः
कर्माणि सर्वशः ।
अहङ्कारविमूढात्मा
कर्ताहमिति मन्यते ॥**

वास्तवमा सबै कर्म प्रकृतिकै गुणद्वारा गरिन्छन्, तैपनि जसको अन्तःकरण अहङ्कारले मोहित हुन्छ, यस्तो अज्ञानी 'म नै कर्ता हुँ' भन्ने ठान्छ ।

**– श्रीमद्भगवद्गीता**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# अर्थव्यवस्थाको स्पष्ट कार्यदिशा



आशिष भुर्तेल




यति बेला मुलुकमा संविधान सभाबाट संविधान निर्माण गर्दा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध भएका दुई फरक धारका दुई ठुला राजनीतिक दल सम्मिलित झन्डै दुई तिहाइको बलियो गठबन्धन सरकारले शासनको बागडोर सम्हालिरहेको छ । फरक राजनीतिक सिद्धान्तबाट निर्देशित दलबिचको यो अप्रत्याशित गठबन्धन कति लामो जाने हो, त्यो भने भविष्यकै गर्भमा छ । यो गठबन्धन कति प्राकृतिक र उचित हो भन्ने विषय राजनीतिक बहसको बेग्लै पाटो हुन सक्छ । यद्यपि यी दुई राजनीतिक ध्रुवले जन्माएको 'समाजवाद उन्मुख' अर्थ व्यवस्थाको अवधारणा नेपाली सन्दर्भमा कस्तो हुने हो भन्ने प्रश्नमाथि बहस भने हुन जरुरी छ । यसै सन्दर्भलाई लिएर संविधान जारी गर्न सहमत भएका दुई फरक धारका दलले सहमति जनाएको समाजवादप्रतिको दृष्टिकोण के हो ? कस्तो स्वरूपको अर्थ व्यवस्थालाई समाजवाद उन्मुख अर्थतन्त्रको रूपमा चित्रण गर्न खोजिएको हो ? समाजवाद उन्मुख अर्थ राजनीतिक लक्ष्य हासिल गर्ने सम्भावना के छ त ?

संविधान सभाबाट नेपालको संविधान जारी गर्ने सन्दर्भमा दलहरू बिच प्रजातान्त्रिक समाजवाद र मार्क्सवादी समाजवादको मिलन विन्दुका रूपमा 'समाजवाद उन्मुख' शब्दावलीको चयन भएको देखिन्छ । समाजवाद के हो भनेर मापन गर्ने कुनै सर्वस्वीकार्य मापदण्ड र परिभाषा छैन । कम्युनिस्टहरूले वकालत गर्ने राज्य नियन्त्रित शासकीय प्रणालीमा आधारित समाजवाद र प्रजातान्त्रिक पक्षधरले भन्ने गरेको आधारभूत मानवीय मूल्यसहितको समानतामा आधारित प्रजातान्त्रिक समाजवादको समिश्रण नै नेपालको संविधानले अवलम्बन गरेको समाजवादको परिभाषा हो । नेपालले अवलम्बन गरेको मिश्रित अर्थ व्यवस्था नै 'समाजवाद उन्मुख' शब्दावलीको अर्थको रूपमा अधिक स्वीकार गरेको पाइन्छ । यो कुरालाई संविधानको धारा ५१ (घ) मा उल्लेख गरिएको सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीतिगत व्यवस्थाले स्पष्ट पार्छ ।

अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिने नीतिगत व्यवस्था तथा आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्यले पनि समाजवाद उन्मुख अर्थ राजनीतिको परिभाषालाई वस्तुगत रूपमा मिश्रित अर्थ व्यवस्थाकै स्वरूप ठानेको देखिन्छ ।

सन् १९३० ताका विश्वव्यापी आर्थिक मन्दीबाट उम्कन विभिन्न राज्यले समाजवादी राष्ट्र रुसले विकास गरेको आवधिक योजनाको अवधारणा अवलम्बन गरे । जुन अवधारणा वर्तमान विश्वका प्रायः सबै मुलुकले अवलम्बन गरेका छन् । यसले पुँजीवादी अर्थव्यवस्थामा समाजवादी चरित्रको मिसावट भयो । परिणामतः मिश्रित अर्थव्यवस्थाको अवधराणाले मूर्तरूप पायो । नेपालको वर्तमान संविधानमा प्रयुक्त 'समाजवाद उन्मुख' शब्दावलीले पनि समष्टिमा मिश्रित अर्थ व्यवस्थाकै चरित्र अवलम्बन गर्न खोजेको स्पष्ट हुन्छ ।

संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्र सम्मिलित तीन खम्बे अर्थतन्त्रको मूल्यलाई आत्मसात् गरेको छ । प्रजातान्त्रिक समाजवादी राजनीतिक दलहरू निजी क्षेत्रको विस्तार र उदारवादी अर्थतन्त्रमा जोड दिने कोसिसमा छन् भने वामपन्थी दल सार्वजनिक क्षेत्रको भूमिका बढाउन जोड दिनुपर्ने व्याख्या गर्छन् । संविधानले अवलम्बन गरेको समाजवाद उन्मुख व्यवस्था कार्यान्वयनको स्पष्ट कार्यदिशा प्रजातान्त्रिक तथा वामपन्थी दुवै धारका राजनीतिक दलमा देखिँदैन । यसरी दल आआफ्नै स्वार्थ अनुरूपको समाजवादको व्याख्यामा उत्रेका छन् । यसबाट उक्त शब्दावली कुनै अर्थराजनीतिक प्रणाली भन्दा बाहिर गएर कतै राजनीतिक अस्तित्व रक्षार्थ उपयोग मात्रै भएको त होइन भन्ने संशय पैदा गराएको छ । यो संशय निवारणका लागि संविधान सभाबाट जारी भएको मौजुदा संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन र विकासका लक्ष्य हासिल गर्ने गरी दलहरूबाट समाजवाद उन्मुख अर्थ राजनीतिको साझा धारणासहितको स्पष्ट परिभाषा र कार्यदिशासहितको रणनीतिक कार्ययोजना प्रस्तुत हुन आवश्यक छ ।

संविधान जारी भएपश्चात् लागु भएको चौधौँ योजनाले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी कार्यान्वयनमा जोड दियो । उक्त योजना कार्यान्वयनले लक्ष्य भन्दा बढीको आर्थिक वृद्धिदर पनि हासिल भयो । जसले समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणको प्रयास गरेको छ । नेपालमा दिगो विकास लक्ष्यलाई दलहरूका नीति निर्माताले समाजवादसँग जोडेर छलफल बहस नै चलाउन नसकेको/नचाहेको आरोप लाग्ने गरेको छ । कोभिड–१९ ले राजस्व सङ्कलनमा पारेको प्रतिकूल असर तथा यसले स्वास्थ्य क्षेत्रमा बढाएको खर्चका कारण सार्वजनिक ऋण बढ्यो । नेपालको अर्थतन्त्र नराम्रोसँग थिलथिलियो । सत्ता मोहका कारण राजनीतिक मात्रै होइन नीतिगत स्थिरतासमेत हुन सकेन । सत्ताका लागि अस्वाभाविक र विजातीय सत्ता समीकरण बन्नु सामान्य हुन पुग्यो । परिणामतः २०७९/८० सम्म आइपुग्दा अर्थतन्त्रको कमजोर उत्पादन क्षमता, बढ्दो उपभोगको प्रवृत्ति, चालु खाता घाटा, सार्वजनिक ऋणको तीव्र रूपमा बढ्दो भार, विदेशी मुद्राको सञ्चितिमा दबाब सिर्जना भयो ।

> साँच्चै राजनीतिक स्थिरता कायम गर्दै समाजवाद उन्मुख अर्थ राजनीतिको व्यावहारिक कार्यान्वयन गर्ने इच्छा दलहरूको हो भने अङ्कगणितीय हिसाबले शक्तिशाली देखिएको वर्तमान सरकारले समाजवाद उन्मुख अर्थव्यवस्थाको स्पष्ट कार्यदिशा निर्माण गरी प्रभावकारी कार्यान्वयनबाट गुणात्मक रूपले समेत शक्तिशाली रहेको पुष्टि गर्न सक्नु पर्छ ।

अर्थतन्त्रका विश्लेषकबाट नेपालको वर्तमान अर्थतन्त्र समस्यै समस्याको भुमरीमा रहेको विश्लेषण भएको पाइन्छ । अर्थतन्त्र र विकास व्यवस्थापनमा देखिएको क्षमता अभावको दुष्चक्रले वर्षौंदेखि बल्झिएका उस्तै प्रकृतिका समस्या तथा चुनौतीको शृङ्खला दोहोरिँदै जानुले उक्त विश्लेषणमा केही हदसम्म सहमत हुन सकिन्छ । तथापि सापेक्षतामा हेर्दा पछिल्लो समयमा देखिएको सुधारका पक्षलाई बिर्सिएर निराशाको सञ्चारले मात्रै अर्थतन्त्र सुधारको बाटो तय हुन सक्दैन । नेपालको वर्तमान सन्दर्भमा पर्याप्त पुँजीकोष, धितोमा आधारित कर्जा दिने परम्परागत बैङ्किङ प्रणाली रहेको र बलियो नियमनले गर्दा बजारमा हल्ला चलाइए जस्तो तत्कालै वित्तीय सङ्कट आउने स्थिति छैन । आर्थिक रूपले सक्रिय जनशक्ति इतिहासकै उच्च रहेको छ । (जनगणना २०७८ अनुसार १० वर्ष वा सोभन्दा बढी उमेरका कुल जनसङ्ख्यामध्ये आर्थिक रूपले सक्रिय जनसङ्ख्या ६५.५ प्रतिशत रहेको छ ।) यसबाट अधिकतम जनसाङ्ख्यिकीय लाभ लिन हाम्रा नीति तथा कार्यक्रम केन्द्रित हुन जरुरी छ । वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उल्लेख्य छ ।

राष्ट्र बैङ्कले प्रकाशन गरेको देशको पछिल्लो आर्थिक तथा वित्तीय स्थिति अनुसार आव २०८१/८१ को अन्त्य सम्ममा आइपुग्दा विप्रेषण आप्रवाह अमेरिकी डलरमा गत वर्षको तुलनामा १४.५ प्रतिशतले वृद्धि भई १० अर्ब ८६ करोड पुगेको छ । शोधनान्तर स्थिति बचतमा छ । कुल विदेशी विनिमय सञ्चिति १५ अर्ब २७ करोड अमेरिकी डलर रहेको छ । उक्त सञ्चिति १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ । यस सन्दर्भमा, तत्कालै सार्वभौम धन कोष गठन गरी विदेशी मुद्रा सञ्चितिको प्रयोग तथा लगानीलाई उच्च प्रतिफल हासिल गर्ने क्षेत्रमा परिचालन गर्न सक्नु पर्छ । त्यस्तै, भारत र बङ्गलादेशसँगको पछिल्लो ऊर्जा व्यापार सम्झौताले जलविद्युत् क्षेत्र नेपालको अर्थतन्त्र सुधारको दरिलो खम्बा बन्न सक्ने सम्भावना उजागर गरेको छ । सरकारले निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई विश्वासमा लिएर ऊर्जा क्षेत्रमा लगानी विस्तार तथा दिगो ऊर्जा व्यापार रणनीति अख्तियार गर्न सक्नु पर्छ । ऋण लिएर ऋण तिर्ने अवस्थाबाट माथि उठ्नका लागि वैदेशिक अनुदान तथा ऋणलाई राष्ट्रिय प्राथमिकताका उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुको विकल्प छैन ।

श्रीलङ्कामा सन् २०२२ मा आएको वित्त एवं आर्थिक सङ्कटबाट पाठ सिकेर सरकारले अर्थतन्त्रमा प्रत्यक्ष र अप्रत्य आय वृद्धिमा सहयोग नपुऱ्याउने ठुला आयोजना वैदेशिक ऋणमा सञ्चालन हुनबाट रोक्नु पर्छ । संसारमै उच्च जनसङ्ख्या रहेका दुई ठुला छिमेकी राष्ट्र भारत र चीन नेपाली उत्पादनका लागि भरपर्दो बजार हुन सक्ने सम्भावित अवसरलाई ध्यानमा राख्दै वैदेशिक व्यापार नीति र अन्तर्राष्ट्रिय कूटनीतिमा रचनात्मक शैली र नवीन आयामको खोजी आवश्यक छ । समष्टिमा, अर्थतन्त्रका चरहरूको सूक्ष्म विश्लेषण गरी ठोस र वस्तुगत रणनीतिक कार्ययोजनासहित सरकार अगाडि बढ्न सकेमा वर्तमान अर्थतन्त्रले पुनर्जीवन प्राप्त गर्न सक्ने उच्च सम्भावना छ । सूचना प्रविधिमा आएको क्रान्ति, कृतिम बौद्धिकताको बढ्दो प्रयोग र ज्ञानमा आधारित अर्थतन्त्रको विकास भइरहेको सन्दर्भमा नेपालको अर्थतन्त्रबाट नयाँ पुस्ता अनुकूलको आर्थिक सुधारको माग भएको छ । सन् २०२६ मा विकासोन्मुख राष्ट्रमा स्तरोन्नति भएपश्चात् लिनुपर्ने रणनीति, सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता र मध्यम आय भएका राष्ट्रको स्तरमा पुग्ने राष्ट्रिय लक्ष्यलाई दृष्टिगत गरी आर्थिक सुधारमा तीव्रता दिनसके समाजवादी मूल्य समाहित अर्थ राजनीतिको बुलेट रेल हुइँक्याउन सकिने आधार यद्यपि विद्यमान छन् । खाँचो छ त केवल सरकार, राजनीतिक दल र निजी क्षेत्रको चरित्र सुधारको ।

विगतका कार्य संकृति र राजनीतिक संस्कारबाट च्युत हुने परम्परा नदोहोऱ्याइ साँच्चै राजनीतिक स्थिरता कायम गर्दै समाजवाद उन्मुख अर्थराजनीतिको व्यवहारिक कार्यान्वयन गर्ने इच्छा दलहरूको हो भने अङ्कगणितीय हिसाबले शक्तिशाली देखिएको वर्तमान सरकारले समाजवाद उन्मुख अर्थव्यवस्थाको स्पष्ट कार्यदिशा निर्माण गरी प्रभावकारी कार्यान्वयनबाट गुणात्मक रूपले समेत शक्तिशाली रहेको पुष्टि गर्न सक्नु पर्छ ।

आगामी दिनमा वर्तमान सरकारले घोषणामा रमाउने राजनीतिक संस्कारबाट माथि उठेर श्रम संस्कृतिमा रमाउने वातावरण निर्माण गर्न सके; राजनीतिक दाउपेचबाट माथि उठेर राष्ट्रिय आवश्यकताप्रति संवेदनशील हुन सके; आर्थिक कूटनीतिको प्रभावकारी परिचालन गर्न सके; हचुवाका भरमा लिने वैदेशिक ऋणको सट्टा राष्ट्रिय आवश्यकताका आधारमा सार्वजनिक ऋण परिचालन गर्न सके; सरकार परिवर्तनसँगै नीतिमा हुने परिवर्तनको सट्टा नीतिगत स्थिरता कायम गर्न सके मात्रै पनि हाल लरखराएको अर्थतन्त्रलाई भरभराउँदो अर्थतन्त्रमा रूपान्तरण गर्न कसले रोक्छ ? रोक्नु हुन्न र रोकिँदैन पनि । त्यसैले देशको आर्थिक अवस्थालाई सम्हालेर अगाडि बढ्नुको विकल्प छैन, हुन सक्दैन । बदलिँदो विश्व अर्थव्यवस्था र नेपालको वस्तुगत आवश्यकता एवं अर्थतन्त्रका चरहरूले देखाएका सम्भावनाका पक्षलाई दृष्टिगत गरी अर्थतन्त्रलाई सबल र उत्थानशील बनाउने अवसर र चुनौतीको अग्निपरीक्षामा वर्तमान सरकार उभिएको छ । सदनमा शक्तिशाली गठजोडबाट आफ्नो नेतृत्वमा यो सरकारको जन्म भएको ठान्ने प्रधानमन्त्रीले सरकारको आयु सम्बन्धमा आश्वस्त पार्न खोजिरहँदा लरबराएको समाजवादी अर्थतन्त्रलाई सही बाटोमा ल्याउन र संविधानले अवलम्बन गरेको समाजवादी अर्थ राजनीतिक भविष्यप्रति कत्तिको जिम्मेवार छन् भन्ने प्रश्न यति बेला सतिसालझैँ खडा भएको छ ।

# वित्तीय सङ्घीयताका तगारा



दिनेश लामा

सङ्घीय शासन प्रणालीमा तहगत सरकारमा राज्य शक्तिको बाँडफाँटको व्यवस्था संविधानमा गरिएको हुन्छ । नेपालको संविधान २०७२ जारी भइसकेपछि नेपालको शासकीय संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । नेपालले अवलम्बन गरेको सङ्घीयता समन्वयात्मक मोडेलको छ । जहाँ तीनै तहका सरकारका अधिकार संविधानले नै तोकिदिएको छ । तीनै तहका सरकारका आआफ्ना एकल अधिकार र साझा अधिकारसमेत संविधानले नै सुनिश्चित गरेको छ । यसैको आधारमा विगत सात वर्षदेखि सङ्घ, प्रदेश र स्थानीय सरकारले राज्यशक्तिको प्रयोग गर्दै आएका छन् ।

सङ्घ, प्रदेश र स्थानीय तहबिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन नगरी सङ्घीयताले सार्थकता पाउँदैन । लोकतन्त्रका लाभको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन प्रणालीलाई संस्थागत गर्न स्थानीय तहदेखि नै सुदृढीकरण गर्न आवश्यक छ । २०७४ सालको स्थानीय तह सदस्यको निर्वाचनपश्चात् स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न राजनीतिक नेतृत्व प्रदान गर्दै आएको छ ।

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई २२ वटा एकल र १५ वटा साझा अधिकार प्रदान गरेको छ । नेपालमा यस्ता अधिकार सम्पन्न स्थानीय सरकार सञ्चालन नयाँ अभ्यास भएकाले अवसर र चुनौती उत्तिकै छन् । संविधानतः २२ वटा एकल अधिकारसहित विविध साझा अधिकार किटान हुनु, आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा गरी लागु गर्नु, योजना तर्जुमाको अभ्यास हुनु, विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट बनाई कार्यान्वयन गर्ने अधिकार प्रस्ट हुनु जस्ता अवसर स्थानीय सरकारलाई छ ।

तथापि सङ्घीयता कार्यान्वयनको क्रममा वित्तीय सङ्घीयता र प्रशासनिक सङ्घीयतालाई संविधानतः कार्यान्वयनमा ल्याउन चुनौती देखिएको छ । अझै कतिपय स्थानीय तहले संविधानले दिएको अधिकार प्रयोग गर्न ऐन कानुन बनाउन सकेका छैनन् । कतिपय स्थानीय तहले जनप्रतिनिधिको आन्तरिक द्वन्द्वले गर्दा कानुनले निर्धारण गरेको सीमाभित्र पालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट ल्याउन सकेका हुँदैनन् ।

वित्तीय सङ्घीयतालाई कार्यान्वयन गर्न संविधानको धारा ६० को उपधारा (४) मा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी संविधानको धारा २९६ को उपधारा १ बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ निर्माण गरी कार्यान्वयन गरेको छ । अन्तर सरकारी वित्तीय हस्तरन्तरण प्रक्रियालाई वैज्ञानिक र व्यवस्थित गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले केही महत्त्वपूर्ण सिफारिसका आधार निर्धारण गरेको छ । जसमा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकासका सूचाङ्क, अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था, प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक तथा अन्य विभेदको अवस्था, प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवालगायतका आधार छन्


हालको अन्तर सरकारी वित्तीय हस्तान्तरण प्रणालीको विश्लेषण गर्दा यी आधार अनुसरण गरेको पाइँदैन । अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदानमा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादनमा आधारित अनुदान जनसङ्ख्या र भूगोललाई बढी आधार मानेको देखिन्छ । त्यसै गरी ससर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान पहुँचको आधारमा बाँडफाँट हुने गरेको छ । त्यसैले मानव विकासका सूचाङ्क स्थानीय तहको सन्तुलित विकासको अवस्था, स्थानीय तहमा रहेको आर्थिक, सामाजिक तथा अन्य विभेदको अवस्था, स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता जस्ता आधारलाई ध्यान दिइएको छैन ।

नेपालमा स्रोतसाधनको हिसाबले फरक फरक सामर्थ्य भएका स्थानीय सरकार छन् । उदाहरणका लागि काठमाडौँ महानगरपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि २४ अर्ब २० करोड ६३ लाख २५ हजारको बजेट पारित गरेको छ । जसमध्ये आन्तरिक स्रोतबाट १९ अर्ब १५ करोड ६६ लाख आम्दानी हुने प्रक्षेपण गरिएको छ । त्यसै गरी काभ्रेको खानीखोला गाउँपालिकाको आव २०८१/८२ को बजेट ३९ करोड ५७ लाख ८३ हजार आठ सय रहेको छ । जसमध्ये ५० लाख आन्तरिक आम्दानी हुने प्रक्षेपण गरेको छ । सङ्घ र प्रदेश सरकारले अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान विनियोजन गर्दा यी दुई पालिकालाई एउटै सूत्रबाट विनियोजन गरिन्छ । तसर्थ यो सूत्र वैज्ञानिक र न्यायपूर्ण छैन । किनभने १९ अर्ब आन्तरिक आम्दानी भएको पालिका र ५० लाख आन्तरिक आम्दानी भएको पालिकालाई एउटै सूत्रबाट सङ्घ र प्रदेशबाट बजेट आउँछ भने स्थानीय तहको सन्तुलित विकास, दुर्गमका स्थानीय तहको पूर्वाधार विकास कसरी सम्भव छ । यो वित्तीय सङ्घीयताको नीतिगत चुनौती हो । त्यसैले सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान वितरण प्रणालीको पुनरवलोकन हुन जरुरी छ ।

वित्तीय सङ्घीयताको अर्को चुनौती भनेको सङ्घ र प्रदेश सरकारका मन्त्रीले आफ्नो स्वार्थ र फाइदाका लागि बजेट बाँडफाँट गर्नु हो । जसलाई अर्थशास्त्रीय भाषामा 'कमन पुल प्रोब्लम' भनिन्छ । प्रत्येक आर्थिक वर्षको बजेट हेर्ने हो भने प्रधानमन्त्री, मुख्य मन्त्री, अर्थ मन्त्री, भौतिक पूर्वाधार मन्त्रीको जिल्लामा कुल बजेटको ३३ प्रतिशतभन्दा बढी बजेट विनियोजन गरेको पाइन्छ । यो प्रवृत्तिलाई कुनै नीति बनाई नरोक्ने हो भने शक्तिशाली राजनीतिक नेतृत्व नभएका जिल्ला तथा क्षेत्रको सन्तुलित विकास सम्भव छैन ।

त्यसै गरी वित्तीय सङ्घीयताको मर्मलाई उपहास गर्दै आएको अर्को कार्य सङ्घ र प्रदेश सरकारबाट विनियोजन गरिने ससाना बजेटका योजना हुन । यस आर्थिक वर्षमा पनि सङ्घ र प्रदेश सरकारले विनियोजन गरेको धेरै योजना एक लाख वा सोभन्दा कम बजेटका छन् । यस्ता कार्यले सङ्घीयताप्रति नै आमजनताको नकारात्मक धारणा बन्ने देखिन्छ । सङ्घ सरकारले विनियोजन गर्ने योजना कम्तीमा पाँच करोड र प्रदेश सरकारले विनियोजन गर्ने योजना कम्तीमा एक करोड बजेटको हुनुपर्ने नीतिगत व्यवस्था हुन जरुरी छ । वित्तीय सङ्घीयतालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने हो भने यस्ता कमीकमजोरीलाई सुधार गर्न जरुरी छ ।

# सम्झनलायक कामको अपेक्षा






डा. देवराज अर्याल

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली अहिले मुलुकको प्रधानमन्त्रीको जिम्मेवारीमा हुनुहुन्छ । वर्तमान प्रतिनिधि सभामा सबैभन्दा ठुलो दल नेपाली काङ्ग्रेसको समर्थनमा ओली प्रधानमन्त्री बन्नुभएको हो। त्यसो त उहाँ अध्यक्ष रहनुभएको दल नेकपा एमाले नै प्रतिनिधि सभामा दोस्रो ठुलो दलको हैसियतमा छ। यहाँनिर सबैभन्दा ठुलो दल र दोस्रो ठुलो दलको प्रसङ्ग यस अर्थमा उजागर गरिएको हो कि–संसदीय प्रणाली अवलम्बन भएको देशमा प्रधानमन्त्रीलाई यस्तो ऐतिहासिक अवसर बिरलै प्राप्त हुने गर्छ। नेपालको राजनीतिक इतिहासमा यस प्रकारको महत्त्वपूर्ण अवसर २०४६ सालको परिवर्तनपछि, २०५६ र २०६२/६३ सालको जनआन्दोलन सफल भएपछिको क्षणमा सीमित समयका लागि प्राप्त भएको थियो। त्यसबेला देशको सन्दर्भमा ऐतिहासिक अर्थ राख्ने महत्त्वपूर्ण कार्यभार सम्पन्न भएको थिए। विशेषतः २०४६ को परिवर्तनपछि नेपाल अधिराज्यको संविधान २०४७ जारी भएको थियो भने २०५६ सालको सहकार्यपछि आमनिर्वाचन सम्पन्न भएको थियो। यसै गरी २०६३ मा भएको सहकार्यपछि नेपालको राजनीतिमा ऐतिहासिक संविधान सभा निर्वाचन सम्पन्न भएको थियो।

> सरकारले आर्थिक समृद्धि र सेवा वितरण तथा सुशासनको बारेमा हुने सार्वजनिक बहसलाई विशेष ध्यान आवश्यक छ। नागरिक अपेक्षाको सम्बोधन हुने गरी काम गर्न सरकार लागिरहेको आभास हुँदै छ। अर्थतन्त्रलाई लयमा ल्याएर मुलुकलाई आत्मनिर्भर बनाउने दिशामा निर्मम भएर काम गर्ने हो भने परिणाम दिन सकिन्छ।

उल्लिखित कालक्रममा भएका ठुला राजनीतिक दलबिचको समझदारी र सहकार्यको परिणामस्वरूप मुलुक क्रमिक ढङ्गले प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र समतामूलक एवं समावेशी अवधारणा अनुरूप अगाडि बढ्न सकेको हो। आज नेपाली जनताका लागि प्राप्त भएको लोकतान्त्रिक अधिकारको आधार स्तम्भ यिनै ऐतिहासिक क्षणको दीर्घकालीन नतिजा हो। अहिले फेरि घुमिफिरी विगतकै जस्तो महत्त्वपूर्ण र अर्थपूर्ण समझदारीको अवसर प्राप्त भएको छ। यहाँनिर, थप उल्लेखनीय पक्ष के छ भने प्रधानमन्त्री ओली समसामयिक राजनीतिमा अत्यधिक गतिशील, जागृत, इच्छाशक्ति भएको र केही गरौँ भन्ने हुटहुटी भएका नेता हुनुहुन्छ। यस अर्थमा पनि यो ऐतिहासिक अवसरको सदुपयोग हुनु अनिवार्य एवं अपरिहार्य छ। यस अवधिमा आमजनताले वास्तविक अर्थमै महसुस हुने गरी राजनीतिक र आर्थिक समृद्धिको क्षेत्रमा ऐतिहासिक एवं सम्झनालायक काम होस् भन्ने अपेक्षा गरेका छन्।

विगत पाँच वर्षयता नेपालको राजनीतिमा ठुला दलप्रति आलोचनाको ग्राफ क्रमिक रूपमा बढ्दै गएको छ। नयाँ संविधान जारी भएपछि दुई वटा आमनिर्वाचन सम्पन्न भए। पहिलो निर्वाचन २०७४ सालमा भएको थियो। दोस्रो निर्वाचन २०७९ सालमा सम्पन्न भयो। पहिलो निर्वाचनको तुलनामा दोस्रो निर्वाचनमा नयाँ दल र उम्मेदवार उल्लेखनीय रूपमा निर्वाचित भए। राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र एकीकृत समाजवादी पार्टीका तर्फबाट उम्मेदवार भएका व्यक्तिले आशातीत विजय हासिल गर्न सफल भए। उल्लिखित नयाँ दल प्रतिनिधि सभामा मात्र प्रवेश पाएका होइनन्, सरकार गठन प्रक्रियामा सामेल भएर सत्ता राजनीतिमा होमिइसकेका छन्। यस्तो अवस्थामा ठुला दलले यो पक्षलाई गम्भीरताका साथ आत्मसात् गर्न जरुरी छ। सरकारले तीव्रताका साथ परिणाम आउने गरी काम गरेर देखाउन सक्नु पर्छ।

अहिलेको प्रमुख कार्यभार भनेको देशमा आर्थिक समृद्धि हासिल गर्ने र सुशासनको अवधारणालाई जनतामा अनुभूति हुने गरी कार्यान्वयनमा ल्याउने हो। उल्लिखित पक्षलाई सूक्ष्म तरिकाले विश्लेषण गर्दा अझै पनि सङ्गति मिल्ने गरी कामको लय मिलेको देखिँदैन। आर्थिक सूचकाङ्कको वर्तमान आँकाडा मात्र केलाएर प्रक्षेपण गर्दा नेपालको वर्तमान अर्थव्यवस्था निराशाजनक नरहेको तर्क अर्थविद्ले गरेका छन्। व्यवहारमा आर्थिक वृद्धिको ग्राफ चार प्रतिशतमा पनि पुग्न सकेको छैन। केही सीमित मानिसको आम्दानी र नाफाको आयातन ज्यादै वृद्धि भएको छ। आममानिसको आम्दानीको अनुपात भने निरन्तर खस्कँदो अवस्थामा छ। श्रम बजार साँघुरिँदै गएको छ, थप रोजगारीका अवसर सिर्जना हुन सकेका छैनन्। सर्वसाधारण मानिसको क्रयशक्ति अपेक्षाकृत न्यून हुँदै गइरहेको छ। त्यसको अनुपातमा सीमित मानिस भने चौतर्फी आर्थिक हिसाबले लाभान्वित भइरहेका छन्। विशेष गरी उच्च राजनीतिक तहका व्यक्तित्व, पहुँचवाला राजनीतिक कार्यकर्ता, राजनीतिक फेरो समाएका बिचौलिया, व्यापारी, ब्रोकर, कर्मचारी क्षेत्रका उच्च अधिकारी र राजनीतिक नेतासँग जोडिएका कर्मचारी सम्पन्न भएका छन्।

गाउँघरमा साना किसानले रातदिन मेहनत गरेर उत्पादन गरेको तरकारी, फलफूल, खाद्यान्न, माछा मासुले लगानी अनुसारको बजारभाउ पाउन सकेको छैन। किसान र उपभोक्ताको बिचमा रहेका बिचौलियाले भने उत्पादित वस्तु सस्तोमा खरिद गरेर चर्को मूल्यमा बिक्री गरिरहेको अवस्था छ। आमउपभोक्ता आर्थिक रूपमा शोषणमा परेका छन्। अवस्था यति धेरै नाजुक हालतमा पुगेको छ कि–सहरबजारमा मजदुरी गरेर बस्ने मानिस खाद्यान्न, तरकारी र फलफूल तथा माछा मासु किनेर खान नसक्ने अवस्थामा पुगिसकेका छन्। गरिब, किसान, मजदुरी गरी जीवन निर्वाह गर्ने वर्गका मानिसको आवाज कहीँकतैबाट मुखरित हुन सकेको छैन।

यति बेला, तल्लो वर्ग वा भुइँ मान्छेको पहुँच सरकार र राज्यका विभिन्न निकायसँग छैन। उनीहरूको सरकारी निकायसँग जोडिने कनेक्टिभिटी नै छैन। उनीहरूलाई राज्यको ध्यानकर्षण हुने संयन्त्रमा जोडिदिने इमानदार प्रतिनिधि र संयन्त्रको अभाव छ। यद्यपि, व्यापारी–बिचौलिया भने सरकारसँगको पहुँचमा सिधा जोडिने गरेका छन्। प्रधानमन्त्री, मन्त्री, सचिव, जनप्रतिनिधिदेखि लिएर राज्यका सबै निकायसँगको भेटघाट र दोहोरो कुराकानी उनीहरूका सहज छ।

किसानका नाममा खोलिएका सङ्गठनमा वास्तविक किसान छैनन्, त्यस्ता सङ्गठन किसानको नाममा दोकान खोल्ने नक्कली र बिचौलियाको कब्जामा छ। यसै गरी, मजदुर सङ्गठन, सहकारीका नाममा खुलेका संस्था, लघुवित्त, स्वास्थ्यकर्मी सबै–सबैको संस्था माथिल्लो वर्गको हितरक्षार्थ सङ्गठित बिचौलियाको कब्जामा छ। जसले गर्दा वास्तविक वर्ग र पेसाका मानिससँग सरकार र राज्यका निकायसँग सिधा पहुँच छैन। हिजोका सरकार यस्तै यस्तै बिचौलियाको घेराभित्र बन्दी बनिरहेका थिए। यो सरकारको वरपर पनि यस्तै बिचौलिया समूह नआओस् भन्नेतर्फ सचेत हुन जरुरी छ।

हेर्दा सामान्य र कम प्रभावी जस्तो लागे पनि जनबहसको महत्त्व अर्थपूर्ण हुने गर्छ। यस्तो अवधारणा आज मात्रै विकास भएको होइन जर्मन दार्शनिक हाबरमासले विकास गरेका हुन्। उनको समयमा जनबहसका लागि त्यतिबेला पब्लिक स्पेयर्सको सीमितता थियो। इन्टरनेटको विकास भएसँगै आज सार्वजनिक क्षेत्रको दायरा निकै फराकिलो भएको छ। परामपरागत मिडियाका साथसाथै अहिले सार्वजनिक सञ्जाल अतिरिक्त मात्रामा थप भएका छन्। यस्तो पृष्ठभूमिमा यसलाई मानक कार्यको रूपमा व्यापक रूपमा स्वीकार गरिएको छ पनि। सार्वजनिक क्षेत्रको अवधारणा निरन्तर विकास भइरहेकाले सरकारका लागि यो चुनौतीको विषय भएको छ। सामान्य आलोचना र वर्तमान दृष्टिकोणको राम्रोसँग बुझ्नको यो भरपर्दो तरिका हो। यस्ता बहसले खास खास परिस्थितिमा सार्वजनिक विचार आकार लिने अवस्थाको व्याख्या पनि गर्छ। यस अर्थमा सरकारले आर्थिक समृद्धि र सेवा वितरण तथा सुशासनको बारेमा हुने सार्वजनिक बहसलाई विशेष ध्यान आवश्यक छ।

प्रमुख दुई दलको गठबन्धनमा बनेको सरकारबाट नेपाली जनताले आशा र अपेक्षा गरेका छन्। आर्थिक समृद्धि, सुशासनका मुद्दाका साथै भ्रष्टाचारलाई नियन्त्रण गर्ने विषयमा सरकार कति निर्मम रूपमा प्रस्तुत हुन सक्छ, त्यसकै आधारमा सरकारको मूल्याङ्कन हुने छ। जनताले निगरानीका साथ पर्यवेक्षण गरिरहेका छन्। अघिल्लो सरकारले भ्रष्टाचारीको फाइल खोल्न थालेपछि ठुला दल आतङ्कित भएको आरोप लगाइरहेका छन्। यसको खण्डन गर्न पनि कुन कुन फाइल खोल्न लागिएको हो भन्ने जानकारी हुनु पर्छ। काठमाडौँ महानगरपालिकाका मेयरले बेलाबेला ठुला दलका नेता र कार्यकर्ता सार्वजनिक सम्पत्ति कब्जा गर्ने कार्यमा संलग्न भएको आरोप लगाइरहेका छन्। यस्ता चुनौती र आरोपलाई व्यावहारिक रूपमा खण्डन गर्दै सरकार अगाडि बढ्न सकेमा मात्र सरकार ऐतिहासिक बन्न सक्छ। यसका लागि इमानदार, निष्कलङ्क र सक्षम सहयोगी समूहको सरकारलाई आवश्यकता छ। त्यसको परिपूर्ति कुन तरिकाले गर्छ, त्यसैका आधारमा परिणाम आउने हो। नागरिक अपेक्षाको सम्बोधन हुने गरी काम गर्न सरकार लागिरहेको आभास हुँदै छ। अर्थतन्त्रलाई लयमा ल्याएर मुलुकलाई आत्मनिर्भर बनाउने दिशामा निर्मम भएर काम गर्ने हो भने परिणाम दिन सकिन्छ। आमनागरिक त्यसैको प्रतीक्षामा छन्।

# निर्माण आयोजना व्यवस्थापनमा समस्या



गोपीनाथ मैनाली

आयोजना विकासका काट्ने धार हुन्। आयोजनाको सफल कार्यान्वयनबाट नै योजनाका लक्ष्य पूरा भई मुलुकले समृद्धिको गन्तव्य पहिल्याउँछ। आयोजना व्यवस्थापन प्राविधिक विषय हो। यसलाई सतही रूपमा व्यवहार गरियो भने साधनको अपव्यय मात्र हुँदैन, विकास विकृतिमा परिणत हुन्छ। अल्पविकसित मुलुकमा साधनस्रोत सीमित हुने, छिटो विकासको लक्ष्य पनि प्राप्त गर्नुपर्ने तर सरकार नै विकासको एकल प्रदाता बन्नुपर्ने कारण आयोजना व्यवस्थापनमा प्रभावकारिताको आवश्यकता हुन्छ। दुःखको कुरा आयोजना व्यवस्थापनमा प्राविधिक व्यावसायिकता देखिँदैन।

यस वर्षको बजेट वक्तव्यमा बलेवा, लामिडाँडा, मनाङ, बैतडीलगायतका विमानस्थल सञ्चालनमा नआएकाले निजी क्षेत्रको सहकार्यमा प्याराग्लाइडिङलगायत एभिएसन स्पोर्टमा उपयोग गर्ने नीति घोषणा घोषणा गरिएको छ। निकै महत्त्वका साथ निर्माण सम्पन्न भएका पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उपयोग गर्ने विमान सेवा सञ्चालकलाई विशेष सहुलियत दिने नीति लिइएको छ। राष्ट्रिय रणनीतिक महत्त्वका अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्न विमान सेवाहरूले इच्छा नदेखाएपछि सहुलियतको घोषणा गरेर उपयोगमा ल्याउने अर्को विकल्प रोजिएको हो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चीन सरकारको २६ अर्ब ऋणमा र गौतमबुद्ध अन्तर ष्ट्रिय विमानस्थल ३० अर्बको लागतमध्ये ६२.६ प्रतिशत एसियाली विकास बैङ्कको ऋणमा सम्पन्न भएका हुन्। यी विमानस्थल सञ्चालनमा आउँदा त्रिभुवन विमानस्थलको भार घनत्व हल्का हुने थियो। साथै यात्रु सेवा र हवाई सुरक्षाका लागि पनि महत्त्वपूर्ण हुने आशय आयोजना विकासका समयमा राखिएको थियो।

भनिरहनु परोइन, ऋण आयोजनाको लागत उच्च हुन्छ, राम्रो प्रतिफल नदिए ऋण तिर्ने क्षमता विकास हुँदैन र ऋणभार झनै बढ्न जान्छ। त्यसैले आयोजना विकासका समयमा लाभ लागत विश्लेषण गरेर सम्भाव्यता हेरिन्छ। दुवै विमानस्थलबाट उडान भर्न अन्तर्राष्ट्रिय विमान सेवा प्रदायक इच्छुक नभएपछि सहुलियतको घोषणा गर्नुपर्ने अवस्था आयो। विमान सेवा प्रदायकलाई कर, ग्राउन्ड ह्यान्डलिङ शुल्क, यात्रु सेवा शुल्क र हवाई टिकट कर छुट दिने घोषणा गरिएको छ। यसले ऋण भुक्तान सामर्थ्यलाई प्रभाव त पर्छ नै आयोजना विकासमा भएको तदर्थपनको पनि उजागर गर्छ। दुई विमानस्थलको वार्षिक ऋण भुक्तानी दायित्व करिब दुई अर्ब पूरा गर्न निश्चित सङ्ख्यामा उडान हुनै पर्छ। अर्को काठमाडौँ विमानस्थलको दैनिक सयजति अन्तर्राष्ट्रिय उडानको ४०/५० प्रतिशत भार यी विमानस्थलले लिनुपर्थ्यो। बाह्य ऋणबाट निर्मित विमानस्थल मात्र होइन, ५३ विमानस्थलमध्ये ३३ मात्र सञ्चालनमा छन्। सम्भाव्यता राम्ररी नहेरी निर्माण सुरु भएका अरू विमानस्थल पनि राम्ररी सञ्चालनमा आउन सक्ने देखिँदैन। विमानस्थल आयोजना प्रतिफलको व्यवसाय हो। आयोजना पहिचान, सम्भाव्यता अध्ययन, आयोजना विकास र सञ्चालन जस्ता प्राविधिक पक्षमा खासै ध्यान नदिइएकाले मुलुकले ठुलो व्ययभार बहन गर्नु परेको छ।

विमानस्थल मात्र होइन, अन्य पूर्वाधार आयोजना पनि प्राविधिक, आर्थिक र सामाजिक पक्षका प्रश्नमा छन्। उदाहरणका लागि उपत्यका र आसपासको आर्थिक संरचनालाई लागत प्रभावी पार्ने सोचले सुरु गरिएको द्रुत मार्ग अवधारणा विकासका समयमा ३३०० कार भेइकलभन्दा बढी प्रतिदिन उपत्यका प्रवेश गर्छन् जुन आर्थिक रूपले सम्भाव्य हो भन्ने निष्कर्ष निकालिएको थियो। केही वर्षपछि उही निकायबाट भएको अध्ययनमा सो सङ्ख्या २९५० जति मात्र हुने भनिएकाले सरकारले न्यूनतम राजस्व प्रत्याभूति दिएर सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण–सञ्चालन–हस्तान्तरण (बुट) ढाँचामा सञ्चालन गर्ने बजेटमार्फत घोषणा भयो। त्यतिखेर आयोजनाको लागत ६७ अर्ब थियो।

पाँच वर्ष न्यूनतम राजस्व प्रत्याभूति दिने र सार्वजनिक निजी साझेदारीको अवधारणामा निर्माण गर्ने विषयलाई संसदीय समितिले कार्यान्वयन नगर्न, राष्ट्रिय बजेट र विभागीय संयन्त्रबाट निर्माण गर्न सरकारलाई निर्देशन दियो। समितिको जस्तै आदेश सम्मानित अदालतले पनि दियो। निर्माण ढाँचा परिवर्तन गरी निर्माण कार्य सुरु गर्दा यसको लागत २१३ अर्ब जति पुगेको छ। साझेदारीमार्फत सञ्चालन गरिएको भए सरकारको शून्य लगानी हुन्थ्यो, केही पछि आयोजना सरकारमा हस्तान्तरण पनि हुन्थ्यो। त्यो लाभबाट अर्थतन्त्र वञ्चित भयो, सरकारी कोषमा भार बढ्यो, अस्पताल र विद्यालय जस्ता सामाजिक दायित्वमा लगानी गर्ने क्षमता घट्यो र आयोजना समय बढ्यो। निर्माण सम्पन्नसम्मको मूल्य समायोजनको अवस्थाले आयोजना लागत अरू बढ्ने सम्भावना पनि छँदै छ। निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनेन वा पोखरा–भैरहवा विमानस्थलकै हालत भएमा द्रुतमार्गको लगानी आशय अनुरूप हुने छैन। काठमाडौँ–हेटौँडा लक्ष्य गरेर अरू चार लोकमार्ग बनिरहेका छन्। एकै गन्तव्यमा पुग्न राष्ट्रिय कोषको लगानीबाट धेरै सडक आर्थिक र वातावरणीय रूपमा कति उपयुक्त हो ?

मध्यपहाडी मार्ग, हुलाकी मार्ग, उत्तर दक्षिण कोरिडोरलगायतका सडक संरचना आयोजना व्यवस्थापनका चरण तार्किक सम्बन्धमा छैनन्। राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनामा पनि आयोजना व्यवस्थापनको प्राविधिक पक्षमा सावधानी अपनाइएको देखिँदैन। मध्यपहाडी मार्ग डिपिआर तय नभई अवधारणाका आधारमा निर्माण सुरु भयो, निर्माणको क्रममा सडक रेखा बदलिई डेढ सय किमी लम्बाइ थपियो। यो प्रतिनिधि उहरण हो। संसदीय समितिले दिएको निर्देशनका कारण चमेलिया जलविद्युत् आयोजनाले एक वर्ष थप समय लम्ब्यायो, एक अर्ब जति लागत बढायो। आयोजना समयमा सम्पन्न भएको थियो भने विद्युत् सङ्कटका समयमा सर्वसाधारणलाई केही राहत हुन्थ्यो। आयोजना व्यवस्थापनको कमजोरी, निगरानी निकायको निर्देशन र व्यवस्थापकको निर्णयका कारण बढेको लागतको कसले जिम्मा लिने ? के निर्णयकर्ता, निर्देशनकर्ता र आयोजना व्यवस्थापक जवाफदेहितामा रहनु पर्दैन ?

विकासविद् रबर्ट च्याम्बरले भने झैँ विकास व्यवस्थापनमा आग्रह (बायस) रहँदै आएको छ। नेपालमा विकास आयोजना नीतिप्रभावीका क्षेत्रमा केन्द्रित हुँदै आएको छ। यसले विकासमा न्याय, सन्तुलन र आर्थिक

> नेपालमा पूर्वाधार आयोजना केवल १६ प्रतिशत मात्र निर्धारित समयमा निर्माण सम्पन्न हुँदै आएका छन्, ८४ प्रतिशत विभिन्न कारणले समयभित्र सम्पन्न हुँदैनन्। कतिपयको निर्माणस्थल नै पहिचान नभएको समेत देखिएको छ।

सम्भावनालाई उपेक्षा गर्छ। आयोजनाविद् रोन्देनेलीले भनेझैँ आयोजना पहिचान, डिजायन, सुरुवात, सञ्चालन र समन्वयमा कमजोरी छन्। निजी क्षेत्रले सञ्चालन गर्दो हो त यस्ता लाभदायी आयोजनाको मौद्रिक मूल्य सार्थकता र लगानी प्रतिफललाई धेरै ध्यान दिएका हुन्थे। सार्वजनिक निजी साझेदारी नीतिमा केही राम्रा पक्ष समावेश भएका छन् तर निगरानी निकाय र राजनीतिक पक्षबाट हुने नीति प्रभावका कारण कार्या रूपमा आएका छैनन्। अर्को कमजोरी आयोजना शिलान्यास र उद्घाटनमा देखिँदै आएको छ। ठुला नेता र नीति प्रभावी व्यक्तिबाट शिलान्यास र उद्घाटन गर्ने प्रचलनले आयोजनाले थप लागत बेहोर्दै आएको छ। अन्य मुलुकमा राष्ट्रिय पहिचान र गौरवका अलग अर्थ राख्ने आयोजनाबाहेक अन्यको शिलान्यास, शुभारम्भ, उद्घाटन जस्ता औपचारिक काम गरिँदैन। आयोजना सुरु गर्नु आयोजना व्यवस्थापनको नियमित काम हो। यस प्रकारको तामझामले राजनीतिक अभीष्ट पूरा गर्ने र आयोजना सुशासनमा प्रतिकूलता प्रभाव पार्ने गर्छ। यसले आयोजना व्यवस्थापकको व्यावसायिकतामाथि पनि प्रश्न उठाउँछ। राज्यकोषबाट सञ्चालन हुने आयोजनामा निश्चित समय कुरेर शिलान्यास र उद्घाटनको तामझाममा समय र स्रोतको बर्बादी गर्न नैतिक रूपमा पनि मिल्दैन।

नेपालमा पूर्वाधार आयोजना केवल १६ प्रतिशत मात्र निर्धारित समयमा निर्माण सम्पन्न हुँदै आएका छन्, ८४ प्रतिशत विभिन्न कारणले समयभित्र सम्पन्न हुँदैनन्। कतिपयको निर्माणस्थल नै पहिचान नभएको समेत देखिएको छ। सामाजिक क्षेत्रका आयोजना सामाजिक फाइदाभन्दा राजनीतिक स्वार्थबाट प्रेरित छन्। जसबाट महत्त्वूर्ण सार्वजनिक स्रोत दुरुपयोग भएको छ भने सर्वसाधारणले सेवा पाएको छैन, अर्थतन्त्रले उपयोगिता पाएको छैन। विकास व्यवस्थापनका कमजोरीका कारण सर्वसाधारणमा निराशा बढ्दै गएको छ। मुलुकको समृद्धिको सपना धकेलिएको छ। यसर्थ आयोजना तयारीदेखि विकास र कार्यान्वयनका चरणमा प्राविधिक सावधानी अवलम्बन र बजेट व्यवस्थापनमा विनियोजन न्याय स्थापना गर्नु आवश्यक देखिएको छ।

## पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

### युवालक्षित कार्यक्रम तत्काल ल्याऊ

राजनीतिक आर्थिक सामाजिक संस्कृतिलगायतका विविध क्षेत्रमा युवाको देन अहम् हुन्छ। कुनै पनि राष्ट्रको विकासका निम्ति युवा सहभागिताले महत्त्वपूर्ण भूमिका खेल्छ। हामीले युवालाई अवसर दिन सकेमा हामी सहज तरिकाले समृद्धिको यात्रामा अघि बढ्न सक्छौँ। राज्यका नीति निर्माणकर्ताले विगतदेखि युवा मुद्दालाई त्यति गम्भीरतापूर्वक लिएको पाइँदैन।

युवाको आशा अपेक्षा भनेको नीति जारी हुनु मात्र होइन बरु उनीहरूका समस्या र आवश्यकताको न्यून मात्रामा भए पनि समाधान र व्यवहारिक सम्बोधन हुनु पनि हो। मानव सभ्यताको विकाससँगै हरेक मानवमा जे जस्ता भिन्नता भए पनि एक मूलभूत विषयमा उनीहरू समान हुन्छन्। त्यो के हो भने हरेकमा आजभन्दा संयुक्त र सम्पन्न र भोलिको अभिलाषा हुन्छ। युवामा झन् जोस जाँगर सँगसँगै महत्त्वकाङ्क्षा पनि उत्तिकै हुन्छ। तसर्थ राज्य युवाको भविष्यप्रति संवेदनशील हुनु पर्छ। यसका लागि राज्यले विभिन्न योजना तथा कार्यक्रम नगरेको पनि होइन तर युवाका लागि राज्यले सञ्चालन गरेका त्यस्ता कार्यक्रमको बेलाबेलामा समीक्षा र परिमार्जन गरी समय सापेक्ष बनाउन आवश्यक छ।

राज्यले व्यवस्थित शिक्षा तथा स्वास्थ्य सेवाका लागि आवश्यक तालिम/प्रशिक्षण आदिमा विभेदरहित तवरले यथोचित लगानी तथा समान अवसर प्रदान गरी मानवीय पुँजी निर्माण गर्नु पर्छ। सबल मानवीय पुँजी राष्ट्रिय पुँजी निर्माणको मेरुदण्ड मानिन्छ। युवा शक्ति कुनै पनि राष्ट्र निर्माणको मेरुदण्डका रूपमा रहने गरेको यथार्थ मनन गर्दै निर्माणको अग्र स्थानमा राखिनु पर्छ। किनकि कुनै पनि राष्ट्रको विकास र समृद्धिमा युवा शक्तिको महत्त्वपूर्ण दायित्व पनि हुन्छ।

खेतीयोग्य जमिन बाँझो र युवा रोजगारीका लागि विदेशिने अवस्था हाम्रा लागि गम्भीर चुनौती हो। यसले उत्पादन र वितरणलगायत समग्र प्रणालीमा संरचनागत समस्या रहेको देखाउँछ। राष्ट्रिय उत्पादनमा वृद्धि गरी आयात घटाउने, निर्यात बढाउने तथा व्यापार घाटा कम गर्न युवाको महत्त्वपूर्ण भूमिका हुन्छ। आयातलाई क्रमशः घटाउँदै आत्मनिर्भर अर्थतन्त्र निर्माण तथा निर्यात प्रवर्धन गर्नु अपरिहार्य छ।

संयुक्त राष्ट्रसङ्घले सन् १९८५ लाई युवा वर्ष घोषणा गरेको थियो। सन् १९९९ देखि युवाका सवाललाई सम्बोधन गर्ने हेतुले हरेक वर्ष अगस्त १२ का दिनलाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउँदै आएको छ। यस वर्ष पनि अगस्त १२ का दिन विश्वभरि विविध कार्यक्रम भए। नेपालमा पनि युवाका मुद्दालाई सम्बोधन गर्न नेपालमा २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरियो। युवा विकास तथा परिचालन गर्ने हेतुले राष्ट्रिय युवा नीति २०७२ ल्याइयो। विसं २०७२ मा नै राष्ट्रिय युवा परिषद् गठन भई उक्त परिषद्ले युवाको नेतृत्व विकासमा काम गर्दै आइरहेको छ।

युवा भनेका देशका ऊर्जाका स्रोत हुन्। परिवर्तन र क्रान्तिका पर्याय हुन्। हरेक समाजमा एउटा यस्तो युवा आउँछ, जुनबेला त्यहाँका युवाले मेरो र आफ्ना लागि भन्दा पनि समग्र समाज र राष्ट्रको खातिर काम गर्छ, जसले गर्दा समाजले काँचुली फेर्न सक्छ। नेपालको संविधान २०७२ को धारा २३ अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक हुने छ। धारा ५१ (४) (झ) मा श्रम र रोजगारसम्बन्धी नीति तय गरी सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक तथा आर्थिक शक्तिका रूपमा श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने व्यवस्था गरिएको छ। समयक्रममा यो अवस्थामा परिवर्तन आइछाड्छ, यसलाई रोकेर राख्न कठिन हुन्छ।

युवा तथा खेलकुदको विकास तथा परिचालनका क्षेत्रमा सङ्घीय सरकार अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय, प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय भने कुनै प्रदेशमा छुट्टै युवा तथा खेलकुद मन्त्रालय रहेको छ। स्थानीय सरकार अन्तर्गत सम्बन्धित पालिका शिक्षा एकाइ शाखाले कामकाज गर्दै आइरहेका छन्। यसका अलावा थुप्रै राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था निजी क्षेत्र तथा सहकारी संस्थाले पनि युवाका क्षेत्रमा कार्य गर्दै आइरहेका छन्। हाल कुनै खास एक क्षेत्रमा मात्र युवाका समस्या नभई विविध क्षेत्रमा रहेको पाइन्छ। आजका युवा भोलिका कर्णधार हुने हुँदा युवामा गरिएको लगानीको मुलुकलाई नै दीर्घकालमा फाइदा हुन्छ। गरिबी र बेरोजगारी, असमानता र विभेदको पोषण, रोग, भोग र अभाव हट्न गई अमनचयन कायम हुन जान्छ। सुशासन मौलाउँछ, जतातती शान्ति छाई मुलुक समृद्ध हुन्छ। नागरिक सुखी र खुसी हुन्छन्।

युवा जनसङ्ख्याको हिस्सा ठुलो हुनुलाई देशको सामर्थ्य मान्न सकिन्छ। जीवनको सबैभन्दा ऊर्जाशील समय भए पनि नेपाली युवाको सबैभन्दा ठुलो समस्या बेरोजगारी तथा अर्धबेरोजगारी नै हो। त्यसैले युवाको आर्थिक समृद्धि र विकासको लक्ष्य राखी देशव्यापी रूपमा युवालाई उद्यमशीलताको मार्गदर्शन गराउन परामर्श तथा उद्यमशीलता विकास गरी वित्तीय साक्षरताको आधारभूत तालिम दिलाउन आवश्यक छ। युवालाई उद्यमका लागि सक्षम बनाउन राष्ट्रिय युवा परिषद्ले सरोकारवाला निकायबिच आवश्यक समन्वय, सहकार्य र सम्झौता गर्दै आएको छ। प्रेरणा कर्म हो, सामाजिक तथा मानवीय कर्म प्रिय व्यक्ति हुन्, जसले समाजमा मानव सेवा तथा मानवीयता प्रवर्धनका लागि कर्म गरे। त्यस्ता कर्मयोगीलाई व्यावहारिक रूपमा रोजगारी तथा स्वरोजगारको अवसर प्रदान गर्न सके मुलुक निर्माणमा सहयोग पुग्ने छ।

नेपालमा युवा वर्गको ठुलो जमात विदेशी भूमिका छ। त्यो वर्गलाई नेपालमा काम दिन सके त्यसले मुलुकलाई नै फाइदा पुग्छ। युवालाई सम्मानजनक काम र न्यायोचित ज्याला उपलब्ध गराउन सके विदेश पलायनको अवस्थामा सुधार आउने छ। युवाको उपयोगमार्फत शिक्षालाई सिप, सिपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई बजार र बजारलाई समृद्धिसँग जोड्नु पर्छ। उद्यम परियोजनाका आधारमा सहुलियतपूर्ण कर्जा तथा सुरुवाती पुँजी प्रवाह गर्न गराउन नेपालभित्रै युवाले उद्यम प्रवर्धनको क्षेत्रमा लगनशीलता र धैर्यका साथ काम गर्नु पर्छ।

श्रमप्रति सम्मान भए समृद्धि सम्भव छ। त्यसैले पनि शारीरिक श्रम गर्न नहिचकिचाउने, उद्यमशील बन्न सहयोग पुग्ने शिक्षाको त्यत्तिकै आवश्यक छ। युवाको बढ्दो जोस, हिम्मत तथा साहस एवं आडलाई मुलुक समृद्धिको बाटोतर्फ बढ्न सक्ने सम्भावनालाई युवाकै सहभागितामा अगाडि बढाउने कार्य तीनै तहका सरकारले गर्न थालिहाल्नु पर्छ, समृद्धिको चाहना हो भने।

**भरतप्रसाद देवकोटा**
सान्नीत्रिवेणी–३, कालीकोट

नयाँ नेपाल
गोरखापत्र
gorkhapatraonline.com
समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित
थामी भाषा पृष्ठ

# लाख्या उश्याते थाङिम



**दोलखा ।** लाख्या उश्या नन् रोइमीडातिको मत्तै मौलिक संस्कृति माथाहान् । का उश्या फेल्ते थाङ्मिडातिङा ओइ यालेत्ले होःदु । बिशेषगरि दोलखा कालिन्चोक गाउँपालिका वडा नं. ५ ङा ६ लापिलाङ राडेते निदु थाङिम राडेङा का उश्या स्थापित थाले निदु ।

प्रत्येक बर्षको भदौते निदु जनै पूर्णिमाको इस्याङ थाङिमपालि लाख्या उश्या उश्याक्योङ्दु । लापिलाङ राडेङा ०१६ सालङिनि नै थाङिमपालि लाख्या उश्याचा रायोङ्दु निदु । राडेङा होःयोङ्दु रोइमिपालिनामा थाङ्मिपालिए लाख्या उश्या उश्याचा रायोङ्दु निदु । नेपाल थामी समाज दोलखाको अध्यक्ष होमबहादुर थामीए लाख्या उश्या ०१६ सालङिनि नाइ थाङ्मिपालि रोइमिपालिनामा जोम्ते लाख्या उश्याचा रायोङ्दु निदु ।

तोए यासिन्,'साखालेकाई थाहा निदु कि लाख्या उश्या रोइमिडातिको थादु यासिते । तर, लापिलाङ देशेङा लाख्या उश्या रोइमिको मत्तै माथा । का उश्या थाङ्मिपालिको ओइ थादु निदु । ०१६ सालङिनि लापिलाङको थाङिमपालि रोइमिपालिनामा जोम्ते लाख्या उश्याचा रायोङ्ले निदु ।'

रोइमिडातिङा सिचा यादु मिको सम्भनाते लाख्या उश्या उश्यासा चलन होःदु निदु । का इस्याङ सिचा यादु मिको नेमङिनि नुइचा फान्दु आकार प्रकारते बिभिन्न क्रियाकलाप चिलेत्योङ्दु । तोकाई गाइजात्रा ओइ ङायोङ्दु । लाख्या उश्या ओइ त्यही इश्याङ चिलेत्योङ्दु । कावनि क्रियाकलापए सिचा यादु मिको परिवारङा आप्रा थासा किंवदन्ति होःदु निदु । बिशेषगरि कावनि चलन रोइमिडातिको परिवार थादु निदु ।

तर, लापिलाङ देशेङा कावनि चलन थाङिमडातिङा ओइ होःदु निदु । रोइमिको ओनि थाङ्मिको ओइ सिचा यादु मिको सम्भनाते नेमङिनि गाइजात्रा चिलेत्योङ्दु । तो नेमङिनि लाख्या ओइ चिलेत्योङ्दु । लाख्या चिउश्यासाकाई धिमे बाजा ओइ ताप्योङ्दु । कारियोङ्दु । साखाले देशेमि दि ठाइते जोम्ते लाख्या चिउश्याक्योङ्दु । देशेभर लाख्या चिउश्याते घुमाइसियोङ्दु ।

थामी समाजको अध्यक्ष होमए यासिन्,'रोइमिडातिको ओनि लापिलाङ देशेङा थाङ्मिपालिए सिचा यादु मिको सम्भनाते लाख्या चिउश्याक्योङ्दु । तोबाङए धिमे बाजा ओइ ताप्योङ्दु । लाख्या उश्यासाकाइ कारियोङ्दु ओइ । तो ओनि थादु लाख्या उश्या नन् रोइमिडातिको मत्तै माथाहान् । का उश्या नन् थाङ्मिपालिको ओइ साभा उश्या थाहान् ।' लापिलाङङा लिबिको खेप आहे रोश याहान् । रोशए आहे रोइमिपालिको नेम तेलुनो । तोबाङ बिस्थापित थाते काठमाडौं यायोङान् । तो थादुए देशेङा यामिञ्याङ रोइमिपालि माहोयोङ । हाविहाविको बर्षङा लाख्या उश्याको सुरुवात रोइमिपालिए नाइ लोयोङ्थ्यो । तर, देशेङ रोइमिपालि माहोःङालिबि लाख्या उश्या थाङ्मिपालिए नाइ उश्याक्योङ्दु ।

अध्यक्ष होमए यासिन्,'देशेङा यामिञ्याङ रोइमिडातिको संख्या उछिन्चा होःदु । देशेङा जेखाजेखा रोस याहान् । रोसए तोवाङको नेम तेलुनो । तोवाङ बिस्थापित थायोङ्न् । बसाइ साराइते काठमाडौं यायोङान् । तोनामा देशेङा लाख्या उश्यासा मि माइखालामान् । तो थादु यामिञ्या थाङ्मि नाइ लाख्या पहिञ्याइसिते उश्याक्योङ्दु । तोबाङए धिमे बाजा ओइ ताप्योङ्दु ।'

**लाख्या उश्या चरिकोटङा**

कालिञ्चोक गाउँपालिका–५ लापिलाङको हिलेजात्राते उश्याचा रासिदु उश्या यादु ६ भदौंङा दोलखाको सदरमुकाम चारिकोटङा ओइ चिखेत्सिन् । चरिकोटको सातदोबाटोते चिखेत्सिदु लाख्या उश्याते रोइमिनामा थाङिमपालि आइ सहभागि थायोङान् । उश्या आठे नाइ आप्रा निथ्यो । उश्याए साखालेको ध्यान तानाइसा सफल थाहान् । का उश्या चरिकोटते चिखेत्सिदु पहिलो पटक थादु निदु ।

यादु ६ भदौंको उनिसे लापिलाङको ६६ वर्षीय बिर्खबहादुर श्रेष्ठ चरिकोटते लाख्या थाते उश्यादु निथ्यो । तोकाइ देशेको थाङ्मिडातिए बाजा ताप्ते बेगाले पहिरन बुसिते छ्युसिदु शाक्पानामा उश्याक्योङ्थ्यो । चरिकोटङिनि ३ घण्टाको दुरिते निदु लापिलाङङिनि लाख्या उश्या चिखेत्सा सुए ओइ अनुमानसमेत मालोयोङ् निथ्यो । लापिलाङङिनि मेला महोत्सवङा ओइ नालेङतेका का उश्या माचिखेत्थ्यो । नेपाल थामी समाजको अध्यक्ष होमए यासिन्,'का भुन्दा हावि थाङ्मि सहभागि थादु लाख्या उश्या लापिलाङा मत्तै उश्यासिथ्यो । का उश्या चरिकोटते राते उश्यासिदु गरि पहिलो पटक थादु निदु । का उश्या आठे नाइ आप्रा निथ्यो । उश्याए साखालेको ध्यान तानाइनो । उश्या निते साखाले ताङ्योङान् ।'

लापिलाङङा गाईजात्राको इस्याङङिनि ५ इस्याङतेका हिलेजात्रा मानाइसा चलन होःदु । तर, तो जात्रा अभै ओभेलते पाराइले होःदु । थाङिम ङा रोइमिडाति जोम्ते लापिलाङते हिलेजात्रा मानाइचा राहुदु स्थानिय भक्तबहादुर थामीए यासिन् ।

**हारा थादु निदु लाख्या ?**

लाखे उश्या रोइमिडातिए विशेष जात्रा अथवा पर्वको उपलक्षते लाख्याको मुखुन्डो बुसिते उश्यासिदु परम्परागत उश्या थादु निदु । रोइमिडातिते विभिन्न प्रकारको उश्या उश्यासिदु निदु । प्राःय उश्या देविदेवताको थादु निदु । का मध्ये लाख्या उश्या आहे रोचक निदु । का उश्या गुँला पर्वते उपत्यकाको विभिन्न ठाइते ङा इन्द्र जात्राते काठमाडौंङा चिखेत्सिदु । मुख्यतया, नवदुर्गा उश्या भक्तपुर लगायत बनेपा, नाला, धुलिखेल, पनौती, साँगा, देवपत्तन आदि ठाइते चिखेच्सिदु ।

कृष्णकाइ सात्साकाइ कंसए हुमि पुतनाकाइ प्रयोग लोङुदु ङा पुतनाको मृत्युको कामना लोङ्ते राक्षसको स्वरूपते थाते रोइमिडातिङा लाख्या उश्या चिउश्यासा चलन होःदु । नाग पञ्चमीको इश्याङङिनि सुरु थादु पुतनाको मृत्युको कामना ऋषि पञ्चमिको इस्याङ सिदु सम्भनाते बन्दुक हाप्ते विर्सजन लोङ्सा चलन निदु । राक्षसको स्वरूपते बइसिदु खप्पर, कालिकाको मिङनामा मिकाइ सिंगाराइते लाख्या चिउश्यासा चलन थादु निदु । उपत्यकाते लाख्या उश्या चिउश्यासा प्रचलन कुतालेङिनि सुरु थाहान् यासिदु बिषयते अभै मतभेद निदु । राजा हरिसिंहदेवए सिम्रौनगढङिनि तलेजु भवानिकाइ उपत्यकाते केलुदु बेरेङ देविनामा लाख्याकाइ ओइ केलुदु यासिदु मत ओइ निदु । कतिपयए गुरि नुवाकोटङिनि केल्योङ्दु ठकुरि राजाए लाख्याकाइ उपत्यकाते केलुदु यासिदु तर्क ओइ होःदु ।

नेपाल भाषा वंशावलिअनुसार लाख्या उश्याको चलन राजा गुणकामदेवए सुरु चिलोङसदु यासिदु खाम ओइ होःदु । तर, राजा प्रताप मल्लका पालाङिनि मुकुट चिबुते लाख्या उश्या चिउश्यासिसा रासिदु निदु । लाख्या उश्या विशेष लोङ्ते धाः ङा भुस्याः बाजा ताप्ते उश्यासिदु । खिं, पछिमा, नायिखं, धिमे बाजा ताप्ते ओइ लाख्या उश्या चिउश्यासिदु । तो बाहेक चितालिङ ङा बाँसुरिको धुनते ओइ लाख्या उश्या चिउश्यासा चलन होःदु निदु ।

रोइमिडातिङा आहे प्रचलित निदु लाख्या उश्या जिल्लाङिनि लोप थासा अवस्था थाते ओइ लाख्या उश्या जिल्लाभर प्रचलित नाइ होःदु । रोइमिडातिको बाहुल्यता निदु जिल्लाको दर्जनौं ठाइते भुन्या का उश्याए उस्ताको ठाइ बनइले नाहुदु निदु ।रोइमि समुदायते लाख्याको खप्पर बनइसा ङा लाख्या चिलेत्सा बेरेङते पुजापाठ लोङ्सा प्रचलन निले ओइ लिबिको पुस्ताते लाख्या उश्या ताम्चा याले निदु । मुख्य लोङ्ते कृष्णजन्माष्टमीको इस्याङङिनि ऋषि पञ्चमीतेका चिउश्यासिदु लाख्या उश्या योःसा बेगाले समुदायको मिपालिको घुँचो लागाइदु इचिनिश्दु ।

## रोस यादु सडक योःसा मन्त्रि काफ्ले भमर्सिङा

सिँगटि । बागमती प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्रि कुन्दनराज काफ्लेए रोस याते अवरुद्ध दोलखा–सिँगटी सडकखण्ड अनुगमन लोङुले नाहुदु । तोए सडकखण्डको भमार्सी पहिरो प्रभावित क्षेत्रको स्थानियकाइ ओइ भेटाइनो ।

तो यादु शुक्रबार सडक डिभिजन कार्यालयको प्रमुख ङा कर्मचारिनामा पहिरोस्थल कालिञ्चोक– ४ को भमार्सी यालेत्दु निथ्यो । अनुगमनको क्रमते तोए द्रुत गतिते जेत दुम्ते यात्रुकाइ सेवा सुचारु लोङ्सा निर्देशन दिहुनो ।

आहे वहानाते सडक सञ्चालन ढिलाइ थादु यासिते का समस्या तत्काल हटइसा यासिन् । महिना इस्याङ हाबि दोलखा–सिँगटी सडकखण्डको भमार्सीते रोस यादु निथ्यो । रोसए सडक ओइ तेलुदु निथ्यो । तो थादु आवागमन प्रभावि थादु निथ्यो । डिभिजन सडक कार्यालय उछिगा अवधिको ठेक्का आह्वान लोङ्ते सडक एकातर्फि गुरी चलइले होःदु । तर, याशु चाबुहुदु जेखा बस ङा जेखा सवारी साधन भुन्या सञ्चालन माथाताकि ।

अनुगमनका क्रमते मन्त्रि काफ्लेए सडक अवरुद्ध थादुए सिंगो जिल्लाको उत्तरि क्षेत्र सडक सञ्जालङिनि विच्छेद थादु यासिन् । स्थानियको छ्यामार्चि ओसाराइसा सडक तुरुन्तै खोलाइसा खाम लोङुनो ।

कबिता

## गाइको दैनिक जीवन

बाछिन्टेको वागारेङा
आपानामा स्रेःङान गाई
उगो कुल्सा पाङ्क
फासा चावाङादु
दारेदाई
भोलाङिनि
किताव काइते,
पढइसिङान हुनामा
आमानामा आयुत्ते
ओलन च्याङान दुनाङा
आल्तारेङ ख्वात्सिते
सँधै स्कुल याङादु
तेतेनामा बोढाइतुङले

सोला च्याङादु
स्कुलङा याताङाले
बानपालीनामा होःङादु
गुरुआमाकाई आयुत्ते
ट्वाइलेट द्रोःङादु
स्कुल छुट्टि थाङालिबि
नेमदुङ्ङा याङादु
आप्रानामा पढइसिते
सँधै हावि याङादु
बुबुमान च्याताङाते
तेतेनामा आमिङान्
दुको आल्माङ नितुङले
आठे आरिङान

संवाद/सहित्य

## भुम्या रेङ

(आल्ताको नेमङा बछिन्टे नाइ नेमको देवा थासा थाले होःदु । देवाकाइ भुम्या रेङ चाहान् । रेङ काको नेमते याकाइको माइदु । आल्ता आमिले होःदु । आपाए रेङ याकाइसा आल्ताकाइ ङाहुनो ।)
आपा : रिता बछिन्टे थाहान । स्रेका त्याङ् ।
आल्ता : नाइ आपा गाइकाइ आमिसा प्याङ् ।
आपा : उनि तोको दुमान स्रेःका । देवाकाइ भुम्या रेङ चाहायान् । उच्यापाको नेमते याकायो ।
आल्ता : नाइ आपा गाइ याङ आमिङादु । (आल्ता सिरकङा गुटुमुटु यासिन् । धाबासि फर्कसिते आमियान् ।)
आपा : चामाइ स्रेःका नि । लोहोटाते पाङ्क नाहुन्ले नाहुन्दु । खेन जेःसे । उच्यापाको नेम रेङ याकायो । देवा लोङ्सा अवेर थाहान् ।
आल्ता : नाइ क्या आपा । गाइ याङ आमिङादु । विद्यालय ओइ छुट्टि निदु ।
केहि सिप मालागाइङा लिबि आपा रिताको कोठाङिनि प्रिङ लेतान् । देवा लोङ्सा सरासर बेगाले कोठाङा याहान् । देवाथानि योहुनो । भुम्या रेङवे काता नाइ कुम्को दुम्सिले होःसो । त्यहि बेला आल्ता देवाथानिङा केलेतान् । आल्त जेखा सारेए नुवायन्
आल्ता : हा...हा... भुम्या रेङबे गए बछिन्टे नाइ कुम्को दुमुन्थ्यो ।
आपा : गाइको आप्रा चामाइ । लु आमिसा या ।

## ३०औं विश्व आदिवासी दिवस मानाइसिन




**काठमाडौं ।** नेपाल थामी समाजए का वर्षको ३०औं अन्तर्राष्ट्रिय विश्व आदिवासी दिवस धुमधामनामा मानाइनो । यादु २५ साउनङा थामीडातिए धुमधामनामा विश्व आदिवासी दिवस मानायोङ्दु निदु ।

नेपाला आदिवासी जनजाति महासंघको आयोजनानामा समाजए आदिवासी दिवस मानाइदु निथ्यो । दिवसको अवसरते कमलादिते निदु प्रज्ञाप्रतिष्ठानको हलते जेखा कार्यक्रम थादु निथ्यो । कार्यक्रमते न्योम्बो आदिवासी जनजातिनामा थामीडातिए ओइ बिभिन्न सांस्कृति भाँकि चिखुदु निथ्यो । सांकृतिक पहिरननामा थामी षाराषार्मा दिवसते सहभागि थादु निथ्यो ।

नेपाल थामी समाजको अध्यक्ष रणबहादुर थामीए का बर्षको विश्व आदिवासी दिवस धुमधामनामा मानाइसिदु खाम लोङुनो । तोए यासिन्,'आमाकालेको बर्ष ओनि का खेप ओइ निए विश्व आदिवासी दिवस मानाइवान् । निए सांस्कृतिक भाँकी दिवसते चिलेत्वान् । आहे थामी षाराषार्मा सहभागि थायोङान् । बिशेषगरी कलाकारको टोलीपालिको दिवसते जेखा सहभागिता निथ्यो ।'कार्यक्रमते थामी कलाकारपालिए सै होले पुम्बा कारियोङ्थ्यो ।

गुरुआपा भुन्या टाके ताप्पे उश्याथ्यो । प्रज्ञाको हलङा ओइ का कार्यक्रम चिखेत्सिन् । कार्यक्रमते सहभागि न्योम्बो आदिवासी जनजातिपालिए थामीको उश्याकाइ आप्रा थाते योयोङ्दु निथ्यो । का अवसरते महासंघए तो इस्याङ विभिन्न कार्यक्रम लोङुदु निथ्यो ।

मातहत होःदु बिभिन्न जातिय संघ/संस्थाए दिवसते विशेष कार्यक्रम लोङ्ते मानायोङ्नो । त्यही क्रमते नेपाल थामी समाजए ओइ बिभिन्न सांस्कृति कार्यक्रमनामा सहभागि थादु निथ्यो ।

समाजको सचिव देव थामीए का वर्षको आदिवासी दिवस हाविको ओनी धुमधामनामा मानाइसिलु लोङुनो । तोए यासिन्,'प्रत्येक बर्षको २५ साउनमा विश्व आदिवासी दिवस मानाइसा चलन होःदु । का बर्ष ओइ निए का दिवस धुमधामनामा मानाइसिन् । काको लागि निए पहिलो चरणको छलफल लोङ्वान । ५० भुन्दा आहे थामी दिवसले सहभागि थाहान् । तोनामा बिभिन्न सांस्कृतिक भाँकी ओइ चिखेत्सिन् ।'तोवनी नेपालङा होःचा रायोङ्दु मुलुकभरको आदिवासी जनजातिए अन्तर्राष्ट्रिय आदिवासी जनजाति दिवस बिभिन्न कार्यक्रमनामा मानायोङ्नो । काका लागि बिभिन्न नारा ओइ बनइसिले निथ्यो । का भुन्दा हाविको बर्ष गुरी 'इन्डिजिनियस युथ एस अगेन्सट् अफ चेन्ज फर सेल्फ डिटरमिनेसन' नारानामा आदिवासी जनाजातिपालीए का वर्ष दिवस मनयोङ्ले नायोङ्दु निथ्यो ।

नाराको अर्थ उस्तेवाङए निर्धारण लोयोङ्दु अनुरुपको परिवर्तनको संवाहक आदिवासी षारापाली थादु निदु । आदिवासी षाराको सक्रियता ङा सशक्तीकरणते का वर्ष विशेष जोड पिसिदु नेपाल आदिवासी जनजाति महासंघए यासिले निदु ।दिवसको अवसरते जनजाति आयोगए कार्यक्रमको आयोजना लोङुदु थादुनिथ्यो ।

सन् १९९४ डिसेम्बर २३ को संयुक्त राष्ट्रसंघको साधारण सभाए अगस्त ९ तारिखकाई अन्तर्राष्ट्रिय आदिवासी दिवसको रूपते मनइसा अवधारणा हावि बढइदु थादु निथ्यो । संयुक्त राष्ट्रसंए काहावि नै सन् १९९४ ङिनि सन् २००४ तेका आदिवासी दशकको रूपते 'कर्म ङा मर्यादाकाई दशक' नारानामा आह्वान लोङुदु निथ्यो ।

का दिवसकाई संयुक्त राष्ट्रसंको लोगोकाई बंगलादेशको कलाकार रिबन देवानए तयार लोङुदु थादु निथ्यो । का लोगोते हरियो पातको निस्गोरे कुल्नावनी आकृतिते पृथ्वीकाई निसपट्टिङिनि घेराइदुवनी इचिनिश्दु ।

सोही सन्दर्भ पाराइते नेपाल आदिवासी जनजाति पत्रकार महासंघ(फोनिज)ए वै काठमाडौंङा कार्यक्रम लोङुले नाहुदु निदु ।

## करेन्ट थिते दिका सियान्

**सिगँटि ।** दोलखाको विगु गाउँपालिका–१ लामाबगर देशेङ करेन्ट थिते दिका मिको मृत्यु थाले निदु । मृत्यु थादु विगु गाउँपालिका–१ लामाबगरते होःदु ७१ वर्षीय रामकुमार श्रेष्ठ थादु निदु ।

रामकुमार लामाबगरको सिस्नेरि यासिदु ठाइङा ठि कोटेसा यादुथ्यो । त्यहिबेरेङ तोए करेन्ट थितोले । तोकाइ करेन्ट लागायान् । त्यहि थादुए तोको मृत्यु याथादु विगु गााउँपालिका –१ का वडा अध्यक्ष मेमबहादुर तामाङए यासिन् ।

तो यादु साता ठि काटेसा सिस्नेरि यासिदु रुङङा यादु निथ्यो । अबेरतेका नेमते माकेल्ङालिबि तोकाइ दाङ्सा परिवारको मि रुङ यायोङ्थ्यो । त्यहि बेरेङ तो मृत अवस्थाते रुङङा इभेटाइथ्यो । तोए खेरते चप्पल ङा आप्रो नाते चिउरिको ठि काटेरसा रुङा लुन्थ्यो ।

त्यही बेरेङ तोकाइ करेन्ट लागाइते सिदु स्थानिय प्रहरीको खाम होःदु । तो स्थानिय यादवप्रसाद आर्चयको नेमते यादु ३० वर्षङिनि जेत लोङ्चा राहुदु निथ्यो ।

## नेताए एम्बुलेन्स पिहुनो

एम्बुलेन्स खालाम्ङा लिबि बिरामि मिकाइ मिए चाबुते अस्पताल हेन्सा दुखः समाप्त थादु भिमेश्वर नपा वडा नं. ८ को वडा अध्यक्ष काजि बुढाथोकिए यासिन् । एम्बुलेन्स माहोदु थादु बिरामिकाइ समयते नाइ अस्पताल हेन्सा समस्या निथ्यो ।

**चारिकोट ।** नेपाली कांग्रेसको नेता तथा पुर्व सांसद जिपछिरिङ लामाए दोलखाको निस्गारे स्वास्थ्य चौकिकाइ एम्बुलेन्स पिहुले नाहुदु । समाजसेवि लामाको दोलखा गृह जिल्ला थादु ।

लामाए भीमेश्वर नगरपालिका वडा नं ८ को बोच स्वास्थ्य चौकि ङा विगु गाउँपालिका वडा नं १ ते निदु गोंगर स्वास्थ्य चौकिकाइ दि/दिगारे एम्बुलेन्स सहयोग पिहुदु निदु । तेङिमा दाडोमा फाउण्डेसनको नामेते तोए एम्बुलेन्स सहायोग लोङुदु थादु । तो काभुन्दा हाबि ओइ दोलखा तथा काठमाडौंको बिभिन्न स्वास्थ्य चौकिकाइ एम्बुलेन्स पिहुले नाहुदु ।

एम्बुलेन्स खालाम्ङा लिबि बिरामि मिकाइ मिए चाबुते अस्पताल हेन्सा दुखः समाप्त थादु भिमेश्वर नपा वडा नं. ८ को वडा अध्यक्ष काजि बुढाथोकिए यासिन् । एम्बुलेन्स माहोदु थादु बिरामिकाइ समयते नाइ अस्पताल हेन्सा समस्या निथ्यो । एम्बुलेन्स खालाम्ङालिबि स्थानिय मिपालि ताङ्योङ्दु वडा अध्यक्ष बुढाथोकिको खाम होःदु निदु ।

विगु गाउँपालिका वडा नम्बर १ को स्थानियपालि ओइ एम्बुलेन्स खालाम्ङालिबि ताङ्योङ्ले होःदु । नन् बिरामिकाइ समयते नाइ अस्पताल चिहेन्सा इथान्दु यासिते वडा वडाअध्यक्ष मेमबहादुर तामाङए यासिन् ।

कांग्रेस नेता लामाए का भुन्दा हावि दोलखाको ९ वटै स्थानीय तहकाइ दि/दि गोरे एम्बुलेन्स पिहुले नाहुदु । तोवनि निस्गोरे नगरपालिकाङा सञ्चालित अस्पतालकाइ ओइ तोए दि/दि गोरे शब बाहन पिहुले नाहुदु । जिल्लाको मिपालि समयते नाइ अस्पताल हेन्सा एथायोङो यासिते एम्बुलेन्स पिसिदु नेता लामाको खाम होःदु । तोए यासिन्,'गाइ दुर्गम देशेङा जन्मइङान् । देशेङा रोग लागाइदु मि उपचार माखालाम्योङ्ते सियोङ्दु निहुनुङ । अस्पताल हेन्सा घण्टौ चावासा पारायान् । तो थादुए गए एम्बुलेन्स पिहुन्दु निदु ।'

# छोसेक पुडायोङ्नो

**चरिकोट ।** दोलखाको आदिवासि जिरेलडातिए 'छ्याङ्बो छोसेक' ठोत्योङ्ले नायोङ्दु । यादु ३ भदौंङा थादु जनैपुर्णिमाको इस्याङ जिरेलडातिए छोसेक पुडायोङ्दु थादु ।

जिरेलडातिङा छोसेकको जेखा महत्व थादु । देवाकाइ निम्तो पिसा उद्देश्यए का देवा पुडासिदु थादु । का देवा पुडासाकाइ त्रिशुल, घन्टि, डमरु, रुद्राक्षको माला, खादा, देवाको खिपा, रक्सि, वालफुल, फुलपाति आवश्यक पाराइदु । देवाकाइ खुसि लोङ्सा उद्देश्यए जिरेलडाति का देवा पुडायोङ्दु थादु ।

देवा पुडासाकाइ देशेको मुल गुरुआपा आवश्यक थादु । मुल गुरु जेखाजेखा मन्त्र खसिते माङङा उबो रङको जामा बुसिदु । तोए कापुते पगरि ओइ छ्युसिदु । माङङा राक्शामाला ख्वात्सिदु । टोके टाप्ते देवाकाइ पुडाहुदु । गुरुआपाए टाके ताप्ङालिबि न्योम्बो शारापालिए ओइ भ्याम्मटा ङा टाके टाप्योङ्दु । गुरुआपाए देवाकाइ ओरोहुदु । तोङिनि जिरेल संस्कार अनुसार बोजु पूजा पुडाहुदु ।

देवाथानिले आहे शाराशार्मा केल्योङ्दु । तोबाङए देवाथानिङा गच्छे अनुसारको भेटि ङा वाको आहुम चढयोङ्दु । तोवाङ गुरुआपानामा मन्त्र खासिते वारायोङ्दु ओइ ।



प्रत्येक बर्ष जनैपूर्णिमा बेरेङ मुल गुरुआपाको नेमङिनि का देवा सुरु थादु । का देवा न्योम्बो जिरेलपालिको नेमङा ओइ थादु । पञ्चति तिथितेका का देवा पुडा चलन थादु । का बेरेङ देवाथानिङ केल्योङदु मिपालिए गुरुआपाकाइ ङाते जोखाना ओइ चियोस्योङ्दु । दोलखा क्षेत्रपाको स्थानिय भिममाया जिरेलए यासिन्,'का अवसरते पितृपालिको आत्माकाइ उरोउते पितृनामा दोहोरा खाम थादु । का बेरेङ पितृपालिए सन्तानकाइ सन्देश पियोङ्दु । तोबाङ आप्रा थादु रा माथा तो खाम ओइ ङायोङ्दु ।' जिरेलडातिए मंसिरङा थादु धान्य पूर्णिमाङा ओइ पुडाते देवा उरोयोङ्दु । तो बेरेङ तोबाङए पुकार ओइ आमात्योङ्दु । क्षेत्रपाका जिरेलपालिए जिल्लाते थादु विभिन्न महोत्सव तथा साँस्कृतिक कार्यक्रमते भाँकिनामा सहभागि थायोङ्दु गुरुआपा भक्त बहादुर जिरेलए यासिन् । परम्पराङिनि नाइ मानाइचा रासिदु संस्कृतिकाइ जोगाइते नाःसाकाइ का कार्यक्रमते सहभागि थासिदु खाम तोको होःदु । राष्ट्रिय जनगणना २०७८ अनुसार दोलखाको बैतेश्वर गाउँपालिकाङा मत्तै जरेलडातिको संख्या ४ सय १४ होःदु भुन्या दोलखा जिल्लाङा जिरेलडातिको संख्या ४ हजार ४ सय ९४ होःदु । दोलखाको क्षेत्रपा, जुँगु ङा जिरिङा जिरेलपालिको जेखा बसोबास होःदु ।

प्रत्येक बर्ष जनैपूर्णिमा बेरेङ मुल गुरुआपाको नेमङिनि का देवा सुरु थादु । का देवा न्योम्बो जिरेलपालिको नेमङा ओइ थादु । पञ्चति तिथितेका का देवा पुडा चलन थादु । का बेरेङ देवाथानिङ केल्योङदु मिपालिए गुरुआपाकाइ ङाते जोखाना ओइ चियोस्योङ्दु ।




# ‘आम्के लोलीमुल्केम प्लोइँयितक्य् गेःमी गुइँदुरेश्शा हार्चा माल्ब’

## मनिषा सुनुवार
## अध्यक्ष, सुनुवार विद्यार्थी समाज

**दोलखा जिल्ला जिरी नगर पालिका ठूलपातल देल्बु बाविच दिलबहादुर जिजिच् सुनुवार नु ममा रेविका सुनुवार आसतमी मनिषा सुनुवार नमी। आँ मुलिच्ची बिबिएसमी रेन्नारेन्न बाऽतेमे । सुनुवारान्के हकहितमी, जातिय पहिचानमी, सुनुवार विद्यार्थी आन्के ब्लिप्सीका/एकतामी मिनु अर संस्थाला पशो काईल पितिमी दाईःश्या सुनुवार विद्यार्थी समाज (सुविस)ङा तौँबुस (अध्यक्ष) मनिषा सुनुवारनु गोरखापत्र नयाँनेपाल सुनुवार भाषा पेजङा संयोजक लोकप्रिय सुनुवारनु पशो लोःसी ।**

**() एको सुविस गेनारे सेल्सीशोमे मिनु हजूर गेनारेङा एको संस्थाके तौँबुसमी योसिचा दुम्श्यो ननी । एको संस्था मर लक्ष उद्देश्य वाईश्या सेल्सीशोमे ?**

अबासिन सुनुवार आन्के तम्तौ कलेजम् रेब्बिच विद्यार्थी आन्कली संगठित पशा सुनुवार जातिके शिक्षा, भाषा, संस्कृति मिनु विद्यार्थी ब्लिप्सीका/एकता पचाकली सेल्सीशो संस्था हो । नेपालङा विभिन्न जिल्लाला काठमाण्डौमी जाऽशा रेब्बीच कोइँच युवा आन्के हितमी गेग्योप्तीक्य् कोइँचके अबासिन विकास पचाकली सुसेसके भात्र संस्था रुपमी सेल्सीशो संस्था हो। एको सुविस २०५४ सालरे जोल्शो हो। गोर्चौं एको लशो २०७९।०५।२५। रेङा सातौं सम्मेलनरे एको संस्थाङा तौँबुसमी योसिशो नङ ।

**() सुनुवार विद्यार्थी पिकी सुविस संस्थाला मरमर पचाकली बरीजम्दपा दुल्चा दुम्मे मिनु ?**

खासखासम् एको सातौं समितिला गठित दुम्श्यो गो पिकिमी सुनुवार बुम्देल/समूदयकली शिक्षाके लाँःरेपा चौतर्फी विकास पपाईचाकली, रिपूच/दक्षता, शिप मिनु कलाके विकास पपाईतिकेमी, राग्यङा दरागुइँदाच/प्रशासनिक, जेल्सीच/न्यायिक, होप्नाम्सीच/राजनीतिक, सुरक्षा खोदेब पिकिमी ओःचा/प्रवेश पचाकली हुची पोअ्ोचा (प्रेरणा जगेचा) कली गेःपतिक्य् लक्ष हो। मेःमोपान राष्ट्रिय नु अन्तर ाष्ट्रिय स्तरङा प्रतिस्पर्धामी खशा राम्ने चाप्तीक् आँट पपाईतिक्य् क्षमताके विकास पपाईचाकली नेल्ल टिम हाल्शा दुल्शा गेग्योप्चाकली कटीबध्द दुम्श्या संस्थामी दुल्शो छौं।

**() निःशुल्क लोक सेवा तयारी कक्षा गेनारे मिनु दो–दोपा सुसु आन्कली काईल खाप्शा पिशो छ ?**

नेपाल सरकारङा विभिन्न पदमी जागिर जचाकली लोक सेवा आयोग गेशा पास पशा सेवा प्रवेश पने सुनुवारमीयो चब्मेल दैँश्यो उद्देश्य वाईश्या सुविसमी २०७३।०९।०९। रेङा सुसेस ग्लुमोखौं/सामाजिक भवनमी निशुल्क लोक सेवा प्रवेश तयारी कक्षा संचालन पनापन पिश्योब्।

सुनुवार पिकी शलाफैंसपा मबामल, खुरिनदाँखिनपा रेच्चासेच्चा जोअ्ोशा अर मुर पिक्यनु कम्पुटेशनपा ग्लाशा नेःग्लुइँशा हरेक सरकारी विभागङा तहतप्कामी जादिन्ने चब्मेल दैँश्यो हाल्शोथुँ वाईश्या एको लोक सेवा तयारी कक्षा सुविसला थेसिशोब् । तयारी कक्षा सञ्चालन पचाकली सुविसङा महासचिवके संयोजकत्वमी मिनु वरिष्ठ उपाध्यक्षके अक्खीच/आर्थिक संयोजकत्वमी केटोस रेएशा खुप्शा ताँगेपा मिनु मुलिच्ची सरकारी सेवामी जाईविच सुनुवार ग्योम्रो/हाकिम आन्लाँला मोःशे/निःशुल्क लोक सेवा तयारी कक्षा खर्दार, सुब्बा मिनु शाखा अधिकृत समङ कक्षा संचालनपा पिश्योब् ।

**() निःशुल्क लोक सेवा तयारी कक्षा संचालन पशोनु दोशोमी सेल्मी/तालीममी भाग ब्लाँमे मिनु दोश्योमी पास पाँःमेश्याँ श्योःचा दुम्बाकौं ?**

सुविसला थेःसिशो निःशुल्क लोक सेवा तयारी कक्षाके खतापिता पचा माल्दानु सुरुप्मी ३५ जनामी भाग ब्लाम्तेमे । मेकोबेला काः जनाईयो पास पने मचबमे । दोश्रो लटमी काः ना.सु.मी मिनु निःशी खर्दारमी पास दुम्तेमे । मुल जाअ्शो विज्ञापनकली तेश्रो लटङाईयो आयोजना पतिक्य् ताँगे पनापन छौं। लोक सेवा पास पाईविच विद्यार्थी पिकिमचौं यमकुमारी गाउँ पालिका सहायक पाँचौमी मिनु अशोक सुनुवार वन विभाग नुवाकोट जिल्लामी पोष्टीङ दुम्तेमे । मेःमोपान सुरक्षागेमी नेः ग्लुइँश्यो छ।

**() सुविसमी अर मर–मर गेःपिकी पचा दुम्मे मिनु ?**

मुलिच्ची सुविसमी गेःपिकी शुशन छन् । नियमित बैठक बाऽशा विभिन्न गेःके निर्णय पशा विधानसम्मत मोइत बार्शो छौं। संस्थाके दुम्खौं सेल्शो छौ. । अनलाईनला ४५ जना आन्कली व्यवस्थापन तथा माईन्युटिङ सेल्मी/तालीम पपाइँसाव । जलवायु परिवर्तन पितिमी मिनु आदिवासी जनजाति आन्के जल, जमिन, जंगल पितिमी ४२ जना आन्कली सहभागी पपाईश्यो । अर जातिय संघ संस्था पिकिनु ब्लिप्शा दुल्शा ग्याइँशिरेलापा विभिन्न कार्यक्रम मिनु झाँकी पिकि कोइँश्या हार्तिक बार्तिक गेः पाइँसत । सुनुवार भाषाला हाजिरी जवाफ प्रतियोगिता खोदेब भाषा तथा संस्कृति प्लोइँतिक्य् गेःपिकी पशो ।

९ जिल्ला लाँपा प्रतिनिधि श्योल्शा जिल्ला समन्वय समिति आन्के दुल्सीमी/सहभागितामी संस्थाके साधरण सभा पाइँसाउ । सुनुवार विद्यार्थी आन्कली कार्यक्रम आयोजना पशा छात्रबृत्ति कोष दाता प्रतिनिधि आन्के गुईला छात्रवृत्ति कोष वितरण पाइँसाउ ।

आदिवासी जनजाति विद्यार्थी महासंघमी सुनुवार विद्यार्थी समाजङा अक्खबुस/कोषाध्यक्ष नवीन सुनुवारकली मेक्यूङाईयो अक्खबुस/कोषाध्यक्षमी दुम्पाईचा सफल दुम्साउ । अर संस्था पिक्यूनुईयो बुम्थागे/सहकार्य बरीजम्दापा पशापिश्योब् ।

**() सुविसके संगठन विस्तार ते–ते पचा दुम्मे मिनु ?**

सुविसके संगठन विस्तार पतिके ताँगेमी सुविस संघीय समितिला टोली योःसिशा अँकार्यकालमी संगठन विस्तारके लोःपचा माल्दानु सुनसरी, झापा, मोरङ, पाँचथर, ताप्लेजुङ, उदयपूर, सिन्धुली, काठमाण्डौ, भक्तपूर नु ललितपूर पिकिमी पशो । मिनु जिल्ला समन्वय समिति मिनुमेकेङा गाउँ वा नगर समिति पिकीयो गठन पाइँस्ताव । बाँकी जिल्ला पिकिमीयो संगठन विस्तारपा कलमचलम पपाईतिक्य् ताँगेमी छौ. । मुलिच्ची दशवडा सुविस जिल्ला समन्वय समिति पिकी क्रियाशिल छन् । रामेछाप, ओखलढुङ्गा, दोलखाङा क्षेत्रमीयो संगठन विस्तार पतिक्य् ताँःमी/क्रममा छौं ।

**() मुल जाऽशो न्हाःतमी मर–मर पचा कार्यक्रम छ ?**

सुनुवार विद्यार्थी समाजके विधानके अधिनमी लिशा बार्षिक कार्यक्रम नु अर शुशन गेःपतिक्य् पाइँसिब । एको जाऽशो पुसङा लटमी समयम् सूचना गेशा नेल्कली निःशुल्क लोक सेवा तयारी कक्षा संचालन पपाईतिक्य् योजना छ । मोशे शैंतिक्य्/निःशुल्क शैंतिक्य् सेल्मीमी/तालीममा शुश सहभागी पपाईतिक्य् कार्यक्रम छ । सुनुवार लोलीमुल्केम/भाषा संस्कृति, लोलीलोः/भाषा, औडियो/भिडियो, लेखनला अभिवृध्दि पतिक्य् योजना छ । सुनुवार विद्यार्थी अक्षय कोष चिनु बार्पाईश्या छात्रवृत्तिके दायरा बार्पाईतिक्य् योजना छ । नर्सिङ नु अर व्यवसायिक पढाई पपाईतिक्य् गेङा विधाकली रोजगार तथा स्वरोजगार मुलक पने चाप्तिक्य् विधाङा रेच्चा/पढाईकली प्राथमिकता गेशा सञ्चालन पतिक्य् ताँगे पनापन छौं। कोचादुम मरदुम्बा। चेरेदुम !

# किराँतान्कली मर्दैंश्या कीर्वा दैँश्यो बाऽमाश्याँ



■ लोकप्रिय सुनुवार

किराँतान्कली मर्दे किरुवा दैँश्या बाऽमा दैँश्या रिरिखिखीपशा कोशोनु किराँत राई, लिम्बू, सुनुवार, याक्खा कलला ममे अर जातान्कलीयो ङरोथरो देब्रा कोशा काःकाः जातिय नेया दैँश्यो बाऽवात । शुरुपकली काठा, केङ्गेरकली खशेत्रा, गो किराँत सुनुवार, राई, लिम्बू, याक्खा, जिरेल, सुरेलकली किरुवा, चितुवा, लैंजकली पाटे, सिबर नु सम्जकली भोटे, टेपा देबातेमे ।

मेःमोपान कलाकली लैंडा, लाऽबेकली जाडे/जाड, भुजेलकली बजिया, कुशुलनोबकली चमारे, तुष्थेलकली डाँग्रा, बुँबेलकली डुम्रा दैँश्यो ताइँसिब । नेल्कली कोईके काम विशेष, कोईकली बाऽतिक्य् राग्य , कोईके देब्रा विशेष, कोईकली जचातुचाके पितिमी तपनामला दैँश्या पिशो बाऽबात । एको लोःला गाईःतमेके देःबातेमे ।

एकोन काः जातिय स्वभाव विशेषताकली दैँश्यो बामेत । एकोमी तेकोई जातकली तोःशा हिंसापा लोपशोचौं मबा । मेःमोपत्के गो कोइँच सुनुवार इयिँकली सुकैमी गाइःशया वाइँशमुरकली किरुवा, चितुवा मिनु मिशमुरकली किरुवानी चितुवानी दैँश्यो बाऽमात दैँश्या रुप्चा माल्ताउ ।

किराँतकली मर्दे चितुवा किरुवा दैँश्यो बाऽमा दैँश्या रुप्शा कोशोनु गो किराँती पिकी जोई/बाघ, श्याँका/चितुवा बुद्पा खडचुड/छुचा दुम्तके मिनु रिसाह दुम्तके मो दैँश्यो बाँमाबात दैँश्या रुम्सीब । किराँत कोइँच सुनुवार पिकिमी शिकार पचामी रिपू दुम्तके मेकोबेलाङा राजामी रोकोश, किश्श, कस्तुरी किश्शे, डाँफेमुनाल, मयूर, थेल्मी, राँबी, जरायो, खरायो, जोईके कोऽते/छाला, वाँःके खाईल/पित्त, अ्वाक्य्पो/बदेल खोदेब शिकार साईशा चाऽतिक्य् होपो/सरकारके हुकुम तशा राजाके हजूरमी चढेचा माल्बात। शेचिबगेः/शिकार पशा पिश्योम्पत्के मेको बेलाङा सरकारमी ‘शिकारी सुनुवार’ दर्जा गेश्यो ताइँसिब । मेःमोपान अ्वाक्शे/माछा दुँवालो दाईश्या साईशा चाःतके मेङङो/तितेमाछा अनिवार्य होपो/सरकारकली चाऽशा गेतके ‘दुवालबन्दी सिपाही’ तथा ‘शिकारी सुनुवार’ ननी दैँश्या राजाला लिखित लालमोहर सदरपा ब्लेऽशा गेशो ताइँसिब । किराँत कोइँच सुनुवार पिकी जोईवाँ/बाघभालु खोदेब हिंचङा ह्रिंसक जनवारके शिकार पने चाब्ब मिनु जोई साईचा रिपू दुम्तके जोई शयाँका किरा/चितुवा साईविच किरुवा, चितुवा दैँश्योईयो दुम्ने चाब्ब । जोईशे अ्वाम्तेम/खाए दैँश्या तोऽशादिप्शा चितुवा किरुवा दैँशोईयो रुम्सीब । मर्देङना कोइँच पिकिमी जोई, वाँ, पिकिच, काईश्य, मिम्द/छिचिमिरा, सूर्बके चाईब, कोश/पाहा जतिकेला दैँशो बाऽमा मै दैँश्याइःयो रुम्सीब । अर लोः मर्लाबात ङनैयो काःद् किराँत पिक्यान्कली किरुवा दैँश्यो ताइँसिब ।

मुर तुम्मुचा बोतङना चुब कूर्शा क्योर्मूचा दैँश्यो जोलजोलमी ग्यार्शो खोदेब दुम्बा । गाईःतामङना चुब ग्लिःश्योल्शा गेम्निमीन । बेसा चूमति/रिसाह बाऽनिम्श्याँ । जोईश्याँका खोदेब देब्रा/स्वभावङा बाऽतिके सुनुवारकली चितुवा दैँश्योईःयो दुम्ने चाब्ब । जोई फूँरेःलु/हिमालमेर बाबिच श्याँकारेलु/हिउँचितुवा हो । थेमरु/पाहाड बाबिच श्याँका जोई/चितुवा, जोई/बाघ मिनु दिमरु/तराईमी चुरे पहाडमी बाबिच गुप्स/सिंह, जोई, श्याँका जोई पिक्य् बाऽनिमी । जोईके शिकार पतिके शुशन राग्यमेर ब्लेब्लेश्शा खिँरु गेशा शिकारी सुनुवारन्कली जोई साईपाईतिक्य् गेः पपाईनिमी । सुनुवार पिकिमी जोई दोपा मरमरपा साईचा माल्ब दैँश्या तुईनिमी। तेको जोईकली मरपा साईचामाल्ब मेको आन्कली गेफेरिच/पेशागत रुपमी जोअ्ोशो बाऽनिमी । उदाहरणकली दैँश्योनु रामेछापङा भीरपानीमी जोईमी साप्पा शेत गेशोने । खिँङा वस्तुभाउ मुर मिश्यल आलब्लेप्च खिँखिँम जोई जाऽशा साईःतके शिकारी सुनुवार आन्कली माल्शा चाऽशा खिँरु/घरबारी गेशा भीरपानी पूँखीमी जेशा दुकुकपा न्हाःकोशमी जोई बातिक्य् रागीमी शिकारी सुनुवारम् सुदामपा जोई सिप्शोनम् देःनिमी । मुलैयो अन्तला बत्तेशा जोई जाऽतेमङना भीरपानीङा पूँखीमी खुईश्या बाऽशा मरैमरै सोङगेल पोःबाऽत । मेकोबेला मेक्यूङा शिकारी सुनुवार पिकिमी साईबातेमे । कोइँच पिकिमी जोई साईचा रिपू दुम्तकेईयो पेशागत रुपला चितुवा दैँश्यो बाऽमाकौं दाप्सीब । शिकारी सुनुवार पिकिमी जोईकली अ्वार्द मोईश्या, जोईकिबू/बाघखोर सेल्शा, पेङ/बन्दुक गोली कूर्पा धर्जन दाईश्या, ग्याईल दाईश्या, बन्दुकमी ताकेशा आप्शा साईनिमी । जोईमी साईश्यो शिकारमी नोःले ओथ् जाऽमेनु बेलदे ओशेर/बीष कूर्पा जचागेशाईयो साईशा प्लोइँनिमी। भीरपानीमीयो नेल्ल जोई सिप्शा खलकपूर पोशो देबातेमे । मेकेमी मुलैयो शिकारी सुनुवार पिकी मेकेन पुस्तौनी बाऽशा पिशो नमी ।

जोई साईश्या जोईशे अ्वतिकेईयो चितुवा, किरा दैँश्यो नम्कौं । शेबेरी सुनुवारान्कली जोईशे, वाँशे, रोकोश किश्श शे, पिकिचशे, काश्श्यशे, चिबशे, खोलाङा कोश्शे/पाहाको मासु, मिम्द/छिचीमीरा, सूर्बुके चाईब/मौरीको बच्चा नेल्ल चिरोचिरोपा सेल्शा जाइँसिब ।


मुल्ङा तौँलो/कानूनमी साईचा मगेब । वातावरण सन्तुलन वाईचाकली ईकोसिस्टमम् मरैमरैला नेल्कली प्रत्यक्ष अप्रत्यक्ष गेःलाप्तके मिनु मबाऽथु मदुम्तके जोईकली राष्ट्रिय निकुञ्जमी सरकारला प्लोइँशा वाईश्यो ताइँसिब । ईकोसिस्टम अथ्वा वातावरण सन्तुलनकली जोईवाँ, बुस, सेद मरैमरैकली प्लोइँश्योनुला गोईयो ब्लोइँसिब दैँशोलो वैज्ञानिक पिकीला पत्ता लायत्के सरकारम् मो पशोत् । जोई अ्वाक्य्ङा होपो/जंगलको राजा दुम्तके जोई बाऽतिकेमी जंगल सप्रेब, रोकोश किश्श फोइँश्यो ताइँसिनिमी । मरैमरै जनवार नु प्राणीचराचर एकापसमी मतुईःथु दुश्मनला ममे सहयोगी दुम्श्या ‘फुल्लुभोरङा खपी मिनु खपीभोरङा फुल्लु’ दैँश्योत ।

ईकोसिस्टम दिईतके सरकारला सन्तुलन वाईश्या प्लोइँतिक्य् पशोब। जोई ग्लुमा/छाउरीकली १५ रेङा ४० वर्ग किलोमिटर मिनु दुमाजोई/डाँगोबाघ कली २५ देखि ६० वर्ग किलोमिटरङा क्षेत्रफलमी राजा दुम्श्या बाऽब । मेको अक्षेत्रमी अर जोई वा मरै जातङना सिब्ब । जोई जोई राम्शीपशा साईमुईनिम ।

मेःमोपत्के राग्काम् मरिःशो जोई आन्कली अन्त अ्वाक्य्के सरकारमी याऽतिक्य् ताँगे पशो ताइँसिब । मपाप्तुङना जोई आमिन राम्शीकेशीपा साईमुईनिम् । जोईमी कालेम लेवडा/चारवडासम् क्योँकुर/डमरु पाईब । एको मरैमरै कोशोनु गो किराँतकली श्याँका खोदेब मुर पिकिमी छुचा दुम्तके चितुवा दैँश्यो बाऽमाबात मिनु अर मुरान्कलीयो आन्के ङरोथरोङा देब्रा कोशा बोनीबत्रोतिक्य् कोशा गाईश्योनु जातिय विशेष दैँश्या पिशो ताइँसिब । गाईःचाकेङा मर्दे मोर्दैँश्यो बाऽमा परम्पराकली राईःचा माल्बमेबात दैँश्या रुम्सीब । चेरेदुम !

## ‘पृथ्वीको श्वेत पत्र’ ख्योपत ग्लुमाग्लुइँशी दुम्त



■ बिमला सुनुवार

एको लशोसुब्नाच थैंःका २५ होल्फनाअ्त कवि तथा गीतकार अमरदीप सुनुवारमी ब्लेऽसे पशो कविता संग्रह ‘पृथ्वीको श्वेतपत्र’ ग्लुमाग्लुइँसी/विमोचन दुम्त ।

होल्फनाअ्त/शुक्रबार मुल्की मुरनाम्च नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीम् प्रतिष्ठानङा कुलपति भूपाल राई मिनु अर मुरनाम्च पिकिमी नेल्लम् काथ्काम् ‘पृथ्वीको श्वेतपत्र’ नेःया पाईश्यो ख्योपत ग्लुमाग्लुइँशी/विमोचन पाम्तेमे । कवि सुनुवारके कवितामी समसामयिक होप्नाम्सीच/राजनीति नु रुम्देल/समाज पितिमी थोशा ब्लेऽश्योतेमे ।

सुनुवारके कविता विमोचन कार्यक्रममी मुरनाम्च/अतिथि पिकी, साहित्यकार मोमिला जोशी, राजकुमार बानियाँ, सुशान्त गुरुङ, बिमला तुम्केवा पिकिमी समीक्षा, टिप्पणी पाम्तेमे ।

सुनुवारके मोइत काव्यकृति उत्कृष्ठ दुम्श्या सरल भाषामी गहन अभिव्यक्ति पने चाप्तके आन ब्लेऽशो ख्योपत सक्षम दुम्शो लोः वाईःतेमे ।

कवि सुनुवारमी ४७ वडा कविता पिक्यान्कल १३१ पृष्ठमी साप्श्योतेमे । मेमोपान एको होल्फनाअ्तन कवि तथा कुम्शोरेविच सुनुवारमी ब्लेऽश्यो दूर्दा/शब्दमी नक इम्चीआलान्कल कुम्सो ‘आँगनीमा नाच चरी’ कुम्सोइयो सार्वजनिक दुम्त । मुलसम् आनग्लुइँश्यो रचना पिकिमी “आमा”, “सुपर मार्केट”, “आधुनिक चराहरु”, “आस्थाहरु”, “मेरो गाउँ”, “शहिद गेटसितका प्रश्नहरु”, “मेरो लिखु”, “वाग्मती प्रेम”, “सगरमाथा चढिरहेको आरोहि”, “राष्ट्रियगान गाइरहेको बालबालिका”, “एक गैरआवासीय नेपालीको डायरी”, “बगरका ढुंगाहरु” मिनु “दिन रात सधैं सधैं” पिकी नमी ।

बहुप्रतिभाके थिविच कवि आन्के गेफेर/पेशामी नेपाल सरकारमी गृहमन्त्रालयङा उपसचिव नमी ।

आँ काः सुनुवार जातिके आस्कुन सोर नमी । आन्के मुलजाऽश्यो न्हाःतिमीयो एको औंदेप्पा लगातार साहित्य रचना पिकी कोचा ताइँसेल । चेरेदुम !

## सुसेस गोकर्णेश्वरमी तौँ ख्लोप्ताउ



■ शारदा किराँत सुनुवार

शिकारी सुनुवार पिकिमी जोईकली अ्वार्द मोईश्या, जोईकिबू/बाघखोर सेल्शा, पेङ/बन्दुक गोली कूर्पा धर्जन दाईश्या, ग्याईल दाईश्या, बन्दुकमी ताकेशा आप्शा साईनिमी । जोईमी साईश्यो शिकारमी नोःले ओथ् जाऽमेनु बेलदे ओशेर/बीष कूर्पा जचागेशाईयो साईशा प्लोइँनिमी । भीरपानीमीयो नेल्ल जोई सिप्शा खलकपूर पोशो देबातेमे । मेकेमी मुलैयो शिकारी सुनुवार पिकी मेकेन पुस्तौनी बाऽशा पिशो नमी ।

साबेर भदौ १० गते न्हाःत यज्ञडोल जगडोल सामूदायिक वन गोकर्णेश्वर नपा वडा नं ४ ङा सामूदायिक वन सचिवालय भवनमी दुम्श्यो सम्मेलनमी सुनुवार सेवा समाज गोकर्णेश्वर नगर समितिमी चौथो नगर सम्मेलनके आयोजना पाप्तु । सम्मेलनङा तौँबुस/अध्यक्ष बेदबहादुर सुनुवारमी अध्यक्षता पचादुम्त । मुल्की मुरनाम्च/प्रमुख अतिथिमी सुनुवार सेवा समाज संघीय समितिङा तौँबुस अमृत सुनुवार, मुरनाम्च/अतिथि पिकिमी राष्ट्रिय शहिद पार्क तथा यज्ञडोल जगडोल सामूदायिक वन समितिङा अध्यक्ष सुदर्शन सिग्देल, नेपाली सेनाङा ब्रिगेडडिअर जरनेल (अ.प्रा) तथा सुसेस गोकर्णेश्वर नगर समिति सल्लाहकार राजेन्द्र प्रसाद सुनुवार, सुसेस संघीय परिषदङा सल्लाहकार संयोजक रणवीर सुनुवार आन्कली आदरसेम्दर थार्तेमे। फेनबुस मनु सुनुवारला मुरनाम्च आन्कल स्वागत मन्तव्य पशा कार्यक्रमके लक्ष नु उद्देश्यके पितिमी प्रकाश पाम्तेमे । मुल्की मुरनाम्चमी नासल दाऽशा गेरापेन्मा सोलोल पचादुम्त । न्हाःसो पदमबदुर सुनुवार नु न्हाःसो युवाराज सुनुवारमी कार्यक्रम सफल दुम्ल दैँश्या पिदार पाम्तेमे । ढोलताप्शा पिदारके घ्याँकु लोऽशा ढोलला पिदार लेश्शा सिलपाम्तेमे ।

मुल्की मुरनाम्च, मुरनाम्च पिकीमी नगर सम्मेलन सफलताके बरीथुँ वाईश्या मुल योसिब नकिच समितिमी रिम्शोपा गेःग्योप्तमेल दैँश्या आन्के बरीथुँ अ्वासी पाम्तेमे । सुनुवार सेवा समाज गोकर्णेश्वरकली केटोस थाइँश्या सहयोग पाईविच १५ जना दाता आन्कली सम्मान पत्र गेशा आदरसेम्दर थार्तेमे । सम्मेलनमी राल्वीच मुल्की मुरनाम्च मुरनाम्च पिक्यान्कली तौँबुसमी चेरेदुम ख्लेम्तेमे ।

निम्ली वन्द सत्रमी गौरोच कमलबहादुर सुनुवारला संस्थाके कार्य प्रगति विवरण पिकिमी संस्थाम पशो प्रगति विरण श्योशा आम्लो पेऽतेमे। संस्थाङा अक्खबुस/कोषाध्यक्ष अशोक सुनुवारमी संस्थाके आय/वय विवरण रेश्शा सेश्शा अनुमोदन पपाईतेमे । नेल्लम् लवालिँखा वाईश्या हिल्लोहिःसीपा कार्य प्रगति विवरण नु आयव्यय नेल्के बुजिप्शा फ्लोफ्लो/ताली थाईश्या अनुमोदन पाम्तेमे ।

सभापतित्व पाईविच तौँबुसमी आम्के सुसेस तेश्रो नगर समितिकली रिम्शोपा गेःपशा संस्थाके नेल्ल गेःमी वार्च पाईब टिमकली चेरेदुम ख्लेःनाख्लेल तेश्रो समिति विघटन पाम्तेमे ।

कमिटीके निर्णय अन्सार गठन पशो निर्वाचन मण्डलङा संयोजक गोपाल सुनुवार, सदस्य पारु सुनुवार मिनु सदस्य लक्ष्मण सुनुवारके साँ सदस्य मण्डलमी दिब्लेशो पदाधिकारी नु चसी पिकी निर्वाचित दुम्श्यो घोषणा पाम्तेमे ।

१. तौँबुस/अध्यक्ष अशोककुमार सुनुवार,
२. फेनबुस/उपाध्यक्ष फूलमाया मगर सुनुवार,
३. गौरोच/सचिव कमलबहादुर सुनुवार,
४. उईथोच गौरोच/सहसचिव सञ्जु सुनुवार,
५. अक्खवुस/कोषाध्यक्ष कुमार सुनुवार (क्युइँतिच),
६. चसी/सदस्य सम्झना सुनुवार, .
७. चसी/सदस्य ज्ञानबहादुर सुनुवार,
८. चसी/सदस्य श्यामकुमार सुनुवार,
९. चसी/सदस्य यूवाराज सुनुवार पिकी योसामे । निर्वाचन मण्डलला घोषणा पशा माईन्युटिङ मैग्यो तौँबुसकली ख्लेत्तामे ।

मैग्यो तौँबुस बेदबहादुर सुनुवारमी निर्वाचन मण्डलकली चेरेदुम ख्लेम्तेमे मिनु नकिच समितिङा तौँबुसकली माईन्युट गेमागेसी पाम्तेमे ।

मेःमोपान तेश्रो सम्मेलनङा मैत समिति आन्कली रिम्शोपा हार्शा रुम्देलकाईल पशोमी मिनु अँकली गेःग्योप्चामी वार्च पशोमी मुरीङामुरी चेरेदुम ख्लेम्तेमे । नकिच चौथो समितिकली चेरेदुम ख्लेम्तेमे मिनु तौँ पेऽतेमे। चेरेदुम !

द्वन्द्वपीडितको पीडा

# पीडितले मागे द्वन्द्वको प्रमाणपत्र



द्वन्द्वपीडित अन्तरसंबाद कार्यक्रमका सहभागी ।

**सुर्खेत समाचारदाता**
*सुर्खेत, भदौ १५ गते*

कर्णाली प्रदेशका द्वन्द्वपीडितहरूले द्वन्द्वमा परेका आफन्तजनको कि सास कि लास भनेर अब राज्यले सत्य कुरा सार्वजनिक गर्नुपर्ने माग गरेका छन्। शान्ति सम्झौताको १८ वर्ष पुग्दा पनि आफ्ना बेपत्ता सदस्यको न सास न लास पाइएको भन्दै राज्यले अब यथार्थ के हो ? त्यो सत्य कुरा सार्वजनिक गरिदिनुपर्ने उनीहरूको भनाइ छ। पीडितहरूले सास वा लासभन्दा पनि अब सत्य कुरा सार्वजनिक गरी पहिचानका लागि द्वन्द्व प्रमाणपत्र तथा परिपूरणमा प्राथमिकता दिन आग्रह गरेका छन्।

द्वन्द्वपीडित शान्ति ढकालले १८ वर्षसम्म पनि पीडितको पक्षमा मलम लगाउने काम हुन नसकेको बताउनुभयो। उहाँले सङ्क्रमणकालीन न्याय विधेयक पारित भएपछि त अब समस्या समाधान हुने आशा बढेको बताउनुभयो। उहाँले द्वन्द्वपीडितहरूको माग पूरा हुन्छ कि भन्दै ऐन जति सक्यो छिटो कार्यान्वयनमा लैजानुपर्ने माग गर्नुभयो।

ज्युँदो भए सास, नभए लास दिनुपर्ने भन्दै त्यति पनि नभए सत्य कुरा राज्यले सार्वजनिक गरिदिए पीडितहरू थप पीडामा नपर्ने उहाँले बताउनुभयो। उहाँले बरु राज्यले सहिद परिवार वा बेपत्ता परिवारको प्रमाणपत्र दिनुपर्ने र सो अनुसारको परिपूरणको व्यवस्था मिलाउनुपर्नेमा जोड दिनुभयो।

अर्का द्वन्द्वपीडित नन्दा श्रेष्ठले परिपूरण भनिए पनि त्यसमा के के समावेश छ भनी पीडितलाई सार्वजनिक गर्नुपर्ने बताउनुभयो। उहाँले विधेयकमा पीडितहरूले हदैसम्मको कारबाही शीर्षकमा २५ प्रतिशत माफ गरी ७५ प्रतिशत कारबाही गर्नुपर्ने भनिए पनि सरकारले उल्टो गरेको भन्दै सङ्क्रमणकालीन न्याय विधेयक पारित भए पनि खबरदारी र निगरानी गर्नुपर्ने बताउनुभयो। पीडितलाई झुक्याउने काम अझै पनि हुन सक्ने जोखिम रहेको उहाँको भनाइ छ। यस्तै द्वन्द्वपीडितहरू पार्वती खराल, जनकली मगरलगायतले पनि पीडितहरूलाई अब धेरै घाउ नकोट्याउन माग गरेका छन्।

मानव अधिकार रक्षक सञ्जालका प्रदेश संयोजक पीताम्बर ढकालले कर्णालीमा अझै पनि ३३९ जना व्यक्तिहरू बेपत्ता रहेको जनाउनुभयो। बेपत्ता छानबिन आयोगमा सबैभन्दा धेरै सुर्खेतमा ६० जना, सल्यानमा ५९ जना, रुकुम पश्चिममा ४६ जना, कालीकोटमा ४५ जना बेपत्ता रहेका छन्। त्यसै गरी जाजरकोटमा ३८, दैलेखमा ३६ जना, मुगुमा २५ जना, जुम्लामा २० जना, डोल्पामा छ जना र हुम्लामा चार जना बेपत्ता रहेको उहाँको भनाइ छ। उहाँले भर्खरै प्रमाणीकरण भएको सङ्क्रमणकालीन न्याय विधेयक छिटो कार्यान्वयनमा ल्याई सङ्क्रमणलाई धेरै लम्ब्याउन नहुने सुझाव दिनुभयो।

कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारी पनि द्वन्द्वबाट पाठ सिकेर सास र लासभन्दा अब सत्य जानकारी गराएर पीडित परिवारलाई परिपूरणको व्यवस्था गर्न आवश्यक रहेको बताउनुभयो। कर्णाली प्रदेश सरकारले द्वन्द्वपीडितका लागि प्राविधिक शिक्षा, छोरीबुहारी छात्रवृत्ति प्रदान गरिरहेको जानकारी दिँदै उहाँले अब धेरै विगतलाई सम्झेर अगाडि बढ्न नसकिने हुँदा समाधानका उपाय खोज्नुपर्ने सुझाव दिनुभयो।

कर्णाली प्रदेश सरकार द्वन्द्वपीडितहरूसँग समन्वय गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री भण्डारीले सङ्क्रमणकालीन न्याय विधेयकले धेरै आवाज सम्बोधन गरेको उल्लेख गर्नुभयो।

## ग्रामीण सडक मर्मत नहुँदा सास्ती

**बाजुरा समाचारदाता**
*बाजुरा, भदौ १५ गते*

बर्खाका बेला ग्रामीण सडक मर्मत नहुँदा स्थानीयले सास्ती खेप्नु परेको छ। अविरल वर्षाका कारण असारदेखि अवरुद्ध सडक सञ्चालनमा आउन सकेका छैनन्। लामो समयदेखि सडक मर्मत नहुँदा स्थानीयलाई आउजाउ तथा सामान ढुवानीमा समस्या भएको छ। हिउँदमा नियमित सुचारु हुँदै आएका ग्रामीण सडक बर्खाको समयमा अवरुद्ध बन्ने गरेका छन्। सडक मर्मत तथा सफाइ गरी सञ्चालनमा ल्याउने प्रयास भने गरेको देखिँदैन। सडक नहुँदा दैनिक उपभोग्य सामग्री ढुवानी गर्न निकै समस्या हुने गरेको खप्तड छेडेदह गाउँपालिका–१, काँडाका स्थानीय प्रेम सार्कीले बताउनुभयो।

"हिउँदमा गाडी गाउँमै आउनेजाने गर्छ। त्यतिबेला दैनिक उपभोग्य सामग्री ढुवानी गर्न निकै सहज हुन्छ। अहिले ती गाडी गाउँमा आउन बन्द भएपछि सामान त के, आउजाउमा समेत निकै समस्या हुने गरेको छ," उहाँले भन्नुभयो। गत वर्ष भदौमै सडक मर्मत गरिएको थियो। यो वर्ष निरन्तर पानी परेकाले सडक मर्मत हुने र खुल्ने सम्भावना कमै देखिन्छ। हिमाली, जगन्नाथ, स्वामीकार्तिक, बुढीनन्दा, गौमूल, बडीमालिका, बुढीगङ्गा, त्रिवेणी, खप्तड छेडेदहलगायतका गाउँपालिका जोड्ने सडक अवरुद्ध छन्।

यहाँका नौ वटै स्थानीय तहमा हिउँदमा सुचारु भएका सडक यतिबेला भने अवरुद्ध हुँदै आएका छन्। कतिपय सडक सञ्चालनमा रहे पनि सवारी सञ्चालन गर्न जोखिम रहेको वडाध्यक्ष भक्त बुढाले बताउनुभयो। ग्रामीण सडक अवरुद्ध हुँदा यहाँका किसानले उत्पादन गरेको बर्खे आलु, निहुरो, खुर्सानी, स्याउलगायतका उत्पादन बजारसम्म लैजान समस्या भएको छ। त्यसका लागि जतिसक्दो चाँडो सडक मर्मत गर्ने तयारी भइरहेको अध्यक्ष बुढाले बताउनुभयो।

# बिचल्लीमा बाढीपहिरोपीडित

**दार्चुला समाचारदाता**
*दार्चुला, भदौ १५ गते*

दार्चुलाको मार्मा गाउँपालिकाका बाढीपहिरोपीडित परिवार समस्यामा परेका छन्। मार्मामा साउनमा आएको बाढीपहिरोबाट ३६ परिवार प्रभावित भएका छन्। मार्मा गाउँपालिका–४, मर्मतीका २३ परिवार; वडा नं. ५ गन्याडीका छ परिवार र मुरैका दुई परिवार, वडा नं. ६ का तीन परिवार र वडा नं. ३ का दुई परिवार गरी ३६ परिवार यो वर्ष बाढीपहिरोको चपेटामा परेको मार्मा गाउँपालिका अध्यक्ष जमनसिंह धामीले बताउनुभयो।

बाढीपहिरोपीडितले राहत र पुनर्स्थापनाको माग गरिरहेका छन्। अहिले ती परिवार स्थानीय विद्यालय र आफन्तकोमा बसेर रात बिताइरहेका छन्। बाढीपहिरोले पशुधनको क्षति भएको र अहिलेकै अवस्थामा हिउँदमा समेत घरमा बस्न सकिने स्थिति नरहेको स्थानीय चन्द्रा विष्टले बताउनुभयो।

घरको तल्लो क्षेत्रबाट चमेलिया नदीले कटान गरिरहेको र माथिबाट पहिरोले च्यापेपछि बिचल्ली भएको उहाँको भनाइ छ। खानबस्नै समस्या भएको तथा पहिरोले त्रिपालमुनिको बास भएको विष्ट दम्पतीको दुःखेसो छ। अर्का स्थानीय हेमन्ती विष्टले श्रीमान् विदेशमा रहेको र घरमा बालबच्चासहित बसिरहेका बेला मध्यराति बाढीपहिरोले च्यापेपछि सास्ती भोग्नु परेको र आफन्तकोमा बसेर रात बिताइरहेको बताउनुभयो।

बाढीपहिरोले मर्मतीगाउँमा सबैभन्दा बढी क्षति पुर्‍याएको छ। निर्माणाधीन तपोवन–मुरै–निम्ठा सडकका कारण बाढीपहिरो निम्तिएको स्थानीय भीमराज विष्टले बताउनुभयो।

गाउँमाथिबाट राति १२ बजे आएको पहिरोले घरभित्रको सामान र पशुचौपाया निकाल्न नसकेको र पशुवस्तु प्रहरीको सहयोगमा दोस्रो दिन निकाले पनि अझै कतिपय सामान पहिरो पुरेको उहाँको भनाइ छ। पालिका, प्रदेश र केन्द्र सरकारबाट ठुलो सहयोगको अपेक्षा गरे पनि अहिलेसम्म उचित सम्बोधन हुन नसकेको स्थानीय दानबहादुर विष्टले बताउनुभयो।

बाढीपहिरो प्रभावित क्षेत्रमा शुक्रबार एमाले नेता गणेशसिंह ठगुन्ना नेतृत्वको टोली र केही दिनपहिले दार्चुलाबाट निर्वाचित प्रतिनिधि सभा सदस्य दिलेन्द्रप्रसाद बडू, मार्मा गाउँपालिकाका अध्यक्ष जमनसिंह धामी नेतृत्वको टोलीले स्थलगत निरीक्षण गरी स्थानीयसँग भेटघाट गरेको छ। स्थलगत अवलोकन गर्नुका साथै स्थानीयको दुःख पीडा सुनिसकेपछि नेता ठगुन्नाले पीडितलाई राहतको व्यवस्थाका लागि आफूहरू सबै लागिपरेको बताउनुभयो।

तत्काल सुरक्षित बसेर ज्यान जोगाउन, खानबस्न समस्या भए व्यवस्थापन गरिने, पहिरोको व्यवस्थापन र राहत पुनर्स्थापनाका लागि पहल भइरहेको उहाँले बताउनुभयो। प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री र ऊर्जामन्त्रीलाई भेटेर बाढीपहिरोपीडितको राहत, पुनर्स्थापनाका लागि माग गरिएको र सरकारले छिटो उचित सम्बोधन गर्नुपर्ने उहाँको भनाइ छ।

# राजनीतिक कार्यक्रममा बालबालिका

**कालीकोट समाचारदाता**
*कालीकोट, भदौ १५ गते*

राजनीतिक दलहरूले आफ्ना कार्यक्रमलाई सफल पार्न बालबालिकाको प्रयोगलाई बढाएका छन्। जुम्ला जिल्लाको सिँजामा सुरु भएको नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियु क्रान्तिकारीको जिल्ला सम्मेलनमा जुम्ला जिल्लाका विभिन्न विद्यालयबाट बालबालिकालाई गाडी रिजर्भ गरेर सहभागी गराइएको छ। जुम्लाका सबै पालिकामा रहेका आधारभूत तथा माध्यमिक विद्यालयका विद्यार्थीलाई सम्मेलनमा सहभागी गराइएको हो।

विद्यालय बन्द गरेर अनेरास्ववियु क्रान्तिकारीले जिल्ला सम्मेलन सफल पार्नका लागि विद्यार्थीलाई सार्वजनिक बसमार्फत सिँजा पुर्‍याएको हो। तातोपानी गाउँपालिकाका नागरिक समाज सञ्जालका संयोजक प्रेमबहादुर अधिकारीले राजनीतिक दलमा आबद्ध विद्यार्थी सङ्गठनले बालबालिकालाई आफ्नो अधिकारका लागि भन्दै कार्यक्रममा लिने गरेको बताउनुभयो। उहाँले माथिल्लो तहका नेतालाई भेट्ने कोसिस गरेको बताउँदै एकाएक सार्वजनिक बसका छतमा विद्यार्थीलाई जोखिमपूर्ण रूपमा कार्यक्रममा लिइरहेको देखेपछि रोक्ने प्रयास गर्दा पनि रोक्न नसकिएको बताउनुभयो।

बालबालिकासम्बन्धी ऐन, २०७५ को परिच्छेद ८ मा बालबालिकाविरुद्धको कसुरको व्यवस्था गरिएको छ। ऐनको दफा ६६ मा कुनै पनि बालबालिकालाई राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा हडताल, बन्द, चक्काजाम, धर्ना र जुलुसमा सहभागी गराउन नहुने उल्लेख छ। यसको उल्लङ्घन गरेमा ७५ हजार रुपियाँ जरिबाना र तीन वर्ष कैद सजाय हुने उल्लेख छ तर राजनीतिक दलका भ्रातृ सङ्गठनले प्रायः आफ्ना भेला, जुलुसमा बालबालिकाको प्रयोग गर्ने गरेका छन्।

किताबरहित शुक्रबार

# झोला होइन, खाली हात

**रजनी योगी**
*सुर्खेत, भदौ १५ गते*

कर्णाली प्रदेश सरकारले शिक्षालाई व्यावहारिक बनाउने गरी नयाँ कार्यक्रम सुरु गर्ने भएको छ। चालु आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा समेटेर 'किताबरहित शुक्रबार' जीवन उपयोगी शैक्षिक कार्यक्रम सञ्चालन गर्न लागेको हो।

विद्यालयमा हप्तामा एक दिन किताबरहित शिक्षा सञ्चालन गर्ने गरी योजना अघि सारिएको छ। हरेक हप्ताको शुक्रबार जीवन उपयोगी शैक्षिक कार्यक्रमलाई परीक्षणका रूपमा सञ्चालन गर्ने गरी कार्यक्रम सुरु गर्न लागिएको शिक्षा विकास निर्देशनालय सुर्खेतले जनाएको छ। यो वर्षदेखि परीक्षणको रूपमा कार्यक्रम सुरु गरिने निर्देशनालयका निमित्त निर्देशक दीपा हमालले बताउनुभयो।

कार्यक्रममा माध्यमिक तहका विद्यार्थी सहभागी हुने छन्। जीवन उपयोगी सिपको आधारमा दिइने शिक्षाले शैक्षिक बेरोजगारी समस्या हट्ने र बालबालिकाको सिर्जनशीलतामा वृद्धि हुने अपेक्षा राखिएको छ। माध्यमिक तहको कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई 'शिक्षासँगै सिप' तालिम प्रदान गर्ने भएपछि विद्यार्थी सो दिन किताब बोकेर विद्यालय जान नपर्ने भएको निर्देशक हमालले बताउनुभयो।

निर्देशनालयले शिक्षासँगै सिप कार्यक्रमलाई नमुना कार्यक्रमको रूपमा चार/पाँच वटा माध्यमिक विद्यालयमार्फत कार्यक्रम सुरु गर्ने जनाएको छ। निर्देशक हमालका अनुसार सो कार्यक्रम प्रत्येक शुक्रबार लागु हुने र सो दिन विद्यार्थी पुस्तक झोलाबिना नै विद्यालयमा उपस्थिति भएर शिक्षासँगै सिप कार्यक्रममा सहभागी हुने छन्।

> एक जिल्लामा एउटा विद्यालय छनोट गरेर कार्यक्रम कार्यान्वयन गरिने छ । यो वर्ष १३ वटा विद्यालय छनोट गरेर कार्यक्रम कार्यान्वयन गर्ने योजना प्रदेश सरकारको छ ।

चालु आर्थिक वर्षमा उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारले ३५ लाख रुपियाँ बजेट विनियोजन गरेको छ। अर्को वर्षबाट कार्यक्रम विस्तार गरिने निर्देशक हमालले जानकारी दिनुभयो। अहिले कार्यक्रमको कार्यविधि निर्माण भइरहेको भन्दै उहाँले स्थानीय सरकारसँग समन्वय गरेर कार्यक्रम कार्यान्वयन गर्ने बताउनुभयो।

कर्णाली प्रदेश सरकारले शिक्षालाई प्रविधि र सिपयुक्त बनाउने कार्यक्रमलाई प्राथमिकतामा राखेको छ। यो वर्षबाट नै सार्वजनिक विद्यालयको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन 'मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम' ल्याएको छ। उक्त कार्यक्रम पनि प्रदेश सरकारको नयाँ कार्यक्रम हो। '२१ औँ शताब्दीको प्रगतिशील शिक्षाका लागि डिजिटल शिक्षा' विषयमा केन्द्रित भएर कार्यक्रम सञ्चालन गरिने प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

कार्यविधि निर्माण गरेर कार्यक्रम कार्यान्वयन गरिने छ। उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्षमा १० करोड बजेट विनियोजन गरिएको छ। मानव संशाधन विकास केन्द्र सुर्खेतबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी तयारी भइरहेको मन्त्रालयका शैक्षिक विकास महाशाखा प्रमुख जवाहरलाल हमालले बताउनुभयो।

एक जिल्लामा एउटा विद्यालय छनोट गरेर कार्यक्रम कार्यान्वयन गरिने छ। यो वर्ष १३ वटा विद्यालय छनोट गरेर कार्यक्रम कार्यान्वयन गर्ने योजना प्रदेश सरकारको छ।

यसअघि प्रदेश सरकारले अघि सारेका थुप्रै लोकप्रिय कार्यक्रम अलपत्र छन्। सरकार परिवर्तन हुने बित्तिकै नयाँ कार्यक्रम ल्याए पनि कार्यान्वयनमा आशङ्का हुने गरेको छ। उल्लेखित कार्यक्रम कार्यान्वयनमा पनि आशङ्का गरिएको छ। गत वर्षमा शिक्षाका धेरै कार्यक्रम अलपत्र छन्। 'एक विद्यालय, एक स्वास्थ्यकर्मी' कार्यक्रम त्यस्तै एक उदाहरण हो।

आव २०७८/७९ मा प्रदेश सरकारले विद्यालयमा स्वास्थ्य र पोषणसम्बन्धी सेवालाई प्रवर्धन गर्न भन्दै 'एक विद्यालय, एक स्वास्थ्यकर्मी' कार्यक्रम घोषणा गर्‍यो। स्थानीय सरकारको समन्वयमा दोहोरोपन नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने जनाइएको थियो। कर्णालीका १० वटै जिल्लामा लागु गर्ने गरी कार्यक्रम घोषणा भयो। कार्यक्रम कार्यान्वयनका लागि उक्त आर्थिक वर्षमा प्रदेश सरकारले चार करोड बजेट विनियोजनसमेत गरेको थियो तर बजेट कार्यान्वयन हुन सकेन। सरकारले बर्सेनि कार्यक्रम घोषणा गर्ने तर कार्यान्वयन नहुने गरेको छ।

# बिरेखोला झरना आकर्षक गन्तव्य

**मार्तडी समाचारदाता**
*मार्तडी, भदौ १५ गते*

बाजुराको बडीमालिका नगरपालिका–८ र ६ को सिमानामा रहेको बिरेखोला झरना पर्यटकका लागि आकर्षक गन्तव्य बनेको छ। लामो समयदेखि सामाजिक सञ्जालमा चर्चामा रहेको यो झरना पछिल्लो समय आन्तरिक पर्यटकका लागि आकर्षक बन्दै गएको हो।

प्राकृतिक वरदानको नमुना बिरेखोला झरना प्राचीनकालदेखि नै यसरी बग्ने गरेको बताइएको छ। उचित प्रचारप्रसारको अभावका कारण ओझेलमा परेको झरना केही वर्षयता सामाजिक सञ्जालमा चर्चित छ। करिब तीन सय मिटर अग्लो बिरेखोला झरना हेर्न प्रत्येक दिन आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गरेको छ। एक दिनमा करिब दुई सय पर्यटक झरनामा रमाउन आउने गरेको वडाध्यक्ष कृष्ण खड्काले बताउनुभयो।

उहाँका अनुसार झरनालाई पर्यटकीय गन्तव्य बनाउन बडीमालिका नगरपालिकाको नीति तथा कार्यक्रममा समेटेर डिपिआरसमेत तयार पारिएको छ। पालिकाको बजेटले मात्र व्यवस्थापन गर्न नसकिने भएका कारण सङ्घ र प्रदेश सरकारसँग थप बजेटको पहल भइरहेको वडाध्यक्ष खड्काले बताउनुभयो।

बिरेखोला झरनालाई थप आकर्षक बनाउन पालिकाले थोरै संरचना बनाएको छ। उहाँले भन्नुभयो, "अहिले यहाँको झरनामा फोटो खिच्ने, भिडियो र टिकटक बनाउने पर्यटकको सङ्ख्या दिनानुदिन बढ्दै गएको छ।"



तस्बिर : रामबहादुर विक

बडीमालिका नगरपालिकामा रहेको बिरेखोला झरना ।

झरना हेर्नका लागि बिदाबाहेकका दिनमा दैनिक सयको हाराहारीमा पर्यटक आउने गर्छन्। शुक्रबार र शनिबार भिड नै लाग्ने गरेको छ। झरनामा आउने पर्यटकको सङ्ख्या बढेसँगै झरनासम्म पुग्न सुरक्षित र व्यवस्थित बाटो निर्माण गरिएको छ।

बिरेखोला झरना हेर्न जाने पर्यटकका लागि २० रुपियाँ शुल्क (टिकट) को व्यवस्था गरिएको छ। यसरी सङ्कलित रकम २५ प्रतिशत नगरपालिका, ४५ प्रतिशत त्यहाँ काम गर्ने कर्मचारी र ३० प्रतिशत रकम झरनाको व्यवस्थापनमा छुट्याउने गरिएको छ।

झरनाको संरक्षण र प्रवर्धन गर्न नसकेमा ओझेलमा पर्न सक्ने यहाँ आउने पर्यटकले गुनासो गरेका छन्। झरनानजिक पुग्नेहरू छङ छङ पानीको आवाज र त्यहाँ देखिने इन्द्रेणीमा घण्टौँसम्म रमाउने गर्छन्। अग्लो झरनामा लाग्ने इन्द्रेणीले घण्टौँ बितेको पत्तै नहुने अछामबाट आएका रामबहादुर बोगटीले बताउनुभयो।

धूमपान स्वास्थ्यका लागि हानिकारक छ।

**बोलपत्र आव्हानसम्बन्धी प्रक्रिया रद्द गर्नेसम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः २०८१/०५/१६ गते)

मिति २०८१/०३/१७ गतेको गोरखापत्र दैनिक तथा कोषको वेवसाईटमा प्रकाशित सूचना बमोजिमको बोलपत्र नम्बर EPF/KS/GOODS/NCB/2080–81/WAF/01 को WAF खरिद गर्नेसम्बन्धी बोलपत्र आह्वान भएकोमा कोषमा प्राप्त भएका बोलपत्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २५ को उपनियम ३ अनुरूपको बोलपत्रदाताको योग्यताको आधार पूरा भएको नदेखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा २ (घ) बमोजिम सारभूतरुपमा प्रभावग्राही नभएको हुँदा पेश भएका बोलपत्रहरू अस्वीकृत गरी खरिद प्रक्रिया रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी सञ्चय कोष**
सम्पत्ति व्यवस्थापन विभाग,
खरिद शाखा, पुल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०१६७, ५०१००८३

**भावपूर्ण श्रद्धाञ्जलि**



जन्म मिति
वि.सं १९९१ कात्तिक ६

स्वर्गारोहण
वि.सं २०८१ भदौ ४

**स्व. मुक्तिनाथ उपाध्याय**

यस कम्पनीका कर्मचारी सह व्यवस्थापक श्री माधव प्रसाद उपाध्यायका पूजनीय पिता स्व. मुक्तिनाथ उपाध्यायको स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौँ। साथै यस दुखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी भगवान्सँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**राष्ट्रिय बीमा कम्पनी लिमिटेड**
रामशाह पथ, काठमाडौँ।

**बक्यौता रकम चुक्ता गर्ने बारे ३५ दिने सूचना**

(सूचना प्रकाशित मितिः २०८१/०५/१६)

यस विशाल बजार कम्पनी लिमिटेडमा तपशिलको संस्थाले कम्पनीको पार्किङ्ग क्षेत्र संचालन सम्बन्धमा गरेको सम्झौता बमोजिमको मासिक बहाल रकम, विद्युत महाशुल वापतको रकम र सोको हर्जना रकम समेत गरी रु.४,९२,६८,८४०/-(अक्षेरुपी चार करोड बयानब्बेलाख अड्सट्ठीहजार आठसय चालिस रुपैयाँ) हालसम्म पनि दाखिला नगरेको हुँदा यो सूचना प्रकाशित भएको मितिले पैतिस दिनभित्र बुझाइ सम्झौता अनुसार हिसाव फरफारक गर्न जानकारी गराईन्छ। अन्यथा कानुनी कारवाहीको प्रकृया अघि बढाईने छ।

तपशिल

फर्म संस्थाको नाम र ठेगानाः
संस्थाको नामः उज्वल निर्माण सेवा
ठेगानाः सिमिकोट-५, हुम्ला

फर्म संस्थाका सञ्चालक
नामः तेज बहादुर महत
बाबुको नामः जय बहादुर महत
ना.प्र.नं. २३५२/२६६०
ठेगानाः महत-५, हुम्ला

उज्वल निर्माण सेवाका अख्तियार प्राप्त व्यक्ति
नामः अर्जुन महतारा
बाबुको नामः हुम प्रसाद महतारा
ना.प्र.नं. ६९२९
ठेगानाः सर्किदेउ-१, हुम्ला।

साक्षीको नाम, थर ठेगाना
नामः सरोज बोगटी
ठेगानाः नानीकोट-३, कालिकोट

**विशाल बजार कम्पनी लिमिटेड**
शुक्रपथ, काठमाडौं
फोन नं.५३४२१८५,५३२२४२३

**ईश्वरपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति : २०८१।०५।१६

ईश्वरपुर नगरपालिकाबाट मिति २०८१/०२/२५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरूमध्ये मूल्याङ्कन समितिको निर्णयानुसार देहायका बोलपत्र दाताको बोलपत्र स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

| बोलपत्र नं. | काम | बोलपत्र दाताको नाम | कबोल अङ्क (मू.अ. कर समेत) |
|---|---|---|---|
| NCB/BW/11/080/081 | Construction of Admin Annex Building | Shree Raut-A Plus JV, Suryabinayak | ३,५६,१०,६६९।९७ |

प्रमुख प्रशासकीय अधिकृत

# विकासका काममा सबै मिल्नु पर्छ : पौडेल

**बुटवल समाचारदाता**
*बुटवल, भदौ १५ गते*



उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकासका काममा सत्ता र प्रतिपक्ष मिलेर काम गर्ने बताउनुभएको छ। बुटवलमा लुम्बिनी प्रदेश गौरवको आयोजनामा लुम्बिनी प्रादेशिक अस्पतालको अत्याधुनिक भवनको शिलान्यास गर्दै उहाँले विकास निर्माणमा सत्तापक्ष र प्रतिपक्ष सँगसँगै हिँड्ने बताउनुभयो।

छ अर्ब १८ करोड रुपियाँ लागतको यो आयोजना समयमै सक्न निर्देशन दिँदै उहाँले समयमै काम सकेर स्याबासी कमाउन प्रदेश सरकार, प्रदेश पूर्वाधार विकास प्राधिकरण र निर्माण कम्पनीलाई आग्रह गर्नुभयो। पाँच वर्षमा निर्माण सक्ने सम्झौता भए पनि तीन वर्षमा सक्ने गरी काम गर्ने निर्माण कम्पनीले बताएपछि पौडेलले बोलेर होइन, गरेर देखाउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "छिटो सक्ने नाममा गुणस्तरमा सम्झौता हुन सक्दैन। गुणस्तरीय काम गरेर समयमै सक्ने गरी अगाडि बढ्नु पर्छ।"

यो आयोजना सम्पन्न गर्नका लागि जनस्तरबाट पनि निगरानी गर्नुपर्ने पौडेलले बताउनुभयो। उहाँले अस्पतालको यो भवन लुम्बिनी प्रदेशमा अगाडि बढेका अन्य आयोजनामध्ये महत्त्वपूर्ण हुने बताउनुभयो। उहाँले भन्नुभयो, "भवन मात्र निर्माण गरेर हुँदैन। त्यसको प्रभावकारी व्यवस्थापन पनि जरुरी हुन्छ। यसमा प्रदेश सरकारले ध्यान दिनु पर्छ।"

एक हजार दुई सय शय्याको अस्पतालमा ठुलो सङ्ख्यामा दक्ष जनशक्ति आवश्यक पर्ने भन्दै अर्थमन्त्री पौडेलले विशेषज्ञ चिकित्सकसहित जनशक्तिको व्यवस्थापनमा मुख्य ध्यान दिनुपर्ने बताउनुभयो। अस्पताल भवन बन्दैमा अत्याधुनिक उपकरण छैन भने प्रभावकारी उपचार नहुने भन्दै पौडेलले सबै हिसाबले सुविधासम्पन्न अस्पताल जरुरी रहेको बताउनुभयो। रुपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्यसमेत रहेका अर्थमन्त्री पौडेलले रुपन्देहीलाई आफूले विकासमा नमुना बनाउन चाहेको बताउनुभयो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले यो अस्पताल भवनले सिङ्गो प्रदेशको मात्र नभएर देशकै स्वास्थ्य क्षेत्रलाई परिवर्तन गर्ने बताउनुभयो। आयोजना सम्पन्न गर्न प्रदेश सरकारले बजेटमा कमी हुन नदिने पनि उहाँले बताउनुभयो। लुम्बिनी प्रदेश सभाका सभामुख तुलाराम घर्तीले नयाँ बन्ने अस्पतालको भवनले आधुनिक अस्पतालको आवश्यकतालाई पूरा गर्ने बताउनुभयो। यो प्रदेशकै गौरवको आयोजना भएकाले प्रदेश सरकारले यसको सही व्यवस्थापन गर्ने सभामुख घर्तीको भनाइ थियो।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेम सारूले अस्पतालको हालको अवस्थाबारे जानकारी गराउँदै स्तरोन्नतिपछि यो नमुना अस्पताल बन्ने बताउनुभयो। लुम्बिनी प्रदेश सरकारको लागतमा टेन्डर प्रक्रिया सम्पन्न भई पुरानो संरचना हटाएर नयाँ संरचना निर्माण सुरु भएको छ।

अस्पताल भवन निर्माणका लागि प्रदेश पूर्वाधार विकास प्राधिकरणले छ अर्ब १८ करोड ७५ लाख रुपियाँको लागतमा ठेक्का सम्झौता गरेको छ। लुम्बिनी प्रदेशमातहत रहेको प्रदेश पूर्वाधार विकास प्राधिकरणले भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेन्चरले नेपाली कम्पनी आशिष रेलिगसनसँग संयुक्त रूपमा काम गर्ने गरी २०८० पुस २६ गते सम्झौता गरेको थियो। सम्झौता अनुसार २०८५ साल पुससम्म अस्पतालको भवन निर्माण सक्नुपर्ने प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोखेलले जानकारी दिनुभयो।

# पृथ्वी राजमार्गको मन्त्रीद्वारा अनुगमन



तस्बिर : अमरराज नहर्की

**भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले व्यास नगरपालिका–१ मा पृथ्वी राजमार्ग अनुगमन गर्ने क्रममा।**

**तनहुँ समाचारदाता**
*तनहुँ, भदौ १५ गते*

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले पृथ्वीराजमार्ग (मुग्लिङ–पोखरा सडकखण्ड) विस्तारको काम छिटो सक्न निर्देशन दिनुभएको छ। सडक विस्तारको कामको शुक्रबार निरीक्षण गर्दै मन्त्री दाहालले नेपालीको ठुलो चाडपर्व नजिकिएकाले यात्रुलाई यात्रा सहज बनाउने गरी काम गर्न निर्देशन दिनुभयो। अप्ठ्यारो रहेको स्थानलाई प्राथमिकता दिएर काम गर्न उहाँले आग्रह गनुभयो।

प्रगति, समस्या तथा आगामी योजनामा सरकारका तर्फबाट गर्नुपर्ने कार्यविवरणबारे पनि उहाँले जानकारी लिनुभएको थियो। सडकको दुवैतर्फ खाल्टाखुल्टी बनाएर सवारी आवागमन नै समस्या पार्ने गरी भइरहेको कामप्रति भने उहाँले असन्तुष्टि पोख्नुभयो। उहाँले भन्नुभयो, "सडकमा खाल्टाखुल्टी नहोस्, काम गुणस्तरीयसँगै समयमै सक्नु पर्छ।" मन्त्री दाहालले पछिल्लो समय कामको गति बढेको भन्दै सन्तोष व्यक्त गर्दै यात्रुको सहजताका लागि छिटो काम पूरा गर्नुपर्ने बताउनुभयो। गण्डकी प्रदेश राजधानी पोखरालाई बाहिरी जिल्लासँग जोड्ने पृथ्वी राजमार्गको सहरी क्षेत्रमा छ लेन र अन्य क्षेत्रमा चार लेन बनाउन यतिबेला विस्तारको काम भइरहेको छ। पोखरा–मुग्लिङखण्ड दुई भागमा बाँडेर विस्तारको काम चिनियाँ कम्पनीले गरिरहेका छन्। मन्त्री दाहालले सडक विस्तारका समस्याबारे स्थानीयसँग पनि जानकारी लिनुभएको थियो।

मुग्लिङदेखि तनहुँको जामुनेसम्म ४१ किलोमिटर पूर्वीखण्डमा चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले २०७७ वैशाखदेखि काम गरिरहेको छ। जामुनेदेखि पोखरासम्म पश्चिम खण्ड चीनकै यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले ०७८ भदौदेखि विस्तारको काम गरिरहेको छ। पूर्वीखण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले आँबुखैरेनीदेखि जामुनेसम्मको ४१.४५ किलोमिटरमा हालसम्म ६५ प्रतिशत प्रगति भएको जानकारी दिनुभयो। ३१५ मिटर लम्बाइ भएको पृथ्वीराजमार्गको सबैभन्दा लामो मादी नदीपुलमा ३० प्रतिशत काम पूरा भएको जानकारी उहाँले दिनुभयो।

यस्तै एकतर्फी रूपमा दुई लेनमा ६३ किलोमिटर कालोपत्रे गरिएको पाण्डेले मन्त्री दाहाललाई जानकारी दिनुभएको थियो। केही घरटहरा हटाउन ढिलाइ भएको, युटर्नको माग र दबाब धेरै भएको र पहिरोजन्य समस्या रहेको सो अनुगमनमा मन्त्रीसमक्ष जानकारी दिइएको थियो। पश्चिमखण्डको जामुनेदेखि पोखरासम्मको ३८.८८ किलोमिटर दुरीमा २८ प्रतिशत प्रगति पुगेको इन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो। यस खण्डमा ठुला र साना गरी १३ वटा पुलमध्ये पाँच वटाको निर्माण सम्पन्न भएको छ। पहिला पश्चिमखण्डको न्यून प्रगति भएको हाल नौ बाट २८ प्रतिशत पुगेको मन्त्रीसमक्ष जानकारी दिइएको थियो।

# 'ज्येष्ठ नागरिकलाई गाडी भाडा छुट दिलाइन्छ'

**देउखुरी समाचारदाता**
*देउखुरी, भदौ १५ गते*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सार्वजनिक सवारीसाधनमा ज्येष्ठ नागरिकलाई भाडा छुट र सुविधा दिने कार्यविधि पूर्ण कार्यान्वयनका लागि प्रदेश सरकारले पहल गर्ने बताउनुभएको छ।

६० वर्ष उमेर पुगेका व्यक्तिलाई ज्येष्ठ नागरिकको दर्जा दिइएको छ। सार्वजनिक सवारीसाधनमा दुई वटा सिट सुरक्षित गरी ५० प्रतिशत गाडी भाडा छुट दिने कानुनी व्यवस्था छ तर यो व्यवस्था पूर्ण कार्यान्वयनमा नआउँदा ज्येष्ठ नागरिक समस्या परेको भन्दै मुख्यमन्त्री आचार्यले कार्यविधिको पूर्ण कार्यान्वयनसँगै ८० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारीसाधनको भाडामा पूर्ण छुट दिनेबारेमा समेत पहल गरिने बताउनुभएको हो।

९२ वर्षीय ज्येष्ठ नागरिक जुद्धप्रसाद भट्टराईसँगको भेटमा मुख्यमन्त्री आचार्यले ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने जिम्मेवारी राज्यको भएकाले पाका पुस्ताको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरेर समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश बनाउने अभियानमा जोडिन सबै ज्येष्ठ नागरिकमा अपिल गर्नुभएको छ। "ज्येष्ठ नागरिकलाई श्रद्धा, आदर र सद्भाव अभिवृद्धि गर्ने काम राज्यले गर्छ," उहाँले भन्नुभयो, तपाईंहरूको ज्ञान, सिप, क्षमता र अनुभवमूलक बनाउन खाँचो छ।"

मुख्यमन्त्रीसँगको भेटमा ज्येष्ठ नागरिक भट्टराईले ८० वर्षमाथिका सबै ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारीसाधनमा भाडा निःशुल्क बनाउन माग राख्नुभएको थियो। मुख्यमन्त्री आचार्यलाई भेट गर्न भट्टराई बिहीबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरी आउनुभएको थियो। "हामीलाई सकभर गाडीमा चढाउँदै चढाउँदैनन्। चढाइहाले भाडा छुट दिँदैनन्," उहाँले भन्नुभयो, "हामी ज्येष्ठ नागरिकलाई यात्रामा पूर्ण छुट चाहियो।"

घरमा बस्नुभन्दा घुमेर समय बिताउन चाहने ज्येष्ठ नागरिकलाई राज्यले सुविधा दिनुपर्ने उहाँको भनाइ थियो। "एकै ठाउँमा बसिरहँदा बिरामी परिन्छ। राम्रो हुँदैन। भ्रमण गराउने काम राज्यले गर्नु पर्छ, भट्टराईले भन्नुभयो, म घुमिरहन्छु तर गाडीमा यात्रा गर्न सजिलो छैन। ढाँट छल गर्छन्। दुःख दिन्छन्। हामीलाई सम्मानपूर्वक घुमफिर गर्ने वातावरण बनाइदिनुपर्‍यो।"

# पहिरोले पाइप बगाउँदा खानेपानीको समस्या

**अमरराज नहर्की**
*तनहुँ, भदौ १५ गते*

पहिरोले पटक पटक खानेपानीको पाइप बगाउँदा तनहुँको व्यास नगरपालिका–१ र १२ का दुई हजारभन्दा धेरै घरधुरीका बासिन्दाले समस्या भोग्दै आएका छन्।

व्यास नगरपालिका–१ स्थित भादगाउँ करादी खिरखाँदी खानेपानी आयोजनाको पाइपमा क्षति पुऱ्याएकाले समस्या भोग्दै आएका हुन्। निरन्तरको वर्षाले गर्दा व्यास नगरपालिका–१३, निउरोघारीनजिक पहिरो गई खानेपानी मुहानको पाइप लाइनमा एक साताअघि क्षति पुगेको हो। हालसम्म पाँच पटक पहिरो गएको र एक महिनाको अवधिमा मात्रै दुई पटक पहिरो खसेकाले खानेपानी वितरणमा समस्या भएको उपभोक्ता समितिका अध्यक्ष चिजबहादुर दरैले बताउनुभयो। बुद्धसिंह मार्गलाई व्यवस्थित नगर्दा पहिरो खस्ने समस्या बारम्बार आइरहेको दरैले बताउनुभयो। दरैले भन्नुभयो, "पानी परेपछि रातमा निद्रा पर्दैन फेरि पहिरो खसेर पाइप बगायो होला जस्तो लाग्छ।" एक महिनाअघि क्षति पुगेपछि मर्मत गरिएकोमा पुनः पहिरोले भत्किएपछि डेढ लाख खर्च गरेर जिआई पाइप जडान गरिएको अध्यक्ष दरैले जानकारी दिनुभयो। खानेपानी मुहानको 'मेनलाइन' को जिआई पाइप लाइन पहिरोले पटक पटक भत्काउने गरेको दरैले जानकारी दिनुभयो।

उक्त खानेपानी आयोजनाले वडा नम्बर १ र १२ का दुई हजार ६८० उपभोक्तालाई पानी वितरण गर्दै आएको छ। उपभोक्ता समितिले १३ किलोमिटर दुरीमा पर्ने खिरखाँदी मुहानबाट पानी ल्याएर वितरण गर्दै आएको छ। समितिले चार वटा मुहानबाट प्रतिसेकेन्ड कुल २० लिटर पानी सङ्कलन गरी उपभोक्तालाई वितरण गरिरहेको छ।

# म्याग्दीमा तीन सय झोलुङ्गे पुल

**म्याग्दी समाचारदाता**
*म्याग्दी, भदौ १५ गते*

म्याग्दी जिल्लामा रहेका साना ठुला खोला तर्न झन्डै तीन सय झोलुङ्गे पुल निर्माण भएर चालु अवस्थामा छन्। नजिकैको दुरीमा पुग्न पनि लामो यात्रा तय गर्न बाध्यता पर्ने म्याग्देलीले झोलुङ्गे पुल निर्माण भएसँगै सहज रूपमा यात्रा गर्न सकेका छन्। म्याग्दीमा हाल २९१ वटा पुल निर्माण भएर चालु अवस्थामा छन्।

म्याग्दी जिल्लामा पछिल्ला एक वर्षको अवधिमा सात वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएर प्रयोगमा आएका छन्। म्याग्दी जिल्लाभित्रका स्थानीय तहले छ वटा र गण्डकी प्रदेश सरकारले एउटा झोलुङ्गे पुल निर्माण गरेको हो। झोलुङ्गे पुल निर्माण भएपछि खोलामा जोखिमपूर्ण तवरले हिँड्नुपर्ने तथा घुमाउरो बाटोको यात्रा गर्नुपर्ने बाध्यतासमेत हटेको अन्नपूर्ण गाउँपालिका–२, दानाका श्याम रानाले बताउनुभयो। यात्रा गर्ने दुरी पुलले छोट्याएपछि यात्राको दुरी पनि छोटिएको उहाँको भनाइ छ। आन्तरिक तथा बाह्य पर्यटकका लागि पदयात्रा गर्न तथा स्थानीयवासी एवं विद्यार्थीलाई आवतजावतमा निकै सहज भएको उहाँले जानकारी दिनुभयो।

गण्डकी प्रदेश सरकारमार्फत पूर्वाधार विकास कार्यालय म्याग्दीले उत्तरी म्याग्दीको भुरुङतातोपानीदेखि पाउद्वार तातोपानी कुण्ड जाने १२६ मिटर लामो झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको छ। पूर्वाधार विकास कार्यालय म्याग्दी र सञ्जीव उज्वल जेभीबिच २०८० साल साउन महिनामा पुल निर्माणका लागि ९३ लाख ५० हजार ४८६ रुपियाँमा ठेक्का सम्झौता भएको थियो।

म्याग्दीमा लामो समयदेखि झोलुङ्गे पुलको क्षेत्रमा काम गर्दै आएको गैरसरकारी संस्था मिलन म्याग्दीकी अध्यक्ष दिलमाया बिटालुका अनुसार झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (स्वाप), टिबिएसयु, स्थानीय तह, समुदायसँगको साझेदारीमा थप तीन वटा पुल निर्माणाधीन रहेका छन्। स्थानीय साझेदारी संस्था मिलन म्याग्दीका अध्यक्ष बिटालुले म्याग्दीमा झोलुङ्गे पुल निर्माणका लागि सामुदायिक परिचालन र प्राविधिक सहयोग गरेको जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष निर्माण सकिएका र निर्माणाधीन गरी नौ वटा पुलबाट दुई हजार ३४ घरधुरीका नौ हजार ८८२ जनसङ्ख्या लाभान्वित हुन्छन्। गत वर्षको अवस्था हेर्ने हो भने म्याग्दी जिल्लाभित्र कुल चार करोड रुपियाँभन्दा बढी लागत अनुमान गरिएको पुल निर्माण आयोजनामार्फत १७ हजार छ सयभन्दा बढी कार्यदिन रोजगारी सिर्जना भएको थियो।

जिल्लाको उत्तरी भेगमा पर्ने अन्नपूर्ण गाउँपालिका र पश्चिम भेगमा पर्ने धवलागिरि गाउँपालिकामा दुई/दुई वटा तथा मङ्गला गाउँपालिका र मालिका गाउँपालिकामा एक/एक वटा झोलुङ्गे पुल निर्माण सकिएको मिलन म्याग्दीले जनाएको छ। गत जेठमै निर्माण सकिनुपर्ने बेनी मङ्गलाघाटको पुल निर्माण सम्पन्न हुन सकेको छैन भने मालिका गाउँपालिका र रघुगङ्गा गाउँपालिकामा पनि एक/एक वटा पुल निर्माण भएर सञ्चालनमा आउने अन्तिम चरणमा रहेका छन्। बेनी नगरपालिका–७, मङ्गलाघाटस्थित म्याग्दी नदीमा स्तरोन्नतिका क्रममा रहेको ४६ मिटर लामो पुल, रघुगङ्गा गाउँपालिका–८, कसेरनी खोलामा ३२ मिटर लामो झोलुङ्गे पुल निर्माण सम्पन्न हुँदै छन्।

# बढ्न थाल्यो डेङ्गु सङ्क्रमण

**वालिङ समाचारदाता**
*वालिङ, भदौ १५ गते*

स्याङ्जामा डेङ्गुको सङ्क्रमित बिरामीको सङ्ख्या बढेको जिल्लाका अस्पतालले जनाएका छन्। भदौको दोस्रो हप्तासम्ममा सङ्क्रमितको सङ्ख्या १२४ रहेको जिल्ला स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख केशव चापागाईंले बताउनुभयो। भदौको पहिलो १० दिनमा मात्रै ४२ जनामा सङ्क्रमण पुष्टि भएको उहाँको भनाइ छ। पछिल्लो केही दिनको विवरण सङ्कलन गर्ने काम भइरहेको उहाँको भनाइ छ। यो आधारमा सङ्क्रमितको सङ्ख्या अझै थपिने देखिन्छ। परीक्षणको दायरा बढाइएकाले सङ्क्रमित बढी भेटिएको उहाँको दाबी छ। शङ्कास्पद बिरामीलाई अनिवार्य रूपमा परीक्षण गरिँदै आएको चापागाईंले जानकारी दिनुभयो।

जिल्ला स्वास्थ्य कार्यालय, गह्रौ प्राथमिक अस्पताल तथा अन्य स्वास्थ्य संस्थामा उपचारका लागि पुग्ने बिरामीमा डेङ्गुको लक्षण देखिएको पाइएपछि तत्कालै परीक्षण गरिएको उहाँको भनाइ छ। डेङ्गुको सङ्क्रमण बढ्न थालेपछि विभिन्न पालिकाले यसको नियन्त्रणका लागि अभियान समेत सुरु गरेका छन्। सङ्क्रमणबाट बच्न पानी जम्ने स्थान सफा गर्ने, औषधी छर्नेलगायतका काम सुरु गरिएको भिरकोट नगरपालिका प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो। स्वास्थ्य संस्थालाई उच्च सतर्कताका साथ राख्दै नागरिकलाई सचेत पार्ने काम सुरु गरिएको गल्याङ नगरपालिकाले जनाएको छ। नगरप्रमुख गुरुप्रसाद भट्टराईका अनुसार योसम्बन्धी सूचना प्रवाह, शङ्कास्पद बिरामीलाई प्राथमिकताका साथ परीक्षण र उपचार गरिँदै आएको छ।

# तिज खर्च कटाएर सहयोग

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, भदौ १५ गते*

नेपालगन्ज उद्योग वाणिज्य सङ्घका महिला सदस्यले तिज मनाउन लाग्ने खर्च कटाएर स्वास्थ्य समस्यामा परेकी व्यवसायी कृष्णा शाहीलाई आर्थिक सहयोग गरेका छन्। सङ्घका अध्यक्ष टङ्कबहादुर धामी नेतृत्वको पदाधिकारी र सदस्य सम्मिलित टोलीले आर्थिक सहयोग गरेको हो।

**सच्याईएको सूचना**

**मिति २०८१/०५/१५ गते गोरखापत्र दैनिकमा प्रकाशित जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाको अपर अरुण जलविद्युत आयोजनाको थप अधिग्रहण गरिने जग्गाको मुआव्जा निर्धारण सम्वन्धी सूचनामा प्रति रोपनी २ नं. बुँदामा १०,००,०००/– हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको जानकारी गराइन्छ ।**

**अल्का अस्पताल प्रा.लि.**
**जावलाखेल, ललितपुर**
**सच्याइएको**

मिति २०८१।०५।०९ गते प्रकाशित अल्का अस्पताल प्रा.लि. को वार्षिक साधारण सभाको सूचनामा सभा बस्ने बार मंगलबार हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १८ बस्ने ज.ध. राम कुमार के.सी. का नाममा विशेष अदालत ऐन, २०५९ को दफा १० को उप दफा (९) बमोजिम जारी भएको उपस्थित हुन आउने सम्बन्धी ३० दिने म्याद सरहको सार्वजनिक सूचना।**

उप्रान्त ज.ध. तपाईं र मोही मिम बहादुर महर्जन भएको ल.पु.जि. सैबु वडा नं. ८ (ग) कि.नं. १८ को क्षे.फ. ०–३–१–० (१०३.३२ व.मि.) जग्गा भएकोमा सो जग्गालाई कि.का. गरी उत्तर तर्फबाट आधा क्षे.फ. म मोहीलाई हुने गरी जग्गा बाँडफाँट गरी पाऊँ भनी मिम बहादुर महर्जनको निवेदन परी तपाईंको नाममा उपस्थित हुन आउने सम्बन्धी १५ दिने म्याद जारी भएकोमा उक्त म्याद घरमा पटक पटक बुझाउन जाँदा निजले म्याद बुझ्न नमानेको र घर दैलामा टाँस गर्न नदिएको हुँदा म्याद फिर्ता गरेको छु भनी तामेलदारबाट प्रतिवेदन पेस भएकोले यो उपस्थित हुन आउने सम्बन्धी म्याद सरहको ३० दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। उक्त म्यादभित्र आफैं वा वारिस मार्फत उपस्थित हुनुहोला। उपस्थित नभई म्यादै गुजारी बसे नियमानुसार भइजाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

**मिथिला टेक्निकल एकेडेमी प्रा.लि.**
**जनकपुरधाम–०४, धनुषा**

**डिप्लोमा/प्रमाणपत्र तह सामान्य चिकित्सा र नर्सिङ कार्यक्रमको पूर्ण शुल्कीय तर्फका रिक्त सिटहरूमा छनोटका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

**(सूचना प्रकाशित मिति : २०८१।०५।१६)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१।०३।१५ गते प्रकाशित सूचना अनुसार मिति २०८१।०४।१९ गते सञ्चालित पूर्ण शुल्कीयका सामान्य चिकित्सा र नर्सिङ कार्यक्रमको प्रवेश परीक्षामा सम्मिलित भई मधेश प्रदेश कार्यालयले मुख्य उम्मेदवारका रूपमा छनोट गरी भर्ना सिफारिस भएका परीक्षार्थीहरू मध्ये देहायका कार्यक्रमहरूमा परीक्षार्थीहरू भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा उक्त सम्बन्धित कार्यक्रमहरूको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूले पहिलो प्राथमिकता पाउने गरी देशभरिका उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूबाट यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रीतपूर्वकको निवेदन दिनुहुन अनुरोध छ। साथै उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूबाट डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८१ को दफा २४ बमोजिम छनोट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ। **तपसिल :**

| क्र.सं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट सङ्ख्या |
|---|---|---|---|
| १. | सामान्य चिकित्सा | पूर्ण शुल्कीय कोटा (खुला) | १२ |
| २. | प्रमाणपत्र तह नर्सिङ | पूर्ण शुल्कीय कोटा (खुला) | १७ |

**शिक्षालय प्रमुख**

**Janak Education Materials Centre Limited**
**Sanothimi, Bhaktapur**
**Publication Date : September 1, 2024**

**Invitation for Electronic Bids**

**National Competitive Bidding (NCB)**

Janak Education Materials Centre Limited invites electronic bids from eligible bidders for the following works under NCB Single Stage Single Envelope procedures.

| IFB No. | Name of Contract | Price of Bid Documnet | Bid Security amount | Bid Security Validity Period | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| JEMC/ NCB/ Works/4- 2081/082 | Procurement of Construction of RCC Road | NRs. 3,000.00 (Three Thousands) | NRs. 75,000.00 (Seventy Five Thousands) | 120 Days form last date of bid submission | October 1, 2024 on 12:00 PM | October 1, 2024 on 14:00 PM |

Eligible Bidders may obtain further information from the PPMo web portal **www.bolpatra.gov.np/egp**

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**
**जावलाखेल, ललितपुर**

**सिलबन्दी विद्युतीय दरभाउपत्र (E–Bidding) आह्वान गरिएको सूचना**

**(सूचना प्रकाशित मिति : २०८१।०५।१६)**

यस प्रतिष्ठानका लागि आ.व. २०८१/८२ मा आवश्यक पर्ने मसलन्द सामानहरू (NASC/SQ-01/081/82) खरिद गर्नका लागि विद्युतीय दरभाउपत्र (E-Bidding) आह्वान गरिएको हुँदा इजाजत प्राप्त इच्छुक फर्म/संस्था/कम्पनीहरूले **www.bolpatra.gov.np** मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

| टेन्डर नं. | सामानको विवरण | फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र फाराम खोल्ने मिति र समय | जमानत रकम |
|---|---|---|---|---|---|
| NASC/SQ-01/081/82 | मसलन्द सामानहरू | रु. १,०००/– (फिर्ता नहुने) | मिति २०८१/०५/३१ गते दिनको १२:०० बजेसम्म | मिति २०८१/०५/३१ गते दिनको १:०० बजे | ३०,०००/– |

**नेपाल वायुसेवा निगम**
नेपाल वायुसेवा
**साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभाग**
**न्युरोड, कान्तिपथ, काठमाडौं**

**बोलपत्र आह्वान सम्बन्धमा**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०५।१६)**

यस निगमलाई आ.व. २०८१।०८२ का लागि **Stationery Items** आवश्यक भएको हुँदा निगमबाट उपलब्ध गराएको बोलपत्र फाराममा उल्लिखित शर्तहरूको अधीनमा रही योग्य बोलपत्र दाताहरूबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३१औँ दिनको १२:०० बजेभित्र बोलपत्र (E-bidding/e-GP) को माध्यमबाट पेश गर्न सूचना प्रकाशित गरिएको छ। बोलपत्रको कागजात सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट **www.bolpatra.gov.np/egp**, यस सूचनाका सम्बन्धमा निगमको वेबसाइट **www.nepalairlines.com.np** का साथै थप केही जानकारीका लागि निगमको खरिद शाखामा समेत सम्पर्क राख्न सकिनेछ।

**सम्पर्क फोन नं. ०१–५७१८५७८, ४२२०७५७ एक्स्टेन्सन नं. २२१२**

**Padmodaya Secondary School**
Ramshah Path, Putalisadak, Kathmandu, Nepal

**Invitation of Bids (National Competitive Bidding)**

Notice Publication date: 2081-05-16
Padmodaya Secondary School invites e-bid from eligible bidders under Nation Competitive Bidding procedures as mention Below.

| S.N. | Contract ID | Description | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|
| 1 | PSS/NCB/LAB /081/082/01 | 1. Modification of existing structure. 2. Complete Science Lab Setup. 3. Supply of Apparatus | 2081-06-14 | 2081-06-15 |

For Details Please Visit http://www.bolpatra.gov.np or
Contact at Tel. 015328681, 5347896

## डेङ्गु नियन्त्रण गर्ने अभियान

**सर्लाही समाचारदाता**
*सर्लाही, भदौ १५ गते*

डेङ्गु सङ्क्रमण बढेपछि लालबन्दीमा लामखुट्टेको नियन्त्रण अभियान सुरु गरिएको छ।

'लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गु रोगबाट बच्ने प्रमुख उपाय हो' भन्ने नारासहित लालबन्दी नगरपालिकाको स्वास्थ्य शाखाले डेङ्गु सङ्क्रमण गराउने लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान सुरु गरेको हो। लालबन्दी नगरपालिकाभित्र अहिले १४ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ। न

गरपालिकाको स्वास्थ्य शाखाका सहसंयोजक एवं जनस्वास्थ्य निरीक्षक रोशन चौधरीका अनुसार सङ्क्रमण भयावह हुन नदिन सचेतनाको कार्यक्रमसहित डेङ्गु गराउने लामखुट्टे खोज्ने र नष्ट गर्ने अभियान सुरु गरिएको हो। अभियान अन्तर्गत शुक्रबार पहिलो दिन लालबन्दीको मुख्य बजार क्षेत्रमा अभियान सञ्चालन गरिएको हो।

नगर अस्पताल डुमडुमेदेखि वडा नं. ९ बस्तीपुर हुँदै वडा नं. ७ को मुख्य बजार क्षेत्र र वडा नं. ६ जनबादी चोकसम्म रहेका सवारी ग्यारेज तथा मर्मतसम्भार केन्द्रमा रहेका थोत्रा टायर र विभिन्न हार्डवेयर पसलले बिक्री गर्न राखेका ड्रममा लामखुट्टे बस्न सक्ने भएकाले त्यस्ता वासस्थान नष्ट गरी सञ्चालकलाई सचेतना अपनाउन अनुरोध गरिएको स्वास्थ्य शाखाले जनाएको छ।

डेङ्गु नियन्त्रण अभियान अन्तर्गत प्रत्येक वडामा स्थानीय स्वास्थ्य चौकीसँग समन्वय गरी महिला स्वास्थ्य स्वयंसेविकामार्फत सचेतना जगाउने काम हुने स्वास्थ्य शाखाका सहसंयोजक चौधरीले बताउनुभयो। उहाँका अनुसार आगामी आइतबारदेखि नगरभित्रका विद्यालयमा पुगेर विद्यार्थीलाई डेङ्गुबाट बच्ने उपायबारे सचेतना कक्षा सञ्चालन गरिने छ।

# अस्पतालमा मुख्यमन्त्रीको छड्के



*तस्बिर : जीवछ यादव*

**मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालमा अनुगमन गर्नुहुँदै ।**

**लहान समाचारदाता**
*लहान, भदौ १५ गते*

लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालमा चिकित्सकले लापर्बाही गरिरहेको गुनासो आएपछि मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले छड्के अनुगमन गर्नुभएको छ। मुख्यमन्त्री सिंहले भन्नुभयो, "लहानको प्रादेशिक अस्पतालमा अनुगमनका क्रममा भेटाएका त्रुटि र समस्याबारे मेसु सुनील कुशवाहासँग स्पष्टीकरण लिई आउने सोमबारसम्ममा कुनै निर्णयमा पुग्छौँ।"

शुक्रबार राति ९ बजे मुख्यमन्त्री सिंहले गर्नुभएको छड्के अनुगमनका क्रममा देखिएको कमीकमजोरी सुधार्न प्रक्रिया अघि बढाए सुधार हुने चर्चा भएको छ। लहानका नगर उपप्रमुख रामचलितर महतोले भन्नुभयो, "अस्पताल प्रदेशको मातहतमा रहेकाले मुख्यमन्त्रीले छड्के अनुगमन गरेर राम्रो काम गर्नुभयो। यसको नतिजा आओस्, हामी प्रतीक्षामा छौँ।"

अस्पतालमा छड्के अनुगमन गर्दा अधिकांश चिकित्सक आफ्नो समयतालिका अनुसार उपस्थित नभएको, सरसफाइमा त्रुटि रहेको र अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट सुनील कुशवाहासमेत अनुपस्थित रहेको पाइएको छ। मेसु कुशवाहा लहानदेखि १० किलोमिटर टाढा गोलबजारमा निजी क्लिनिक सञ्चालन गरिरहेको र अस्पतालमा साँझ परेपछि उपस्थित नहुने गुनासो मुख्यमन्त्री सिंहकहाँ पुगेको थियो।

आफन्तलाई सुत्केरी गराउन अस्पताल आएकी अमृता महतोले सरसफाइको कमी, अत्यधिक गर्मीमा पङ्खा र एसीको अभावले विद्युत् लाइन कट्दा ठुलो सास्ती बेहोर्नु परेको र साँझ परेपछि चिकित्सकको लापर्बाही हुने गरेकोलगायतका समस्या रहेको मुख्यमन्त्री सिंहलाई सुनाउनुभयो। अन्य बिरामी तथा कुरुवाले समेत मुख्यमन्त्रीलाई गुनासो सुनाएका थिए। सबैको गुनासो सुनेर मुख्यमन्त्री सिंहले आकस्मिक कक्षका चिकित्सक, ल्याबका चिकित्सक र प्रसूति विभागको चिकित्सकलाई अस्पतालमा सरसफाइ नभएको र कर्मचारी चिकित्सकको लापर्बाहीबारे जिज्ञासा राख्नुभएको थियो।

प्रसूति विभागका चिकित्सक कुसुम यादवले करारमा रहेका चिकित्सक कर्मचारीको करार म्याद अहिलेसम्म नथपिदिँदा समस्या भएको जिज्ञासामा मुख्यमन्त्री सिंहले म्याद चाँडै थपिने विश्वास दिलाउनुभयो।

२०३७ सालमा स्थापित लहानका रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालको एक बिघा १५ कट्ठा अर्बौं मूल्यको जग्गा दाताद्वय पवन मुरारका र मुरारीलाल मुरारकाले रजिस्ट्रेसनका लागि हस्ताक्षरसमेत गरिदिए पनि रजिस्ट्रेसन गराउन राजस्व नै एक करोडभन्दा बढी लाग्ने भएपछि हाल रजिस्ट्रेसन रोकिएको छ। दाता परिवारका मुरारीलाल मुरारकाका अनुसार रजिस्ट्रेसनका लागि प्रदेश सरकारको पहलमा सङ्घीय सरकारको अर्थ मन्त्रालयबाट हुनुपर्ने भनी पहल पनि भयो तर राजस्व मिनाहाका लागि कुनै चिठी नआएकाले जग्गा रजिस्ट्रेसन अड्किएको हो। जग्गा रजिस्ट्रेसन नहुँदा अस्पतालको स्तरोन्नति गर्न र थप निर्माणको कामसमेत अघि बढ्न सकेको छैन।

प्रादेशिक अस्पताल लहानमा बढेको लापर्बाहीले गर्दा अस्पताल भर्ना भएका बिरामीलाई साँझ परेपछि यहाँ उपचार सम्भव नरहेको भनेर अन्तै सिफारिस गर्ने गरिएको गुनासो पनि छ। अस्पताललाई सिफारिस केन्द्रका रूपमा परेको छापका कारण लहान अस्पतालमा भर्ना नगराई धरान, विराटनगरका अस्पताल जानुपर्ने बाध्यात्मक अवस्था रहेको लहान-२ का स्थानीय देवेन्द्र यादवले बताउनुभयो।

# धरानमा बन्यो हिरासत भवन

**निशा राई**
*धरान, भदौ १५ गते*

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले इलाका प्रहरी कार्यालय धरानको परिसरमा नवनिर्मित हिरासत भवनको उद्घाटन गर्नुभएको छ।

शनिबार बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको हाताभित्र रहेको इलाका प्रहरी कार्यालय धरानमा हिरासत भवन निर्माण भई उद्घाटन तथा हस्तान्तरण गरेकोमा धरानले एउटा इतिहास रचेको मुख्यमन्त्री कार्कीले बताउनुभयो। "धरान इतिहास रच्ने नै सहर हो" उहाँले भन्नुभयो।

इलाका प्रहरी कार्यालयमा हिरासत भवन निर्माण समिति धरानको अथक प्रयास र मेहनतबाट यो भवन निर्माण भएको अवसरमा स्मारिकासमेत प्रकाशन गरेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो।

धरानमा शान्तिसुरक्षा कायम गर्नका लागि थुनुवा कक्ष अत्यन्त साँघुरो र कष्टकर भएर समस्या भइरहेको परिप्रेक्ष्यमा नागरिकसँगको हातेमालोमा हिरासत भवन निर्माण हुनुले पनि धरानका जनताको विकासप्रतिको साझेदारीलाई दर्साउने उहाँले बताउनुभयो। गत २०७५ सालमा कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्री हुँदा मुख्यमन्त्री कार्कीले नै सो भवन शिलान्यास गर्नुभएको थियो। जनस्तरबाट निर्माण आरम्भ गरी सङ्घीय, प्रदेश सरकार, धरान उपमहानगरपालिका तथा देश विदेशमा रहनुभएका विभिन्न सङ्घ संस्था र दाताको सहयोगमा हिरासत भवन निर्माण भएको निर्माण समितिको अध्यक्ष मीनकुमार सुब्बाले बताउनुभयो।

हिरासत भवनमा बसेको व्यक्तिमा सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा प्रहरीले सधैँ सैद्धान्तिक कुरा मात्र गर्छ, व्यवहारमा कहिल्यै आउँदैन भन्ने नकारात्मक सोचमा परिवर्तन भई सकारात्मक सूचना प्रवाह हुने अध्यक्ष सुब्बाले बताउनुभयो।

नयाँ हिरासत भवन दुई तला रहेको छ जसमा जम्मा आठ वटा कोठा छन्। सहयोगी दाताबाट जम्मा दुई करोड नौ लाख २९ हजार १२ रुपियाँ ६९ पैसा उठेकोमा जम्मा लागत दुई करोड नौ लाख २६ हजार १२ रुपियाँ ६९ पैसा लागेको हिरासत निर्माण समितिका कोषाध्यक्ष सविता राईले बताउनुभयो।

## राजविराज-छिन्नमस्ता
# सडक नबन्दा सास्ती



*तस्बिर : देवरामप्रसाद यादव*

**राजविराज-छिन्नमस्ता सडकको दुरवस्था ।**

**देवरामप्रसाद यादव**
*सप्तरी, भदौ १५ गते*

सप्तरीको राजविराज-छिन्नमस्ता सडक दुई वर्षदेखि निर्माणाधीन अवस्थामा रहँदा यात्रुलाई सास्ती भएको छ। ठेकेदार कम्पनीले सडक भत्काएर लथालिङ्ग अवस्थामा छाड्दा यात्रुलाई सास्ती भएको हो। सडक डिभिजन कार्यालय लहानले २५ करोड ८८ लाख दुई हजार रुपियाँमा साह इन्जिनियरिङ प्रालिलाई ठेक्का दिएको थियो। गत असारमै निर्माण सम्पन्न भइसक्नुपर्ने सडकमा हालसम्म १३.३३ प्रतिशत मात्रै काम भएको छ।

उक्त सडकखण्डमा दिनहुँ जसो दुर्घटनाको जोखिम बढ्दो छ। सडकको ठाउँ ठाउँमा खाल्डो हुनुका साथै पानी जमेर पोखरी झैँ बनेपछि थप समस्या भएको यात्रुको गुनासो छ। ट्याम्पोचालक रामचन्द्र यादव सवारीसाधनबाट छिन्नमस्ता मन्दिरमा जाने दर्शनार्थी ओराल्दै चढाउँदै लैजानु परेको बताउनुहुन्छ। कुनै बेला पनि दुर्घटना हुन सक्ने भएका कारण जोखिम मोलेर सवारीसाधन चलाउनु परेको उहाँको भनाइ छ। बाटो बिग्रेका कारण बस सेवा बन्द छ।

बाटो बिग्रेका कारण १२ किलोमिटर यात्रा गर्न एक घण्टाभन्दा बढी समय लाग्ने गरेको अटोचालकको भनाइ छ।

यसैबिच छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीको नेतृत्वमा सडक मर्मतको माग गर्दै लहानस्थित सडक डिभिजन कार्यालयमा गत असार ३० गते धर्नासमेत बसेका थिए। दसैं नजिकिँदै गएका बेला छिन्नमस्ता दर्शन गर्न आउने दर्शनार्थीले सास्ती भोग्नु नपरोस् भनेर छिट्टै सडक मर्मतका लागि केन्द्रसमक्ष ध्यानाकर्षण गराउँदा पनि अहिलेसम्म काम अघि नबढेको उहाँको भनाइ छ। सम्बन्धित निकायको कमजोरीका कारण सडक यस्तो अवस्थामा पुगेको आरोप लगाउँदै स्थानीयले अविलम्ब उक्त सडकखण्डको स्तरोन्नति गर्न माग गरेका छन्।

# भत्काउन सजिलो, बनाउन गाह्रो

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, भदौ १५ गते*

मोरङको रङ्गेली-९, दोहमनास्थित जिल्लाकै सबैभन्दा पुरानो दोहमना बजार समयमा स्तरोन्नति नहुँदा व्यापारीको आकर्षण घटेको छ। भत्काएर लथालिङ्ग भएको दुई वर्ष बित्न लाग्दा पनि पक्की संरचना नबनेपछि व्यापारी पुनः नफर्केलान् भन्ने चिन्तासमेत बढेको छ।

सङ्घीय सरकारको सहरी विकास मन्त्रालय अन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागको ३७ करोड २० लाख ९७ हजार २०८ रुपियाँ ८१ पैसामा निर्माण हुने गरी २०७९ फागुन २६ गते निर्माण सुरु भएको बजारका घरटहरा २०८१ भदौ ५ गते निर्माण सम्पन्न हुनुपर्ने थियो। सम्झौता अनुसारको समय व्यतित भइसक्दा पनि खरिढुङ्गा सफल जेभी काठमाडौँले ५५ प्रतिशत मात्र काम सम्पन्न गरेको छ। निर्माण कम्पनीका इन्जिनियर रोशन बरालले भन्नुभयो, "भौतिक प्रगति मात्र होइन वित्तीय प्रगति पनि ५१ प्रतिशत मात्रै छ। नगरपालिकाले समयमा साइड खाली नगरिदिएकाले काम ढिलो गरी सुरु भयो। त्यसैले अब म्याद थपको प्रक्रियामा छौँ।" आगामी चैतसम्ममा काम सम्पन्न गर्ने गरी म्याद थप गर्ने र सोही अनुसार काम सक्ने बरालले बताउनुभयो।

नगरकै मेघा प्रोजेक्टका रूपमा रहेको दोहमना बजारको स्तरोन्नति कार्यक्रम स्वीकृत भएपछि सुरुमै विवाद भयो। त्यहाँ रहेका दुई सय वर्ष पुराना बर र पिपलका रुख काट्न स्थानीयबाट अवरोध भयो। विवाद समाधान गर्न केही समय लागेकाले काम सुरु गर्न ढिलो भएको सोही वडाका वडाध्यक्ष चुडामणि रेग्मीले बताउनुभयो। रेग्मीका अनुसार तीन बिघा १५ कट्ठा बजारको जग्गामध्ये दुई बिघामा बजारको स्तरोन्नति भइरहेको छ। दुई बिघा जग्गाभित्र ७२ वटा सटर, नौ वटा आधुनिक घरभित्र १०८ वटा पसल राख्न सकिने कोठा र दुई वटा शौचालय निर्माण भइरहेका छन्। खुला आकाशमुनि लाग्दै आएको ६० वर्ष पुरानो पशुहाटको स्तरोन्नति सङ्घीय पशुपन्छी मन्त्रालयले गरेपछि बजारको स्तरोन्नतिका लागि सहरी विकास मन्त्रालयले सहयोग गरेको वडाध्यक्ष रेग्मीले बताउनुभयो।

रेग्मीका अनुसार दोहमनामा गुद्री बजार कहिलेबाट सुरु भयो भन्ने अभिलेख छैन। रेग्मीले भन्नुभयो, "स्थानीय ९०/९५ वर्षका वृद्धबाट उसबेला पनि दोहमना बजारमा भारतदेखि बयलगाढामा चिनी, नुन, मटितेल ल्याएर बिक्री गर्ने गरेको इतिहास सुन्दै आएका छौँ।"

रङ्गेलीबाट पाँच किमी उत्तरमा रहेको दोहमना बजार नगरकै सबैभन्दा ठुलो आम्दानीको स्रोत भएको रङ्गेली नगरपालिकाका प्रमुख दिलीपकुमार अग्रवालले बताउनुभयो। उहाँले नगरको गौरवको आयोजना भएकाले ढिलो भए पनि राम्रो र गुणस्तरीय हुने बताउनुभयो। नगरप्रमुख अग्रवालले गत वर्ष ६० लाख रुपियाँमा बजार ठेक्का लागेकोसमेत जानकारी दिनुभयो। सम्पूर्ण पूर्वाधार निर्माण भएपछि नगरको आन्तरिक आम्दानी वृद्धि हुने उहाँको भनाइ छ।

यता व्यवसायीले भने दुई वर्षदेखि हिलोमा पसल गरिरहनु पर्दा दोहमना बजारको आकर्षण नै घट्ने हो कि भन्ने चिन्ता गरिरहेका छन्। व्यापारी कृष्ण साहले भन्नुभयो, "सडक भत्किएको छ। व्यापार गर्ने ठाउँसम्म ग्राहक पुग्न सक्दैनन्। बन्छ भनेर कुर्दाकुर्दै दुई वर्ष बित्न लाग्यो। उहाँले बजार लथालिङ्ग हुँदा पुराना व्यापारी बजारमा आउन छोडेकोसमेत बताउनुभयो।"

## सिधुवामा बहुआयामिक पुस्तकालय

**हिले समाचारदाता**
*हिले, भदौ १५ गते*

धनकुटाको सिधुवामा बहुआयामिक नमुना पुस्तकालय निर्माण गरिएको छ। परम्परागत पुस्तकालय प्रणालीलाई विस्थापन गर्दै धनकुटाको छथर गाउँपालिकामा समुदायको मागमा आधारित बहुआयामिक नमुना पुस्तकालय निर्माण गरिएको हो। सो पुस्तकालयको शनिबार एक कार्यक्रमबिच उद्घाटन गरिएको छ।

पुस्तकालयको जापानका उपराजदूत मिसन उपप्रमुख ताकाहिरो तामुरा र छथरजोरपाटी गाउँपालिकाका अध्यक्ष छत्रबहादुर सुब्बाले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो।

१७ औँ पुस्तकालय दिवसको अवसर पारेर बौद्धिक सिप विकास, प्रविधि मैत्री युवा, कृषि पर्यटन, जिज्ञासु महिला तथा बालबालिका, सभ्य एवं व्यावहारिक नागरिक निर्माणमा सामुदायिक पुस्तकालय भन्ने नारासहित सञ्चालनमा ल्याइएको हो। जापान सरकारको तीनवर्षे आयोजना अन्तर्गत नेपालस्थित एसभिए र रिड नेपालको समन्वय तथा प्राविधिक सहयोगमा पालिकाको वडा नं. ६ सिधवामा यो पुस्तकालय सञ्चालन गरिएको हो।

जापान सरकारको एक करोड ६२ लाख, गाउँपालिकाको ५० लाख र स्थानीयवासीको ३० हजार गरी कुल दुई करोड १२ लाख ३० हजार रुपियाँमा आयोजना सम्पन्न भएको केन्द्र अध्यक्ष अर्जुन घिमिरेले जानकारी दिनुभयो। पुस्तकालयमा तीन हजारभन्दा बढी पुस्तक छन्।

# वन अधिकृतको सराहना

**ढल्केबर समाचारदाता**
*ढल्केबर, भदौ १५ गते*

राष्ट्रिय वन क्षेत्रको जग्गा अतिक्रमण हुनबाट जोगाउने जिल्ला वनका कर्मचारीलाई मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सराहना गर्नुभएको छ। बाराको कोल्हवी नगरपालिका-२, बसनचौरीस्थित राष्ट्रिय वनको १११ बिघा १२ कट्ठा १६ धुर जग्गा किर्ते गरी अतिक्रमण गर्ने प्रयास विफल तुल्याउने डिभिजनल वन कार्यालय बाराका प्रमुख विनोद सिंहलाई मुख्यमन्त्री सिंहले सराहना गर्नुभएको हो।

मुख्यमन्त्री सिंहले डिभिजनल वन अधिकृत सिंहलाई टेलिफोन गरी राष्ट्रिय वन क्षेत्रको जग्गा अवैध तरिकाले भूस्वामित्व प्राप्त गर्न खोज्नेहरूको दुष्प्रयास रोक्न अनुसन्धान कार्यमा संलग्न सबै कर्मचारी धन्यवादका पात्र रहेको भन्दै सराहना गर्नुभयो। साबिक सपही गाविस वडा नं. १ र हाल कोल्हवी नगरपालिका-२ मा पर्ने कित्ता नम्बर १०, १२, १३, १४, १५ र १६ का व्यक्तिको लालपुर्जा र नक्साभित्रका जग्गामा नेपाली सेनाले गरेको वृक्षरोपण खाली गराउन लीलादेवी बुढाथोकीले




नेपाली सेनाको जङ्गी अड्डा काठमाडौँमा निवेदन पेस गर्नुभएको थियो। त्यसउपर डिभिजन वन कार्यालय बाराले जाँचबुझ गर्दा साबिक सपही गाविस वडा नं. १ (घ) को नाममा जनिएको कित्ता नं १ देखि १९ को कुल क्षेत्रफल १११ बिघा, १२ कट्ठा १६ धुर अर्थात् ७५.५३ हेक्टर जग्गा हाल कोल्हवी नगरपालिका-२, बारास्थित तामागढी साझेदारी वन उपभोक्ता समूहले संरक्षण तथा व्यवस्थापन गर्दै आएको खुलेको थियो।

डिभिजन वन कार्यालय बाराले सो जग्गाको स्वामित्व नेपाल सरकारमा रहेको राष्ट्रिय वन क्षेत्र हो भनी ठहर गर्दै सो जग्गाको हक कोही कसैलाई पनि हस्तान्तरण गर्नेतर्फ कामकारबाही नगराउन भूमिसुधार तथा मालपोत कार्यालय बारा नापी कार्यालयलाई लेखी पठाएको छ।

मुख्यमन्त्री सिंहले सरकार मातहतका संयन्त्रले गर्ने कामबाट नै सरकारको भूमिका स्थापित हुने भन्दै भुइँतहमा कार्यरत जनशक्तिले इमानदारी तथा निष्ठापूर्वक काम गरिदिँदा सरकारबाट प्रवाह हुने सेवा संस्थागत र सुशासनयुक्त हुने बताउनुभयो। उहाँले असल काम गर्ने कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन गर्ने नीति प्रदेश सरकारको रहेको प्रस्ट पार्नुभयो।

उहाँले कोल्हवीको वनको जग्गा कब्जा प्रकरणमा किर्ते कागज बनाउने र बनाउन सघाउने कार्यमा संलग्नहरूलाई कारबाही गर्न प्रदेश सरकारले सङ्घीय सरकारलाई सिफारिस गर्ने जानकारी दिनुभयो।

# एघार पालिकाले गर्न सकेनन् कित्ताकाट

**रौतहट समाचारदाता**
*रौतहट, भदौ १५ गते*

पछिल्लो समय सरकारले जग्गाको कित्ताकाट फुकुवा गरे पनि रौतहटका अधिकांश स्थानीय तहमा कित्ताकाटको काम हुन नसक्दा जमिन खरिदबिक्री र राजस्वसमेत प्रभावित बनेको छ। जिल्लाका १८ स्थानीय तहमध्ये ११ वटा पालिकाले मालपोत र नापी कार्यालयमा बुझाउनुपर्ने भूउपयोग वर्गीकरण रिपोर्ट हालसम्म नबुझाएकाले कित्ताकाटको काम हुन नसक्दा जमिन खरिदबिक्री र राजस्व प्रभावित बनेको हो।

चन्द्रपुर, गौर, गरुडा र मौलापुर मालपोत कार्यालय अन्तर्गत पर्ने स्थानीय तहलाई गत महिना (साउन ३१ गते) भित्र भूउपयोग वर्गीकरण गरी रिपोर्ट बुझाउन समयसीमा तोकिएको थियो तर हालसम्म ती कार्यालय अन्तर्गतका ११ वटा पालिकाले उक्त तथ्याङ्क बुझाउन सकेका छैनन्। भूउपयोग वर्गीकरण नहुँदा जमिन खरिदबिक्री नै नहुने र राजस्वसमेत प्रभावित हुने मालपोत कार्यालय चन्द्रपुरका प्रमुख हेमराज फुयाँल बताउनुहुन्छ।

भूउपयोग नियमावली अनुसार नेपालको जमिनलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व र नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रमा वर्गीकृत गरिएको छ। चन्द्रपुर, गौर, गरुडा र मौलापुर मालपोत कार्यालयले मातहतका ११ पालिकालाई जमिनको वर्गीकरण यथाशीघ्र गरी रिपोर्ट पेस गर्न पत्राचार गरेको छ। भूउपयोग वर्गीकरण गरी रिपोर्ट नबुझाउनेमा मालपोत कार्यालय चन्द्रपुर अन्तर्गत चन्द्रपुर र कटहरिया नगरपालिकाका केही वडा छन्। ती पालिकालाई छिटोभन्दा छिटो जमिनको वर्गीकरण रिपोर्ट पठाउन ताकिता गरिएको कार्यालयका सूचना अधिकारी राजगिर मुखियाले जानकारी दिनुभयो।

यसै गरी मालपोत तथा भूमिसुधार कार्यालय गौर अन्तर्गत गौर, राजपुर, इसनाथ र पर्सोहा नगरपालिकाले भूउपयोग वर्गीकरण पठाएका छैनन्। यस्तै मालपोत कार्यालय गरुडा अन्तर्गत गढीमाई, माधवनारायण, देवाहीगोनाही र कटहरिया नगरपालिकाले जमिनको वर्गीकरण रिपोर्ट नपठाएको कार्यालय प्रमुख मोहन पाठकले जानकारी दिनुभयो। मालपोत कार्यालय मौलापुर अन्तर्गत रहेको मौलापुर, बौधीमाई, देवाहिगोनाहीका केही वडा र पर्सोहा नगरपालिकाले भूउपयोग वर्गीकरणपत्र नपठाएको कार्यालयका प्रमुख बाबुनन्दन साहले जानकारी दिनुभयो।

**Notice about correction**

Regarding the bid cancellation notice of **IFB no. NDCL/CTO/ICB/11/080-81** for **Supply and Delivery of Lithium-Ion Battery (48V, 100Ah)** published on August 30, 2024, the IFB notice published date has been corrected as Jan 08, 2024.

**Nepal Telecom**
**Office of Chief Technical Officer,**
**Central Procurement Department**

**Invitation for Electronic Bids**

(First day of Publication **August 30, 2024**)

1. Nepal Telecom invites electronic bid from reputed and competent Bidders for the following bid:

| S. N. | Description | Bid Document Fee | Bid Security Amount | Closing date and time | Opening date and time |
|---|---|---|---|---|---|
| 1 | **IFB No.: NDCL/CTO/ ICB/02/081-82 for Supply & Delivery of GPON ONT and Accessories .** | NPR 40,000.00 or USD 300.00 | NPR. 15,109,000.00 **or** USD 112,790.00 **or** EUR 104,570.00 | October 24, 2024 12:00 Noon | October 24, 2024 1:00 PM |

2. A complete set of Bid Document may be downloaded for e-submission from PPMO's e-GP system at *www.bolpatra.gov.np/egp*.The Bidders shall submit their bid electronically and deposit above mentioned non-refundable Bid Document Fee in the bank account specified in bidding document.
3. In case, the last date of submission and opening of the tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

**Contact Address**
**Nepal Telecom**
Office of Chief Technical Officer,
Central Procurement Department, Bhadrakali, Kathmandu, Nepal
Tel. No: 977-1-4210310, E-mail: procurement@ntc.net.np

**नेपाल दूरसञ्चार प्राधिकरणको**
**ग्रामीण दूरसञ्चार विकास कोष व्यवस्थापन सम्बन्धी सूचना**

(**प्रथम पटक प्रकाशित मिति : २०८१।०५।१६**)

यस प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष तर्फको लगानी योग्य रकम ६ महिनादेखि १ वर्षका लागि मुद्दती खातामा र केही रकम कल खातामा समेत लगानी गर्नुपर्ने भएकोले तपसिलका विवरणहरू खुलाई नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त "क" वर्गका वाणिज्य बैंकहरूले आफूले राख्न चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत खुलाई मिति २०८१।०५।२३ गते आइतबार बेलुकी ५:०० बजेभित्र यस प्राधिकरणको आर्थिक प्रशासन शाखामा सिलबन्दी कोटेसन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**(क) सिलबन्दी कोटेसनको आवेदनका साथ उल्लेख गर्नुपर्ने सूचकाङ्कहरू (Indicators) :**

1. Capital Adequacy Ratio
2. NPL- Non Performing Loan Percentage
3. Credit Capital Deposit Ratio
4. Statutory Liquidity Ratio (SLR)
5. Net Liquidity Ratio (NLR)

**(ख) सिलबन्दी कोटेसनसँग सम्बन्धित अन्य आवश्यक सूचनाहरू :**

१. माथि उल्लिखित सूचकाङ्कहरू २०८१ आषाढ मसान्तको प्रकाशित वित्तीय विवरणको आधारमा हुनुपर्नेछ।
२. प्रस्तावित ब्याज दर कम्तीमा १५ दिनसम्मका लागि कायम (Valid) हुनुपर्नेछ।
३. माथि (क) र (ख) मा माग गरिएको विवरणहरू उपलब्ध नगराउने बैंकहरूको प्रस्ताव स्वतः रद्द हुनेछ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
**राष्ट्रिय नाचघर, जमल, काठमाडौं ।**
**फोन नं. ९७७-०१-५३५५४७४**

**सूचना**

यस क्याम्पसमा विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट फर्निचर खरिद गर्न सूची दर्ता व्यावसायीलाई सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्रमा दररेटको गोप्य सिलबन्दी कोटेशन पेस गर्न सूचित गरिन्छ । अन्य विस्तृत विवरण क्याम्पसको सूचना पाटीमा टाँस गरिएको छ ।
साथै यस क्याम्पसमा विहानी समय BA, BBS, B.Ed. प्रथम वर्षमा भर्ना भईरहेको छ ।

**बानेश्वर बहुमुखी क्याम्पस**
शान्तिनगर, काठमाडौं, फोन नं. ०१-४६२०३३२, ४६२०३१०

# अर्थबजार

**सेयर बजार**

| | |
|---|---|
| नेप्से इन्डेक्स | : २७४९.५७ (-३६.८३) |
| कारोबार रकम | : १२,२४३,६०१,३६५ |
| कारोबार भएका सेयर | : २८,३४६,२४६ |
| कारोबार सङ्ख्या | : १४६,२०४ |
| कारोबार भएका कम्पनी | : ३२२ |

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | |
|---|---|
| छापावाल सुन | : १५२९०० |
| चाँदी | : १८२० |

## कोशी प्रदेशमा चार सय किलोमिटर पदमार्गको योजना

# फिक्कलदेखि अन्तुसम्म 'टी ट्रेल' निर्माण सुरु



चियाबारी पदमार्गमा समेटिएको अन्तु पोखरी क्षेत्र।

**प्रेम अधिकारी**
*पशुपतिनगर, भदौ १५ गते*

इलामको सूर्योदय नगरपालिका आन्तरिक पर्यटकको रोजाइमा परेको पर्यटकीय गन्तव्य मानिन्छ। कन्याम, अन्तु जस्ता पर्यटकीय स्थल बाह्रै महिना पर्यटकले भरिभराउ हुन्छन्। पर्यटन पूर्वाधारका हिसाबले विभिन्न संरचना निर्माण गरिएको नगरमा अब पैदलयात्रीका लागि पदमार्गसमेत निर्माण हुने भएको छ।

नगरपालिकाको फिक्कलदेखि अन्तुसम्म करिब २० किलोमिटर लामो 'चियाबारी पदमार्ग' (टी ट्रेल) निर्माण गर्न लागेको हो। स्विस सरकारको हेल्भेटास कार्यक्रम अन्तर्गत ५५ प्रतिशत लगानी र नेपाल सरकारका विभिन्न निकायको ४५ प्रतिशत लगानीमा पदमार्ग निर्माण गरिने भएको हो।

पदमार्गमा आधारित पर्यटन विकास परियोजना अन्तर्गत ग्रामीण क्षेत्रमा पर्यटनको विकास गर्न कोशी प्रदेशभर नै सम्भाव्य स्थानमा पदमार्ग निर्माण गर्न लागिएको कोशी प्रदेश पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले जानकारी दिनुभयो। उहाँले फिक्कल–अन्तु चियाबारी पदमार्ग निर्माणले अन्तुबाट देखिने सूर्योदय, सूर्यास्त र चियाबारीको सौन्दर्यमा पर्यटक रमाउन सक्ने बताउनुभयो। उहाँले भन्नुभयो, "यो पदमार्ग निर्माण गर्नुको उद्देश्य केबल हिँड्नु मात्र होइन, पदमार्ग आसपासको ग्रामीण जनजीवनलाई आयआर्जनमा जोडेर आर्थिक आम्दानी गर्नु पनि हो।"

पदमार्ग निर्माणका लागि गत वैशाख २७ गते स्विस सरकार र नेपाल सरकारबिच सम्झौता भइसकेको छ। सम्झौता अनुसार सन् २०२४ देखि २०२८ सम्म परियोजना सञ्चालन हुने छ। यस अन्तर्गत कोशी प्रदेशका चार वटा स्थानमा चार सय किलोमिटर पदमार्ग निर्माण गरिने स्विस सरकार कोशी प्रदेशस्तरीय अधिकृत सुशील श्रेष्ठले जानकारी दिनुभयो। परियोजना सम्पन्न गर्नका लागि कोशी प्रदेश अन्तर्गत २९ वटा पालिकाले यस परियोजनामा सहभागिता जनाएका छन्। यसमा स्विट्जरल्यान्ड सरकारको ५५ प्रतिशत, सङ्घीय सरकारको आठ प्रतिशत, प्रदेश सरकारको १९ प्रतिशत र स्थानीय सरकारको १८ प्रतिशत लागत साझेदारी रहने व्यवस्था गरिएको छ। फिक्कल–अन्तु चियाबारी पदमार्ग सम्पन्न गर्नका लागि स्विस सरकार र तीन तहका सरकारको गरी आव २०८१/८२ मा २३ लाख रुपियाँ रकम विनियोजन भएको सूर्योदय नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराईले जानकारी दिनुभयो। चियाबारी पदमार्ग निर्माणका लागि पदमार्गको पहिचान गर्ने काम भइरहेको छ। पदमार्गमा ढुङ्गालगायत स्थानीय स्रोतसाधन प्रयोग गरी प्रकृतिको विनाश नगरी निर्माण गरिने सचिव घिमिरेले जानकारी दिनुभयो।

नगरप्रमुख रणबहादुर राईले दिगो विकास लक्ष्यलाई पूरा गर्ने गरी चियाबारी पदमार्ग निर्माण गरिने बताउनुभयो। हेल्भेटास कार्यक्रमका पर्यटन संयोजक प्रनिल उपाध्याय नेपालका अनुसार परियोजना अन्तर्गत चियाबारी पदमार्ग, फाल्गुनन्द पदमार्ग, लालीगुराँस पदमार्ग र मुन्धुम पदमार्ग रहेका छन्। पदमार्गले छोएका क्षेत्रमा पर्यटन पार्क, फलैँचा, होमस्टे, शौचालय आदि निर्माण गरिने छ। चार वटा पदमार्ग निर्माण गर्दा ११ करोड २५ लाख रुपियाँ खर्च हुने जनाइएको छ। यी पदमार्ग सञ्चालनमा आउँदा थप ८० वटा होमस्टे सञ्चालनमा आउने अपेक्षा छ।

चिया पदमार्ग क्षेत्र अन्तर्गत सूर्योदय नगरपालिकामा इलाम–फिक्कल–श्रीअन्तु रहने छ। फाल्गुनन्द पदमार्ग अन्तर्गत फिदिम लत्रेकुटी, सिलौटी, पौवाभन्ज्याङ, लोहाकिल, बिखे छिन्तापु, गुरुवाले, सन्दकपुर, माईपोखरी रहने छ। लालीगुराँस पदमार्ग क्षेत्र अन्तर्गत तुम्लिङटार, खाँदबारी, नुम गुफापोखरी, वसन्तपुर जलजले, तिनजुरे, मिल्के रहने छन्। मुन्धुम पदमार्ग अन्तर्गत क्षेत्रमा कोशीटप्पु मैनामैनी, सङ्खमचुली, हतुवागडी, आमचोक, थामडाँडा, तावाभन्ज्याङ, टेम्केडाँडा, चखेवा दलसिङे, धोत्रे जलजले, हाँसपोखरी, मैयुङडाँडा, ह्यकुले रावाधाप, साल्पापोखरी, सिलिचुङ पिक रहने छ।

# सहकारीले श्वेतपत्र जारी गर्नुपर्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

अब सहकारी संस्थाले संस्थामा आबद्ध सदस्यको पहुँच पुग्ने गरी श्वेतपत्र सार्वजनिक गर्नुपर्ने भएको छ। सङ्घीय सहकारी विभागले सबै सहकारी सङ्घसंस्थालाई श्वेतपत्र जारी गर्न निर्देशन दिएको छ।

विभागले श्वेतपत्रको ढाँचासमेत सार्वजनिक गर्दै यस्तो निर्देशन दिएको हो। सहकारी संस्थाका सदस्यले संस्था नै नचिन्ने, संस्था नदेख्ने, सञ्चालकलाई पनि राम्ररी नचिन्ने अवस्थाले गर्दा सहकारीमा समस्या आएको आमगुनासोका आधारमा विभागले यस्तो व्यवस्था गरेको हो।

सबै सहकारी सङ्घसंस्थाले अनिवार्य रूपमा विभागले उपलब्ध गराएको ढाँचाबमोजिम श्वेतपत्र तयार गर्नुपर्ने छ। आफ्ना सबै सदस्यसमक्ष सहज रूपमा पहुँच पुग्ने गरी उपयुक्त माध्यमबाट सार्वजनिक गर्न निर्देशनमा उल्लेख गरिएको छ। विभागले सबै सदस्यसमक्ष सहज रूपमा पहुँच पुग्ने गरी उपयुक्त माध्यमबाट श्वेतपत्र सार्वजनिक गर्न निर्देशन गरेको हो। "सहकारी क्षेत्रमा देखा परेको समस्या समाधान गर्न गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले दिएको सुझावसमेतका आधारमा विगत वर्षदेखि नै सहकारी सङ्घसंस्थाले श्वेतपत्र जारी गर्ने व्यवस्था गरिएको छ," विभागको निर्देशनमा उल्लेख छ।

त्यसै गरी विभागले सदस्यको विश्वास र पारदर्शिताको माध्यमबाट मात्र सहकारी संस्थाको प्रभावकारिता र दिगोपना कायम रहने हुनाले सबै सहकारी सङ्घ संस्थाले अनिवार्य रूपमा विभागको ढाँचाबमोजिम श्वेतपत्र तयार गरी आफ्ना सबै सदस्यसमक्ष सहज रूपमा पहुँच पुग्ने गरी उपयुक्त माध्यमबाट सार्वजनिक गर्न भनेको हो। यस्तो श्वेतपत्र नियामक निकायले माग गरेको बखत सहजै उपलब्ध गराउने व्यवस्था गर्न पनि विभागले निर्देशन दिएको छ।

संस्थाले आफ्ना सबै सदस्यसमक्ष सहज रूपमा पहुँच पुग्ने गरी उपयुक्त माध्यमबाट सार्वजनिक गर्न र नियामक निकायले माग गरेको बखत उपलब्ध गराउने व्यवस्था गर्न निर्देशन जारी गरिएको विभागले जनाएको छ।

# ऊर्जाविज्ञमा अधिकारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*



ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको वरिष्ठ ऊर्जाविज्ञमा प्रवल अधिकारी नियुक्त हुनुभएको छ। मन्त्रीपरिषद्को भदौ १३ को बैठकले उहाँलाई वरिष्ठ ऊर्जाविज्ञमा नियुक्त गरेको हो।

इलेक्ट्रिकल इन्जिनियरिङ स्नातकोत्तर (डिग्री) हासिल गरी नेपाल विद्युत् प्राधिकरणबाट उपकार्यकारी निर्देशक पदबाट निवृत्त हुनुभएका अधिकारी करिब तीन दशकदेखि नेपालको ऊर्जा क्षेत्रको विकासमा क्रियाशील हुनुहुन्छ। काभ्रेको रोशी गाउँपालिका–९ का अधिकारी ऊर्जा व्यापार, अन्तरदेशीय विद्युत् प्रसारण तथा ऊर्जा नीतिका ज्ञाता मानिनुहुन्छ। नवनियुक्त ऊर्जाविज्ञ अधिकारीले शुक्रबार मन्त्रालयमा पदभारसमेत ग्रहण गर्नुभएको छ।

अधिकारीले नेपालको अन्तरदेशीय विद्युत् व्यापार प्रवर्धन तथा बजारीकरण, विद्युत्को आन्तरिक खपत विस्तारलगायत ऊर्जा क्षेत्रको उन्नयनका लागि आवश्यक नीतिगत सुधारका क्षेत्रमा आफूले भूमिका खेल्ने बताउनुभएको छ। अधिकारीले आन्तरिक खपत विस्तारका लागि क्षेत्रगत कार्ययोजना ल्याउने जानकारी दिनुभयो। ऊर्जा सुरक्षाको विषयलाई पनि विशेष प्राथमिकतामा राखेर नीतिगत व्यवस्थापनमा आफूले भूमिका खेल्ने उहाँको भनाइ छ। "सरकारले ऊर्जा क्षेत्रमा दिगो र दीर्घकालीन विकास हासिल गर्ने लक्ष्य राखेको छ," उहाँले भन्नुभयो, "यही अनुसार ऊर्जा मिश्रणमा स्वच्छ ऊर्जाको हिस्सा बढाउने गरी नीति तथा कार्यक्रम बनाउनुपर्ने छ।"

अधिकारीले विद्युत् ऐनलगायत अन्य नीतिगत अवरोधका कारण विद्युत् प्रसारण तथा व्यापारमा निजी क्षेत्रले चाहना राख्दाराख्दै पनि सहभागिता जनाउन नपाएको बताउँदै आफूले सोही अनुसार कानुनी तथा नितीगत व्यवस्थापनमा लाग्ने जानकारी दिनुभयो। नीति, योजना बनाउने मात्रै नभई कार्यान्वयनमा पनि सरकारका निकायबिच समन्वय र सहकार्य सिर्जना गरी परिणाममुखी काम गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो।

विद्युत् व्यापारमा भारतसँग थप संवादमार्फत अवस्थालाई दुवै देशको हित प्रवर्धन गरी विद्युत् व्यापारलाई थप सहज र परिमाण विस्तारमा लाग्ने उहाँको भनाइ छ।

# बागमतीमा बढ्यो राजस्व

**मकवानपुर समाचारदाता**
*हेटौँडा, भदौ १५ गते*

बागमती प्रदेशमा राजस्व सङ्कलनमा सामान्य वृद्धि भएको पाइएको छ। आर्थिक वर्ष २०७९/८० को तुलनामा गत आवमा ४.७२ प्रतिशतले राजस्व वृद्धि भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ। तर प्रदेश सरकारको अघिल्लो आवको तुलनामा गत आवमा राजस्व सङ्कलनको लक्ष्य भने कम थियो। विभिन्न शीर्षकमा आव २०७९/८० मा ३३ अर्ब १९ करोड ५९ लाख रुपियाँ प्रदेश सरकारले राजस्व सङ्कलनको लक्ष्य बनाएकोमा ७३.३७ प्रतिशत अर्थात् २४ अर्ब ३५ करोड ४२ लाख रुपियाँ राजस्व सङ्कलन भएको थियो।

यस्तै प्रदेश सरकारले अघिल्लो आवमा भन्दा गत आवमा बढी प्रतिशत कर सङ्कलन गरेको आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्याङ्क छ। गत आवमा राजस्व सङ्कलनको लक्ष्य अघिल्लो आवमा भन्दा घटाएर ३० अर्ब ४४ करोड २० लाख रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको प्रदेश सरकारले ८३.७८ प्रतिशत अर्थात् २५ अर्ब ५० करोड ५२ लाख रुपियाँ राजस्व सङ्कलन गरेको थियो।

# बाली बिमामा कृषक शून्य

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, भदौ १५ गते*

एक दशकपहिले नै सरकारले किसानको लगानी सुरक्षित गर्न भन्दै ल्याएको बाली बिमा कार्यक्रम जनचेतनाको अभावमा प्रभावकारी हुन सकेको छैन। २०६९ माघ एकदेखि सुरु भएको यो कार्यक्रममा सिन्धुलीमा कुनै पनि कृषक आबद्ध नभएको पाइएको छ। व्यावसायिक कृषकले समेत बाली बिमा कार्यक्रमबारे जानकारी नपाउँदा कार्यक्रमकै उपादेयतामा प्रश्न उठेको छ।

गोलन्जोर गाउँपालिका–४ निवासी जुनार किसान लोकबहादुर आलेमगर आफूले २०६० सालदेखि नै व्यावसायिक रूपमा जुनार खेती गर्दै आएको भए पनि बाली बिमाबारेका कुनै जानकारी नभएको बताउनुहुन्छ। "मैले २२ रोपनी जमिनमा जुनार खेती गरेको छुँ तर बाली बिमा कार्यक्रम पनि छ भनेर पहिलो पटक सुन्दै छु। बिमा गर्ने त कुरा त परै भयो," उहाँले भन्नुभयो। हावाहुरी, असिना, बाढीपहिरोलगायतका कारणले किसानले लगाएका बालीको जोखिम र क्षति न्यूनीकरण गर्न उक्त कार्यक्रम आएको भए पनि अधिकांश किसान बाली बिमा कार्यक्रमप्रति अनभिज्ञ छन्।



जिल्लामा झन्डै ९० प्रतिशत किसान कृषि पेसामा आश्रित भई गुजारा चलाइरहेको जनाइएको छ। उनीहरूले परम्परागत तथा व्यावसायिक रूपमा धान, मकै कोदोलगायतको अन्नबाली, जुनार, सुन्तलालगायतका फलफूल, तरकारी र दलहन खेती गर्दै आएका छन्। कमलामाई नगरपालिका–४, मल्लागाउँ निवासी किसान पवित्रा भुजेल बाली बिमा गर्न कहाँ जानुपर्ने र के गर्नुपर्ने हो ? केही थाहा नभएको बताउनुहुन्छ। "बाली बिमा गर्दा के सुविधा पाइन्छ, त्यो पनि थाहा छैन," उहाँले भन्नुभयो, "फल्छ, बिग्रिन्छ। के भयो, कसो भयो भन्छौँ। जति फल्छ त्यतिमा नै सन्तोष गर्छौं।"

किसानले लगाएको बाली बाढीपहिरो, असिना, हावाहुरीलगायतका कारणले क्षति भएमा बिमाङ्क रकमको ८० प्रतिशत सरकारले क्षतिपूर्ति दिने व्यवस्था रहेकाले किसानका लागि बाली बिमा कार्यक्रम राम्रो रहेको जिल्ला कृषि विकास कार्यालयका कार्यालय प्रमुख अरुण खनालले

किसानको लगानी २० प्रतिशत मात्रै लाग्ने हुँदा पनि बाली बिमा हुन नसकिरहेको बताउनुभयो। "तर त्योसम्बन्धी हामीलाई गुनासो पनि आएको छैन," उहाँले भन्नुभयो। जिल्लामा कुल खेतीयोग्य जमिन ६९ हजार २५३ हेक्टर जमिन रहेको छ।

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**गौचर,काठमाडौँ**

**बोलपत्र रद्द गरिएको सूचना**

**मिति २०८१/०५/१६**
**कर्पोरेट महाशाखा/सूचना नं.९**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको नयाँ Arrival Hall को उत्तर पश्चिम पट्टी कुनामा कार्यालयले तोकिदिएको १२ व.मि.क्षेत्रफलमा ५ (पाँच) वर्ष समय अवधिका लागि (Tea, Coffee, Confectionary & Snacks Shop) सञ्चालन गर्नका लागि आयमूलक ठेक्का बन्दोबस्त प्रयोजनार्थ नेपाल सरकारको सम्बन्धित निकायबाट ईजाजत प्राप्त गरेका ईच्छुक व्यक्ति/फर्म/कम्पनीहरु मार्फत सेवा सञ्चालन गर्न मिति २०८१/०३/१८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा न्यूनतम ठेक अङ्क रु.३,६०,६७,७७८/- (अक्षेरेपी: तीन करोड साठ्ठी लाख सरसठ्ठी हजार सात सय अठहत्तर रुपैंया मात्र) कायम गरी ३० (तीस) दिने सूचना प्रकाशित भएकोमा उक्त बोलपत्रको सूचना बमोजिम तोकिएको म्याद बोलपत्र दर्ता गराउने फर्म/कम्पनी को वोलपत्र सारभूत रुपमा प्रभावग्राही नरहेकोले उक्त बोलपत्र रद्द गरिएको व्यहोरा सम्बन्धित सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**नयाँ शहर आयोजना समन्वय कार्यालय**
**बबरमहल, काठमाडौँ**

**आर्किटेक्ट/शहरी योजनाकार विज्ञ परामर्श सेवा खरिद सम्बन्धी सूचना !**

**(सूचना प्रकाशित मिति : २०८१।०५।१६)**

यस आयोजना कार्यालय मातहतका निम्नानुसारका कार्यालयहरूमा कामकाज गर्नेगरी मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा **Bachelor's Degree in Architecture (B.Arch)** गरी स्नातक पश्चात् न्यूनतम ३ वर्षको अनुभव प्राप्त विज्ञ जनशक्तिको परामर्श सेवा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्तावाला (सूचीकृत) विज्ञ नेपाली नागरिकहरूले यस समन्वय कार्यालयमा तपसिल बमोजिमका contract package हरूको RFP document लिई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र छुट्टाछुट्टै सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको मितिभित्र निवेदन दिने आवेदकहरू मध्येबाट विज्ञापनको सि.नं. १ देखि क्रमशः मूल्याङ्कन गरी योग्यता क्रमानुसार परामर्श सेवा सम्झौता गरी कामकाजमा लगाइने व्यहोरा जानकारी गराइन्छ।

**पदः विज्ञ (आर्किटेक्ट/शहरी योजनाकार)**

| सि.नं. | Contract Package No. | नयाँ शहर | माग सङ्ख्या |
|---|---|---|---|
| १ | NTPCO-CS-01a-Patan NT-2081/82 | पाटन, बैतडी | १ |
| २ | NTPCO-CS-01b-Sanfebagar NT-2081/82 | साँफेबगर, अछाम | १ |
| ३ | NTPCO-CS-01c-Rakamkarnali NT-2081/82 | राकम कर्णाली, दैलेख | १ |
| ४ | NTPCO-CS-01d-Bheriganga NT-2081/82 | भेरीगंगा, सुर्खेत | १ |
| ५ | NTPCO-CS-01e-Chaurjahari NT-2081/82 | चौरजहारी, रुकुम पश्चिम | १ |
| ६ | NTPCO-CS-01f-Basantapur NT-2081/82 | वसन्तपुर, तेह्रथुम | १ |
| ७ | NTPCO-CS-01g-Burtibang NT-2081/82 | बुर्तिबाङ, बागलुङ | १ |
| ८ | NTPCO-CS-01h-Dumre NT-2081/82 | डुम्रे भन्सार, तनहुँ | १ |
| ९ | NTPCO-CS-01i-Baireni NT-2081/82 | बैरेनी गल्छी, धादिङ | १ |
| १० | NTPCO-CS-01j-Khurkot NT-2081/82 | खुर्कोट, सिन्धुली | १ |
| ११ | NTPCO-CS-01k-Phidim NT-2081/82 | फिदिम, पाँचथर | १ |

उल्लिखित विज्ञापनका सम्बन्धमा विस्तृत विवरण कार्यालयको वेबसाइट **www.ntpco.dudbc.gov.np** मा राखिएको छ, अन्य कुनै द्विविधा भएमा कार्यालयको फोन नं.०१–४२६२४९६ मा समेत सम्पर्क राख्न सकिनेछ।

**आयोजना निर्देशक**

# पूर्वाधारको प्रतीक्षामा सुतैया ताल

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, भदौ १५ गते*

बाँकेको बैजनाथ गाउँपालिका–३ मा पर्ने 'सुतैया ताल' यस क्षेत्रका आन्तरिक पर्यटकका लागि नयाँ गन्तव्य र रोजाइ बन्दै गएको छ।

कोहलपुर बजारबाट करिब छ किलोमिटर उत्तरतर्फ सुर्खेत जाने बाटोमा रत्न राजमार्गको छेउमा रहेको 'सुतैया ताल' प्राकृतिक रूपले अतिनै रमणीय भएकाले पिकनिक गर्ने, वन्यजन्तु अवलोकन गर्ने र वनजङ्गलको आनन्द लिनेहरूका लागि आकर्षणको केन्द्र बन्दै गएको हो।

सो माललाई स्थानीय देउराली जनआश्रित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले गत एक दशकदेखि संरक्षण र संवर्धन गर्दै आएको छ। करिब सात हेक्टर क्षेत्रफलमा फैलिएको सो ताल क्षेत्रमा केही समययता आन्तरिक पर्यटक आगमन बढ्दै गएको देउराली जनआश्रित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका पूर्वअध्यक्ष महेन्द्र थारूले जानकारी दिनुभयो। "ताल संरक्षण गर्न थालेपछि अहिले पाटेबाघ, चित्तल, बँदेललगायत थुप्रै वन्यजन्तु देखिन थालेका छन्," उहाँले भन्नुभयो, "यहाँ आएर वन्यजन्तु सहजै हेर्न पाइन्छ।" ताल संरक्षणसँगै यसबाट आम्दानी बढाउने पर्यटकीय गतिविधि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छन् तर स्थानीय उपभोक्तासँग लगानी गर्ने स्रोतसाधन नहुँदा सो कार्य हुन सकेको छैन। सो स्थानमा हालसम्म पर्यटक बस्ने तथा खाने सुविधायुक्त पूर्वाधार भने छैन।



पश्चिम पर्यटन सरोकार समूहका संस्थापक अध्यक्ष रामबहादुर मल्लले ताल आसपास होटल, होमस्टे, बोटिङ र पार्क बनाउन सके त्यहाँ आउने पर्यटक लामो समयसम्म रमाउने र त्यसबाट धेरैले रोजगारीसमेत पाउने औँल्याउनुभयो।

बैजनाथ गाउँपालिकाले सो तालका लागि हरेक वर्ष केही न केही बेजट छुट्याउँदै आएको जनाएको छ। गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर शाहीले सुतैया माललाई प्रमुख पर्यटकीय क्षेत्र बनाउन आफूहरू निकै गम्भीर रहेको बताउनुभयो। स्थानीय सरकारले ताल संरक्षणका लागि वरिपरी ड्याम निर्माण गर्ने योजना अघि बढाएको जानकारी उहाँले दिनुभयो। उक्त ताल राजमार्गको छेउमै रहेकाले तालवरिपरिको सौन्दर्यीकरण र भौतिक पूर्वाधार निर्माणमा लगानी गर्न सकिए नेपालका मात्र नभई ठुलो सङ्ख्यामा भारतीय पर्यटकसमेत आकर्षित हुने स्थानीयको अपेक्षा छ।

## जोकोभिच अमेरिकी ओपनबाट बिदा

**न्युयोर्क,** भदौ १५ गते । दोस्रो वरीयता नोभाक जोकोभिच वर्षको अन्तिम ग्रान्डस्लाम अमेरिकी ओपनको तेस्रो चरणबाट बिदा हुनुभएको छ । उपाधि रक्षा अभियानमा रहेको जोकोभिचलाई शनिबार अस्ट्रेलियाका २८ औँ वरीयताप्राप्त अलेक्सी पोपिरिनले ६-६-४, २-६ र ६-२ ले हराउनुभयो ।

अमेरिकी ओपनमा यो लगातार दोस्रो स्तब्धकारी नतिजा भएको छ । एक दिनअघि सन् २०२२ को च्याम्पियन कार्लोस अल्कारेज पनि पराजित हुनुभएको थियो । अमेरिकी ओपनमा चौथो चरणअघि नै शीर्ष तीनमध्ये दुई जना पराजित भएको यो मात्र तेस्रो पटक हो ।

सर्वाधिक ग्रान्डस्लाम विजेता जोकोभिच २५ ग्रान्डस्लाम जित्ने अभियानमा हुनुहुन्थ्यो । अमेरिकी ओपनमा हारेपछि उहाँ यस वर्ष ग्रान्डस्लामविहीन हुनुभएको छ । सन् २०१७ देखि जोकोभिचले हरेक सत्र कम्तीमा एक ग्रान्डस्लाम जित्नुभएको छ । ३७ वर्षीय जोकोभिचले १० पटक अमेरिकी ओपनको फाइनल खेल्नुभएको छ । उहाँले सन् २०११, २०१५, २०१८ र २०२३ मा उपाधि जित्नुभएको थियो । एपी

## एनपिएलमा खेल्ने टिम सार्वजनिक

**काठमाडौँ** (गोरखापत्र), भदौ १५ गते । नेपाल क्रिकेट सङ्घ (क्यान) ले शनिबार नेपाल प्रिमियर लिग (एनपिएल) मा सहभागी आठ फ्रेन्चाइज टोलीको नाम सार्वजनिक गरेको छ ।

एनपिएलको टोलीको नाम पाँच सहर र तीन प्रदेशको नामबाट राखिएको छ । काठमाडौँ, विराटनगर, जनकपुर, चितवन र पोखरा एनपिएलमा प्रतिस्पर्धा गर्ने छ । यसै गरी लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको नामको टिम पनि एनपिएलमा हुने छन् । एनपिएल आगामी नोभेम्बर ३० देखि डिसेम्बर २१ सम्म काठमाडौँमा हुने छ ।

## पौडी प्रशिक्षक तालिम

**काठमाडौँ** (गोरखापत्र), भदौ १५ गते । नेपाल पौडी सङ्घद्वारा आयोजित आधारभूत पौडी प्रशिक्षक तालिम शनिबार सम्पन्न भएको छ । सातदोबाटोस्थित पौडी पोखरीमा भदौ १३ गते सुरु भएको पौडी प्रशिक्षक तालिममा ३० जनाको सहभागी रहेको थियो ।

समापन समारोहमा प्रमुख अतिथि नेपाल सरकारको पूर्वस्वास्थ्यमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले देशको वर्तमान परिस्थितिलाई ध्यानमा राखेर तालिमको आयोजना गरेकोमा पौडी सङ्घको प्रशंसा गर्नुभयो । पौडी सङ्घका अध्यक्ष जगतमान श्रेष्ठले नेपालमा पछिल्लो समय पौडी प्रशिक्षकको धेरै माग रहेको बताउनुभयो । उहाँले सरकारले पोखरी निर्माण गर्दा पौडीविज्ञको सुझाव लिएर निर्माण गर्नुपर्ने धारणा पनि राख्नुभयो । सङ्घका महासचिव तथा तालिमका मुख्य प्रशिक्षक ईश्वरमान कार्कीले पौडी स्वस्थ रहन अत्यन्त आवश्यक रहेको जानकारी दिनुभयो ।

# ऐतिहासिक कांस्य विजेता पलेशालाई बधाई



गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १५ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार पारा ओलम्पिकमा कांस्य पदक विजेता पलेशा गोवर्धनलाई बधाई दिनुभएको छ । उहाँले फरक क्षमता भएर नेपाली खेलकुदमा आफूलाई अब्बल दर्साउनुभएकी पलेशाले जित्नुभएको कांस्य पदक नेपाल र नेपालीका लागि गर्वको विषय हो, भन्नुभयो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पनि पलेशालाई बधाई दिनुभयो । प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालबाट पलेशालाई बधाई दिनुभएको हो । यसै गरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पारा ओलम्पिकमा नेपाललाई पहिलो आधिकारिक पदक दिलाउने पलेशालाई बधाई ज्ञापन गर्नुभयो ।

नेपालकी पारा तेक्वान्दो खेलाडी पलेशाले शुक्रबार राति पेरिसस्थित ग्रान्ड प्यालेसमा भएको के-४४ क्याटगोरी अन्तर्गत महिला ५७ केजीमुनिको खेलमा सर्वियाकी मारिया मिचेभलाई १५-८ ले हराएर कांस्य पदक हासिल गरी इतिहास रच्नुभएको थियो । पलेशाको कांस्य पदक नेपाली खेलकुदले अहिलेसम्म प्राप्त गरेको ठुलो उपलब्धि भएको छ । पारा ओलम्पिकमा पदक जित्ने पलेशा पहिलो नेपाली खेलाडी बन्नुभएको छ ।

### 'सबैको भरोसालाई कायम राख्न सकेँ'

पेरिस पारा ओलम्पिकमा कांस्य पदक जितेपछि पलेशाले मेहनतको फल प्राप्त भएको र आफूले जितेको पदक सिङ्गो राष्ट्रका लागि भएको प्रतिक्रिया दिनुभयो । "मेहनतको फल पाएको अनुभूति भइरहेको छ । यो पदक मेरो मात्र होइन । सिङ्गो नेपाल र सम्पूर्ण नेपालीको हो ।अब हामी गर्वका साथ ओलम्पिकमा हाम्रो पनि पदक छ भनेर भन्न सक्छौँ," पलेशाले भन्नुभयो ।

उहाँले सबैको आफूसँग पदकको अपेक्षा भएकाले सो भरोसालाई कायम राखेर देशका लागि पदक जित्न पाएकोमा अझ बढी खुसी भएको बताउनुभयो । "पलेशाले आफ्नो यात्रामा सहयोग गर्ने राष्ट्रिय खेलकुद परिषद् (राखेप), नेपाल पारा ओलम्पिक कमिटी, नेपाल तेक्वान्दो सङ्घ, परिवार, शुभचिन्तकलगायत सबैलाई धन्यवाद दिँदै अझ राम्रो तयारी गर्न सके योभन्दा बढी उपलब्धि हासिल गर्न सकिन्छ," भन्नुभयो ।

प्रशिक्षक कविराज नेगी लामाले टोकियो ओलम्पिकमा जित्न नसकेको पदक पेरिसमा आएर जित्न सकेकोमा खुसी व्यक्त गर्नुभयो । पलेशा तीन वर्षअघि टोकियो पारा ओलम्पिकमै दुई बाउट जितेर कांस्य पदक भिडन्तसम्म पुगेर पनि निराश बन्नुभएको थियो । यद्यपि सो दुई बाउट नै नेपालका लागि ऐतिहासिक बनेको थियो । अन्तर्राष्ट्रिय लेभल-२ प्रशिक्षक नेगी भन्नुहुन्छ, "पलेशाले जितेको पदक सम्पूर्ण देशवासीका लागि उपहार हो । पलेशा र सम्पूर्ण टिमको मेहनतले सफलता सम्भव भएको छ । पलेशाको सफलताले नेपाल पनि ओलम्पिकमा पदक जित्न सक्षम छ भन्ने सन्देश दिन सफल भएको छ ।"

टोलीका व्यवस्थापक रामचन्द्र श्रेष्ठले लामो समयदेखि राष्ट्रले चाहेको पदक जित्न सफल भएकोमा पलेशालाई बधाई र धन्यवाद दिँदै अझ लगानी वृद्धि गर्ने हो भने स्वर्ण पदक पनि टाढाको विषय नभएको धारणा राख्नुभयो ।

### पलेशा ६५ लाखको हकदार

पेरिस पारा ओलम्पिकमा नेपाललाई ऐतिहासिक कांस्य पदक दिलाएपछि पारा तेक्वान्दो खेलाडी पलेशाले सरकारबाट ६५ लाख रुपियाँ पुरस्कारको योग्य हुनुभएको छ ।

राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ अनुसार पारा ओलम्पिकमा व्यक्तिगततर्फ कांस्य पदक जित्नेलाई ६५ लाख रुपियाँ पुरस्कार दिने व्यवस्था छ । यसै गरी पारा ओलम्पिकमा स्वर्ण जित्नेलाई एक करोड ३० लाख रुपियाँ र रजत जित्नेलाई ९७ लाख रुपियाँ प्रदान गरिने प्रावधान रहेको छ । पलेशाका प्रशिक्षक नेगीले पाँच लाख ८५ हजार र नेपाल तेक्वान्दो सङ्घले ११ लाख ९२ हजार रुपियाँ पाउने भएका छन् ।

# 'राष्ट्रिय खेलकुद तोकिएकै समयमा हुनु पर्छ'

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १५ गते*

पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले १० औँ राष्ट्रिय खेलकुद तोकिएकै समयमा हुनुपर्ने बताउनुभएको छ । सुर्खेतस्थित कर्णाली प्रदेश रङ्गशालाको अनुगमनपछि उहाँले यस्तो धारणा राख्नुभएको हो ।

आगामी मङ्सिरमा तय गरिएको १० औँ राष्ट्रिय खेलकुद निर्धारित समयमै हुने नहुने अन्योल बढिरहेको बेला पूर्वप्रधानमन्त्री प्रचण्डले निर्धारित समयमै हुनुपर्ने बताउनुभयो । उहाँले निर्माणको अन्तिम चरणमा रहेको रङ्गशाला पश्चिम नेपालको खेल क्षेत्र र खेलाडीको वृत्तिविकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास पनि व्यक्त गर्नुभयो ।

रङ्गशाला आधुनिक र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनेको पाइएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले यसको अत्यधिक सदुपयोग गर्नुपर्ने बताउनुभयो । लुम्बिनी, कर्णाली र सदूरपश्चिमको खेल क्षेत्रका लागि यो केन्द्र बन्ने र देशभरिकै खेलाडीका लागि पनि राष्ट्रिय खेलकुदको सुर्खेतमा आयोजना गर्न सकिने ढोका खुलेको टिप्पणी उहाँले गर्नुभयो । आफू तीन पटक प्रधानमन्त्री हुँदा लगातार खेल क्षेत्रको विकासलाई प्राथमिकता दिँदै आएको पनि उहाँले स्पष्ट गर्नुभयो ।

अनुगमनका क्रममा कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाही, पूर्वखेलकुदमन्त्री विमला केसी, कर्णाली खेलकुद परिषद्का सदस्यसचिव विश्वामित्र सन्ज्यालगायतका खेल पदाधिकारीको उपस्थिति रहेको थियो ।

# आजदेखि एन्फा महिला लिग



गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १५ गते*

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले शनिबार एन्फा महिला लिगको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ ।

एन्फाको आयोजनामा हुने प्रतियोगिता आइतबार सुरु हुने छ । एन्फा महिला लिगमा त्रिभुवन आर्मी क्लब, एपिएफ क्लब, नेपाल पुलिस क्लब, सङ्कटा क्लब, बागमती युथ क्लब, वालिङ नगरपालिका, चन्द्रपुर नगरपालिका, कोशी, सुदूरपश्चिम र कर्णाली प्रदेशले सहभागिता जनाउने छन् ।

उद्घाटन खेलमा आइतबार कोशी प्रदेश र वालिङ नगरपालिका भिड्ने छन् । एन्फाले सो खेलका लागि दर्शक प्रवेश निःशुल्क हुने जानकारी दिएको छ । सिङ्गल राउन्ड रोबिनको आधारमा हुने प्रतियोगिताको पहिलो चरणमा ४५ खेल हुने छन् । सिङ्गल राउन्ड रोबिनमा शीर्ष पाँच स्थनमा रहने टोलीबिच पुनः डबल राउन्ड रोबिनका आधारमा सुपर लिग खेलाइने छ । सुपर लिगमा २० खेल हुने छन् । सुपर लिगमा उत्कृष्ट चार टोलीबिच क्वालिफायर, इलिमिनेटर र फाइनल भएपछि महिला लिग विजेताको छिनोफानो हुने छ ।

यस प्रतियोगिताको कुल लागत दुई करोड २४ लाख ६८ हजार रुपियाँ रहेको छ । विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपियाँ पुरस्कार पाउने छन् । यसै गरी लिगको उत्कृष्ट खेलाडीलाई एक लाख, फेयर प्ले टोलीलाई एक लाख ५० हजार, विधागत उत्कृष्ट खेलाडीलाई जनही ५० हजार रुपियाँ प्रदान गरिने छ ।

## कला / साहित्य

## ज्ञानराजका कृतिहरू स्रष्टाका दृष्टिमा

**भक्तपुर** (गोरखापत्र), भदौ १५ गते । साहित्यकार ज्ञानराज सुवेदी को २१ औँ कृति ज्ञानराजका कृतिहरू: स्रष्टाका दृष्टिमा शनिबार सार्वजनिक भएको छ ।

भक्तपुर बुढ्यौली साहित्य समाज र अनुशीलन नेपालले शनिबार आयोजित कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव धनप्रसाद सुवेदीले कृति सार्वजनिक गर्दै ज्ञानराज नाम जस्तै साहित्य पनि ज्ञानी भएको बताउनुभयो । उहाँले २१ औँ कृति सार्वजनिक गर्नु धेरै धैर्यको कुरा भएको बताउनुभयो ।

सो कृतिलाई विनोदराज सुवेदीले सम्पादन गर्नुभएको छ । कार्यक्रममा पुस्तकबारे प्राडा बद्रीविशाल भट्टराईले समीक्षा गर्नुभएको थियो ।

## पुराण तथा महोत्सव स्मारिका लोकार्पण

**काठमाडौँ** (गोरखापत्र), भदौ १५ गते । खार्पा चेलीबेटी समूहले प्रकाशन गरेको पुराण तथा महोत्सव स्मारिका, २०८१ लोकार्पण भएको छ । खार्पा चेलीबेटी समूहद्वारा खोटाङ जिल्ला रावाबेँसी गाउँपालिका-२, खार्पामा पितृ उद्धारको उद्देश्यले २०८० चैत २७ देखि २०८१ साल वैशाख ३ गतेसम्म पुराण तथा महोत्सवको आयोजना गरिएको थियो । समूहद्वारा शनिबार राजधानीमा आयोजित कार्यक्रममा लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी, पूर्वनिर्वाचन आयुक्त भोजराज पोखरेल र पूर्वसचिव पदमप्रसाद पोखरेललगायतले स्मारिकाको लोकार्पण गर्नुभएको हो ।

लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले खार्पासँग आफ्नो पनि नजिकको सम्बन्ध रहेको उल्लेख गर्दै विगतमा विविध कारणले आफ्नो थातथलो छोडेर बसाइँ सर्ने क्रममा गाउँ रित्तिन पुगेको र आजको पुस्ताले सम्झेर पुनः आफ्नो पुर्ख्यौली थलोमा पुराणलगायत सार्वजनिक महत्त्वको काम गर्नु सराहनीय रहेको बताउनुभयो । पूर्वसचिव पदमप्रसाद पोखरेलले खार्पाका छोरीहरूले सो पुराण र महोत्सव भव्य रूपमा सम्पन्न गराएर नयाँ इतिहास रचेको बताउँदै आगामी दिनमा पनि उहाँहरूबाट सामाजिक र सार्वजनिक महत्त्वका कार्यक्रम सम्पन्न गर्ने विचार व्यक्त गर्नुभयो ।

पूर्वसचिव एवं प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले भन्नुभयो, "शिक्षा, रोजगार तथा विविध अवसरको खोजीमा देशैभरमै बसाइँसराइको क्रम तीव्र छन्, त्यसको असर खार्पामाथि पनि परेको छ तर आफ्नो जन्मभूमिमै देशविदेशमा पुगेका छोरीहरूको समूहले पुराण लगाउने सङ्कल्प गरी सबै खार्पावासीलाई आफ्नो जन्मभूमिमा जम्मा हुने आफ्नो पुर्खाको घरआँगनमा टेक्ने अवसर जुराउनु नै महत्त्वपूर्ण कुरा हो ।" पण्डित लोमससरण उपाध्याय घिमिरेले आफ्नो जीवनकालमा पहिलो पटक विवाह भएर देश विदेशमा पुगेका छोरीहरूले सङ्कल्प गरेको पुराण यज्ञ सम्पन्न गर्ने अवसर मिलेको बताउनुभयो ।

# थापाको संस्मरणात्मक कृति 'इन टु द फायर' सार्वजनिक

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १५ गते*




सञ्चार उद्यमी क्याप्टेन रामेश्वर थापाको संस्मरणात्मक कृति 'इन टु दी फायर' सार्वजनिक भएको छ । शनिबार राजधानीमा आयोजित कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र बालगुरु आदित्यनाथले संयुक्त रूपमा लोकार्पण गर्नुभएको थियो ।

उक्त पुस्तक 'इन टु दी फायर' द्वन्द्वकालमा हेलिकोप्टर उडानका क्रममा भोगेको अनुभूतिमा आधारित छ । पुस्तक विमोचन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा हिंसा अन्त्यका लागि सुरक्षाकर्मीलाई साथमा लिएर तथा ज्यान जोखिममा राखेर शान्ति स्थापनाका लागि थापाले पुर्‍याएको योगदान अतुलनीय रहेको बताउनुभयो ।

द्वन्द्वकालका घटनालाई अझ मिहीन तरिकाले वर्णन गरेर अर्को पुस्तक पनि प्रकाशन गर्न ओलीले थापालाई अनुरोध गर्नुभयो । सञ्चारकर्मी विजयकुमार पाण्डेले द्वन्द्वकालमा क्याप्टेन थापाले देशका लागि आफ्नो ज्यानको प्रवाह नगरेको र त्यही भोगाइलाई किताबमा चित्रण गरिएको बताउनुभयो ।

"तपाईंले युद्धनजिकबाट हेर्नुभएको छ । हामीले एक पटकमा एक पक्षको मात्र कल्पना गर्न सक्छौँ तर तपाईंले एकै पटक चारैतिरबाट हेर्नुभएको छ," पाण्डेले भन्नुभयो, "तपाईंले त्यो दुःख र भोगाइ सहनुभएको छ । साँच्चै नै देशका लागि तपाईंको यो ठुलो योगदान हो ।"

थापाको उक्त पुस्तक नेपाली भाषामा छ वर्षअघि नै प्रकाशन भएको थियो । सोही पुस्तकमा अन्य घटना र प्रसङ्ग थपेर अङ्ग्रेजी भाषामा प्रकाशन गरिएको हो । पुस्तकको अनुवाद सञ्चारकर्मी विश्वास बरालले गर्नुभएको हो ।

# पुनर्जन्मको कथा 'काँचो धागो'



सुकृत नेपाल
*काठमाडौँ, भदौ १५ गते*

नाटक 'काँचो धागो' मा गण्डकी प्रदेशमा बोलिने बोलचालको भाषादेखि लिएर मगर जातिको ठाडोभाकाको लोकगीत, सङ्गीत र नृत्यका साथै गन्धर्वको गीतको मौलिकता झल्किन्छ । समाजमा देखिने सामाजिक बेथितिलाई नाटकमा पेचिलो ढङ्गमा पस्कन माहिर निर्देशक तथा लेखक आशान्त शर्माले यस पटक पनि नाटक 'काँचो धागो' मार्फत दर्शकलाई भावनामा बग्न बाध्य बनाएका छन् । काठमाडौँको टेकुस्थित कौसी थिएटरमा मञ्चन भइरहेको नाटकमा मानवीय स्वभाव, सम्बन्ध, भावना, चाहनालाई प्रकृति तथा वातावरणसँग जोड्न खोजिएको छ ।

गौरादी गाउँपालिकाको कपासे डाँडामा जागिरे बुहारी सविता (मीरा खड्का) को सहारामा जीवन बिताइरहेकी ८४ वर्षीय लाउर्नी (आयुष्मा मगर) को जीवन कहिले बत्ती कातेर र त कहिले टपरी बुनेर बितिरहेको हुन्छ । त्यसैमाथि गाउँमा बाँदरले आतङ्क पनि उधुम छ । गाउँको मकै बारी खुँदेर मकै खाइदिने बाँदरको आतङ्कका कुरा नाटकमा देखाउन खोजिएको छ । यसैबिच लाउर्नी आमा र उनको घरमा आइरहने मुख्य लाउरे/बाँदर (मुक्ति) को सम्बन्धको कुराले नै नाटकलाई अगाडि बढाउने काम गर्छ । नाटकमा बितिसकेका लाउरेले कसरी बाँदरका रूपमा कसरी पुनर्जन्म भन्ने कुरा पनि प्रस्ट्याउन खोजिएको छ । के साँच्चै अझै पनि मानिसको पुनर्जन्म हुन्छ ? यदी हुन्छ भने लाउर्नी र लाउरेको मिलन यो युगमा सम्भव छ ? नाटकभित्र लाउर्नी विदेशमा रहेको छोरा र नातिको पनि पर्खाइमा रहेको देखाइन्छ । के लाउर्नीको यो पर्खाइ यही युगमा सम्भव छ त ? नाटकले यिनै कुरालाई कथामार्फत खोतल्न खोजिएको छ ।

लामो समयपछि नाटक निर्देशनमा फर्केका निर्देशक शर्माको निर्देशकीय पक्ष तारिफयोग्य छ । पुनर्जन्म जस्तो कुरालाई अहिलेका समाजसँग जोडेर नाटकमार्फत केही सन्देश दिन खोज्नु पनि साहसिक कुरा हो जुन साहस निर्देशक शर्माले उठाएका छन् । शर्माले यस पटक पनि दर्शकको भावनालाई बुझ्ने प्रयास गरेका छन् र त्यही अनुसार नाटकको निर्देशन, परिकल्पना तथा लेखनबाट बाजी मारेका छन् । लाउर्नी, बुहारी सविता, ठुलालगायतको अभिनयले पनि नाटक मनमोहक बनेको छ । नाटकको अर्को राम्रो पक्ष भनेको यसको गीत सङ्गीत हो । आशान्त शर्माको सङ्गीत, कविर काफ्का र मुक्तिको गीत तथा कमल ओली र विजय महर्जनको वाद्यवादनले दर्शकलाई मन्त्रमुग्ध बनाउँछ ।

## तीन कृतिलाई फेडोल सम्मान



गोरखापत्र समाचारदाता
*भक्तपुर, भदौ १५ गते*

फेमकुमारी डोरनाथ ढुङ्गेल साहित्य प्रतिष्ठानद्वारा तीन कृतिका लेखकलाई २०८१ सालको फेडोल उत्कृष्ट सम्मान प्रदान गरिएको छ ।

भक्तपुरमा शनिबार आयोजित कार्यक्रममा शिवप्रसाद ढकाल (भक्त गाथा), खेमराज निरौला (क्रान्तिदूत) र अभय श्रेष्ठ (लहना र तीर) लाई सो सम्मान प्रदान गरिएको हो ।

प्राडा माधवप्रसाद भट्टराईले उत्कृष्ट सम्मान प्रदान गर्नुभएको हो । उहाँले नेपाली साहित्यले समाजको प्रतिविम्बका रूपमा समाजलाई नै अघि बढ्न सहयोग गर्ने बताउनुभयो । सो अवसरमा उत्कृष्ट कृति र सम्मानित व्यक्तित्वका विषयमा मोहन आचार्य, प्राज्ञ हेमनाथ पौडेल र रमेश शुभेच्छुकले चर्चा गर्नुभएको थियो । सम्मानित व्यक्तित्वका तर्फबाट अभय श्रेष्ठले नेपाली साहित्यिक कृतिको मूल्याङ्कन र सम्मान गर्ने परिपाटीले साहित्यको विकासमा टेवा पुग्ने विचार व्यक्त गर्नुभयो । सोही अवसरमा साहित्यिक पत्रिका जनमतको भक्तपुर विशेष अङ्क सार्वजनिक गरिएको थियो ।

### नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

**२०८१ साल भदौ १६ गते (सेप्टेम्बर १, २०२४) आइतबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३३।८९ | १३४।४९ |
| युरो | १ को रु. | १४८।३९ | १४९।०६ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १७६।४५ | १७७।२४ |
| स्विस फ्रैङ्क | १ को रु. | १५७।७३ | १५८।४४ |
| अस्ट्रेलियन डलर | १ को रु. | ९१।०१ | ९१।४२ |
| क्यानेडियन डलर | १ को रु. | ९९।३५ | ९९।८० |
| सिङ्गापुर डलर | १ को रु. | १०२।७७ | १०३।२३ |
| जापानी येन | १० को रु. | ९।२२ | ९।२६ |
| चिनियाँ युआन | १ को रु. | १८।८८ | १८।९७ |
| साउदी अरब रियाल | १ को रु. | ३५।६८ | ३५।८४ |
| कतारी रियाल | १ को रु. | ३६।७३ | ३६।९० |
| थाई भाट | १ को रु. | ३।९५ | ३।९७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३६।४५ | ३६।६२ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३०।९९ | ३१।१३ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।०४ | १०।०९ |
| स्विडिस क्रोनर | १ को रु. | १३।०८ | १३।१४ |
| डेनिस क्रोनर | १ को रु. | १९।८९ | १९।९८ |
| हङकङ डलर | १ को रु. | १७।१७ | १७।२५ |
| कुवेती दिनार | १ को रु. | ४३८।३३ | ४४०।२९ |
| बहराइन दिनार | १ को रु. | ३५५।२१ | ३५६।८० |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. २९/०५३/५४ । निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail: gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail: mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com




विराटनगर संस्करण | विचार ▶ अर्थव्यवस्थाको स्पष्ट कार्यदिशा | फिक्कलदेखि अन्तुसम्म 'टी ट्रेल' निर्माण सुरु ११

वर्ष १२४ | अङ्क ११९ | २०८१ साल भदौ १६ गते आइतबार | भाद्र कृष्ण चतुर्दशी | नेपाल संवत् ११४४ गुँलागा १४ | 2024 September 1 Sunday | पृष्ठ : १२ | मूल्य : दस रुपियाँ

# सरकारको प्राथमिकता सुव्यवस्था : प्रधानमन्त्री




तस्बिर : कविन अधिकारी

**प्रधानमन्त्री केपी शर्मा ओली शनिबार क्याप्टेन रामेश्वर थापाद्वारा लिखित पुस्तक 'इन टु द फायर' विमोचन गर्नुहुँदै । साथमा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा हुनुहुन्छ ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकारको मुख्य प्राथमिकता शान्ति, सुव्यवस्था र आर्थिक क्रान्ति भएको बताउनुभएको छ।

क्याप्टेन रामेश्वर थापाद्वारा लिखित 'इन टु द फायर' पुस्तकको विमोचन कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा अब कहिल्यै पनि विगतको जस्तो हिंसात्मक गतिविधि हुन नसक्ने र हुन नदिने स्पष्ट पार्नुभयो। नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले केही दिनअघि श्रीलङ्का वा बङ्गलादेशको जस्तो अवस्थाबाट सिक्न भनेर दिएको अभिव्यक्तिप्रति असहमति व्यक्त गर्दै उहाँले नेपाल कुनै मुलुकको 'फोटोकपी मेसिन' नभएकाले श्रीलङ्का वा बङ्गलादेशको घटना यहाँ हुन सम्भव नरहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपालको आफ्नै पहिचान, सभ्यता र संस्कृति छ। बङ्गलादेशमा जे भयो, त्यो यहाँ हुँदैन। हामीले लडेर ल्याएको लोकतन्त्र र संविधानलाई सबल बनाउन हामी लागेका छौँ।

> - नेपालमा अब बेथिति, अराजकता र हिंसाको राजनीति सम्भव छैन। सम्भव हुन दिइँदैन : **प्रम ओली**
> - प्रधानमन्त्री ओली र मलाई नजिक बनाउने काममा पनि थापाको भूमिका महत्त्वपूर्ण छ : **सभापति देउवा**

लोकतन्त्रविरुद्ध लड्नेहरूले हामीलाई तर्साउन सम्भव छैन। हामीलाई सिक भनेर चर्को स्वरमा बोल्नेहरूलाई म राम्ररी सिक भन्न चाहन्छु। नेपालमा अब बेथिति, अराजकता र हिंसाको राजनीति सम्भव छैन। सम्भव हुन दिइँदैन।" उहाँले सरकार बन्नेबित्तिकै प्रचण्डले सरकारको सत्तो सराप गर्ने गरेको बताउनुभयो। प्रधानमन्त्री ओलीले भन्नुभयो, "यस्ता विषयमा हामी अल्झिने छैनौँ। जनतालाई कसरी सेवा दिने भन्नेतर्फ मात्रै केन्द्रित छौँ।"

प्रधानमन्त्री ओलीले माओवादीको 'अन्धधुन्ध' हिंसात्मक गतिविधि चलेका बेला आफूले हिंसाको चर्को विरोध गरेको र राजनीतिक समाधानका लागि वार्ताको पनि पहल गरेको स्मरण गर्नुभयो। उहाँले लोकतान्त्रिक शासन प्रणालीमा अरूको अधिकार हनन् हुने गरी हुने कुनै पनि गतिविधि वा अराजकतालाई राज्यले कानुनी रूपमा रोक्ने स्पष्ट गर्नुभयो। प्रधानमन्त्री ओलीले लोकतन्त्र र देश बनाउने अभियानमा आफू छ दशकदेखि लागिरहेको स्मरण गराउँदै भन्नुभयो, "मैले १७ हजार मान्छे मारेको छु र डराउने ? लोकतन्त्रविरुद्ध लड्नेहरूले हामीलाई तर्साउने ?" उहाँले समाजको सुव्यवस्थाका लागि मानव जातिले राजनीति र राजनीतिक दल सिर्जना गरेकाले राजनीतिप्रति घृणा फैलाउने प्रयासले समाजलाई संस्कारहीनता, अराजकता र बेथितितर्फ लगेर छिन्नभिन्न बनाउने धारणा राख्नुभयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "अहिलेको सरकारले कसैमाथि अन्याय र अत्याचार गर्दैन। आफ्नो हित र रक्षाका लागि केही गलत काम गर्दैन तर जनताको हित र रक्षाविरुद्ध कसैले काम गरेमा विधिको शासनबमोजिम शान्ति सुरक्षा र सम्मान कायम गर्छ। राज्यका निकायले कानुनको पालना गर्छन्। न्यायोचित कानुनलाई सबैले मान्नु पर्छ।

» बाँकी पृष्ठ २ मा

# 'स्मार्ट' बनेन 'स्मार्ट लाइसेन्स'



**लक्ष्मण दर्नाल**
*काठमाडौँ, भदौ १५ गते*




> स्मार्ट लाइसेन्सका लागि सबै प्रक्रिया पूरा गरेर राजस्वसमेत तिरेर लाइसेन्स पाउने पालो कुरेका सेवाग्राही १६ लाख छन्।

सवारीचालक अनुमतिपत्र (लाइसेन्स) को समस्या झन्डै एक दशकदेखि जारी छ। सेवाग्राहीलाई तत्काल र सहज सेवा दिने भनेर विसं २०७२ देखि 'स्मार्ट लाइसेन्स' का नामबाट नयाँ प्रविधिको लाइसेन्स दिन थाले पनि त्यसै बेलादेखि यो समस्या जटिल बनेको हो।

स्मार्ट लाइसेन्सका लागि सबै प्रक्रिया पूरा गरेर राजस्वसमेत तिरेर लाइसेन्स पाउने पालो कुरेका सेवाग्राही १६ लाख छन्। सावरीचालक अनुमतिपत्रका लागि लिइने लिखित, प्राविधिक जाँच र प्रयोगात्मक परीक्षा पास गरेर लाइसेन्सको कार्ड पाउन तीन वर्षसम्म कुर्नु परेको छ।

छाप्न बाँकी १६ लाखप्रति लाइसेन्स धारक अर्थात् १६ लाख जना सरकारलाई तिरेको राजस्वको रसिद नै लाइसेन्सका रूपमा ट्राफिक प्रहरीलाई देखाएर देखाएर सवारी चलाइरहेका छन्। जुन लाइसेन्स होइन, सरकारी कागजात हो तर सवारी चालकका लागि अनुमति दिने वैध कागजात होइन। १६ लाख जनाको सामान्यतया दुईपाङ्ग्रे लाइसेन्सको मात्रै राजस्व प्रतिव्यक्ति दुई हजार रुपियाँका दरले हिसाब गर्दा पनि तीन अर्ब २० करोड रुपियाँ राजस्व छाप्न बाँकी लाइसेन्सको उठिसकेको छ। चारपाङ्ग्रे र अरू ठुला सवारीको हिसाब गर्ने हो भने यो बढ्छ नै। सरकारले हालसम्म ४० लाख प्रति स्मार्ट लाइसेन्स प्रिन्ट गरिसकेको यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले जानकारी दिनुभयो।

## प्रदेशमा सार्ने तयारी

लाइसेन्सको समस्या समाधान गर्न अहिले प्रदेशहरूबाट पनि वितरण गर्न दिने पहल सुरु भएको छ। प्रदेश सरकारहरूले प्रदेशबाटै क्युआर कोडसहित लाइसेन्स छपाइ गर्ने भनिए पनि त्यसका लागि बजेट र पूर्वाधार सबै प्रदेशमा छैन। संविधानतः यातायातको नियमन र व्यवस्थापनको अधिकार प्रदेश सरकारको हो तर कुनै पनि प्रदेश सरकारले प्रदेशमै लाइसेन्स छाप्नेलगायत व्यवस्थापनका काम सुरु गरेका छैनन्।

गत साउन ३२ गते केन्द्रीय तथ्याङ्क सेन्ट्रल (डाटाबेस) यातायात व्यवस्था विभागमा रहने गरी देशभर एउटै मापदण्ड र स्पेसिफिकेसन अनुसार प्रदेशले लाइसेन्स छपाइका लागि तत्काल खरिद प्रक्रिया अगाडि बढाउने निर्णय भएको थियो। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा सात प्रदेशका यातायात मन्त्रीसहितको संयुक्त बैठकले उक्त निर्णय गरेको थियो।

यो निर्णय पनि नयाँ होइन। सङ्घीय सरकारले दुई वर्षदेखि नै प्रदेशबाट लाइसेन्स छपाइ गर्ने निर्णय र निर्देशन दिँदै आएको छ तर कार्यान्वयन गर्न प्रदेश सरकारको कुनै सुरसार छैन। लाइसेन्स छाप्ने मेसिन, सफ्टवेयर निर्माण, कार्ड खरिदलगायतका काममा सबै प्रदेश अन्योलग्रस्त छन्। कोशी प्रदेशले बजेट विनियोजन त गरेको छ तर प्रावधिक अन्योलताले काम अघि बढेको छैन। नागरिक एप र राष्ट्रिय परिचयपत्रमा समावेश गर्ने र एउटै डिजाइन हुने भएकाले अन्योल रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेशले जनाएको छ। निमित्त प्रदेश सविच कमलबहादुर थापाले भन्नुभयो, "कार्ड र मेसिनका लागि १० करोड बजेट विनियोजन भएको छ। स्पेसिफिकेसन बनाउँदै छौँ। प्राविधिक काम भएकाले विभाग र केन्द्र सरकारको सहजीकरण आवश्यक छ।"

मधेश प्रदेशले पनि बजेट विनियोजन गरेको छ तर प्रक्रिया अगाडि बढाएको छैन। श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेशका सूचना अधिकारी सुनील शाहले भन्नुभयो, "स्मार्ट लाइसेन्सका लागि दुई करोड रुपियाँ विनियोजन भएको छ। यो मेसिन र कार्डका लागि हो।"

बागमती प्रदेश सरकारले मेसिन र कार्डका लागि १३ करोड रुपियाँ छुट्याएको छ तर प्रक्रियाको सवाल भने अन्योल छ। नागरिक एपमा लाइसेन्स समावेश गरेको बागमतीले क्युआर कोडसहितको छाप्ने, राष्ट्रिय परिचयपत्रमा छाप्ने वा यसको व्यवस्थापन कसरी गर्ने भन्ने कुराको अन्योल रहेको जनाएको छ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमतीका प्रदेश सचिव बलराम निरौलाले भन्नुभयो, "सातै प्रदेशको डिजाइन र प्राविधिक कुराले अन्योल बनाएको छ। एउटै डिजाइन विभागले दिने भन्ने कुरा हो, त्यो आएको छैन।"

गण्डकी प्रदेशमा कुनै प्रक्रिया नै अगाडि बढेको छैन। योजना र बजेट पनि छैन। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकीका उपसचिव एवं प्रवक्ता प्रदीपकुमार रेग्मीले भन्नुभयो, "प्रदेशबाट लाइसेन्स छाप्ने छलफल त भएको छ तर कुनै प्रक्रिया अगाडि बढेको छैन। परिचयपत्रमै समावेश गर्ने भन्ने कुराले पनि अन्योल भएको छ।" गण्डकीमा विगत दुई वर्ष आठ महिनादेखिका लाइसेन्स छाप्न बाँकी छ।

» बाँकी पृष्ठ २ मा

# 'सञ्चार क्षेत्रलाई व्यवस्थित बनाइने छ'




तस्बिर : रमेश पौडेल

**सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ प्रेस चौतारी नेपाल गण्डकीले शनिबार पोखरामा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।**

**फडिन्द्र अधिकारी**
*लेखनाथ, भदौ १५ गते*

नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सञ्चार क्षेत्रलाई व्यवस्थित, व्यावसायिक र युगानुकूल बनाउन आवश्यक सबै जसो ऐन एक वर्षभित्रै बनाइसक्ने बताउनुभएको छ। लामो समयदेखि चर्चा भइरहे पनि बन्न नसकेको सार्वजनिक प्रसारण ऐन (पिएसबी) समेत चाँडै सदनमा ल्याउने उहाँले जानकारी दिनुभयो।

प्रेस चौतारी नेपाल गण्डकीले पोखरामा शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले भन्नुभयो, "पिएसबी समितिमा छलफलमा छ। मिडिया काउन्सिल विधेयकबारे पनि छलफल जारी छ, पिएसबी बनिसकेपछि नेपाल टेलिभिजन र रेडियो नेपाललाई अलिकति स्वायत्त बनाउने कुरा र व्यवस्थित बनाउने कुरामा ध्यान दिइने छ।"

सञ्चारमन्त्री गुरुङले नेपाली समाज र पत्रकारिता जगत् नकारात्मक पक्षमा बढी रमाएको टिप्पणी पनि गर्नुभयो। "टिआरसी (सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन) पास भयो, यो कोसेढुङ्गाबारे कसैले लेखेन," उहाँले भन्नुभयो, "हामी भारत वर्षमा छौँ, महाभारत हामीलाई मन पर्छ। हाम्रो संस्कार नै लडाइँ, झगडा गर्ने छ।"

मन्त्री गुरुङले नेपालको प्रवर्धन र पर्यटनको विकासका लागि अङ्ग्रेजी टिभी च्यानल चलाउनै पर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "संसारभरका सबै देशले यसरी च्यानल चलाएका छन्।

» बाँकी पृष्ठ २ मा


# शिवपुरीमा बढ्यो चरा संरक्षणको चुनौती

**चाँदनी हमाल**
*काठमाडौँ, भदौ १५ गते*

शिवपुरी–नागार्जुन राष्ट्रिय निकुञ्जमा चराको प्रजाति बढेसँगै संरक्षणको चुनौती बढेको छ। भर्खरै सार्वजनिक भएको चराको सूची अनुसार शिवपुरीमा ३९६ प्रजातिको चरा पाइएको छ। पछिल्लो समय यहाँ झन्डै ८० प्रजातिका नयाँ चरा थपिएका छन्। सन् २०१५ मा नेपाल पन्छी संरक्षण सङ्घले निकालेको सूची अनुसार शिवपुरी क्षेत्रमा ३१८ प्रजातिका चरा थियो। बढेका चरा कसरी जोगाउने भन्ने चिन्ता संरक्षणकर्मीमा थपिएको छ।

निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत लक्ष्मणप्रसाद पौड्यालको नेतृत्वमा वरिष्ठ चराविद् डा. हेमसागर बराल, चरा संरक्षणकर्मी मनशान्त घिमिरे, सञ्जीव आचार्य र हठन चौधरीले तयार गर्नुभएको नयाँ सूची अनुसार शिवपुरीमा पाइने चराको प्रजाति ३९६ पुगेको हो। पूर्वप्रमुख संरक्षण अधिकृत पौड्यालका अनुसार सन् २०१६ पछि सन् २०२१ र २०२२ तथा अन्य समयमा भएका गणना र सर्भेक्षणका क्रममा भेटिएका नयाँ प्रजातिसमेत जोड्दै नयाँ सूची प्रकाशन गरिएको हो।

उहाँका अनुसार यस वर्ष भेटिएको रातो रङको सुन्दर भिनासियस रोजफिन्च नामको नयाँ चरासमेत सूचीमा समावेश गरिएको छ। त्यस्तै नेपालमा मात्र पाइने काँडे भ्याकुरसहित २०२१ र २०२२ मा नयाँ फेला परेको कालो चिल प्रजातिको लाटोकोसेरोसहित गोल्डेन नेप्स फिन्च, स्लेन्डर बिल्ड स्किमिटर ब्याबलर, ग्रे हुडेड वार्बरहोरी थ्रोटेड वार्बलरसहितका चरा शिवपुरीका नयाँ आकर्षण हुन्। अध्ययन अनुसार सन् २०२१ र २०२२ मा गरिएको सर्भेका क्रममा शिवपुरीमा २३७ प्रजातिका



**शिवपुरीमा यस वर्ष भेटिएको भिनासियस रोज फिन्च चरा ।**

> - काठमाडौँका घना मानव बस्तीबिचमा चरा बढ्नु भनेको वातावरणको राम्रो सूचक हो तर जोगाउने चुनौती उच्च छ।
> - विश्वमै खतराको सूचीमा रहेको ठुलो खैरो गिद्ध, इम्पेरियल गिद्ध र काश्मीर फ्लाइक्याचर चरा, लोपोन्मुख स्टेप्पे चील र पल्लास फिस चील, सङ्कटापन्न सेतो गिद्ध, पातलो-बिल गिद्ध र रातोटाउके गिद्ध पनि यहाँ पाइन्छ।

चरा भेटिएकोमा १६ वटा भने रोमाञ्चकता दिने नयाँ खालका प्रजातिका मानिएका थिए।

उहाँले भन्नुभयो, "काठमाडौँका घना मानव बस्तीबिचमा यसरी चरा बढ्नु भनेको वातावरणको राम्रो सूचक हो तर जोगाउने चुनौती उच्च छ।" चराहरू बचाउन काठमाडौँ महानगरका बासिन्दाले ध्यान दिनुपर्नेमा उहाँ जोड दिनुहुन्छ।

चरा बाँच्नु भनेको उपत्यकाको दीर्घ जीवनको सूचक हो भनेर बुझाउन जरुरी रहेको पौडेलले औँल्याउनुभयो।

विश्वमै खतराको सूचीमा रहेको ठुलो खैरो गिद्ध, इम्पेरियल गिद्ध र काश्मीर फ्लाइक्याचर चरा यहाँ पाइन्छ। लोपोन्मुख स्टेप्पे चील र पल्लास फिस चील, सङ्कटापन्न सेतो गिद्ध, पातलो–बिल गिद्ध र रातोटाउके गिद्ध पनि यहाँ पाइन्छ। साइटिसमा सूचीकृत रहेका ५५ प्रजातिका चरा यस निकुञ्जको अर्को महत्त्वपूर्ण पाटो हो। साइटिसमा सूचीकृत नेपालमा मात्र पाइने काँडे भ्याकुरको बास यहीँ छ।

विसं २०५८ सालमा संरक्षणको उद्देश्यसहित स्थापना भएको यो निकुञ्ज मध्य नेपालमा रहेका चराको स्वर्ग मानिन्छ। घना वन, जलस्रोतको स्रोत र मानव बस्तीदेखि टाढा रहेको निकुञ्जमा चरा अवलोकन गर्नकै लागि विदेशी पर्यटक पुग्ने गर्छन्।

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।




कोहलपुर संस्करण | विचार | अर्थव्यवस्थाको स्पष्ट कार्यदिशा | फिक्कलदेखि अन्तुसम्म 'टी ट्रेल' निर्माण सुरु ११

वर्ष १२४ | अङ्क ११९ | २०८१ साल भदौ १६ गते आइतबार | भाद्र कृष्ण चतुर्दशी | नेपाल संवत् ११४४ गुँलागा १४ | 2024 September 1 Sunday | पृष्ठ : १२ | मूल्य : दस रुपियाँ

# सरकारको प्राथमिकता सुव्यवस्था : प्रधानमन्त्री




तस्बिर : कविन अधिकारी

**प्रधानमन्त्री केपी शर्मा ओली शनिबार क्याप्टेन रामेश्वर थापाद्वारा लिखित पुस्तक 'इन टु द फायर' विमोचन गर्नुहुँदै। साथमा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा हुनुहुन्छ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १५ गते*

प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकारको मुख्य प्राथमिकता शान्ति, सुव्यवस्था र आर्थिक क्रान्ति भएको बताउनुभएको छ।

क्याप्टेन रामेश्वर थापाद्वारा लिखित 'इन टु द फायर' पुस्तकको विमोचन कार्यक्रलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा अब कहिल्यै पनि विगतको जस्तो हिंसात्मक गतिविधि हुन नसक्ने र हुन नदिने स्पष्ट पार्नुभयो। नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले केही दिनअघि श्रीलङ्का वा बङ्गलादेशको जस्तो अवस्थाबाट सिक्न भनेर दिएको अभिव्यक्तिप्रति असहमति व्यक्त गर्दै उहाँले नेपाल कुनै मुलुकको 'फोटोकपी मेसिन' नभएकाले श्रीलङ्का वा बङ्गलादेशको घटना यहाँ हुन सम्भव नरहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपालको आफ्नै पहिचान, सभ्यता र संस्कृति छ। बङ्गलादेशमा जे भयो, त्यो यहाँ हुँदैन। हामीले लडेर ल्याएको लोकतन्त्र र संविधानलाई सबल बनाउन हामी लागेका छौँ। लोकतन्त्रविरुद्ध लड्नेहरूले हामीलाई तर्साउन सम्भव छैन। हामीलाई सिक भनेर चर्को स्वरमा बोल्नेहरूलाई म राम्ररी सिक भन्न चाहन्छु। नेपालमा अब बेथिति, अराजकता र हिंसाको राजनीति सम्भव छैन। सम्भव हुन दिइँदैन।" उहाँले सरकार बन्नेबित्तिकै प्रचण्डले सरकारको सत्तो सराप गर्ने गरेको बताउनुभयो। प्रधानमन्त्री ओलीले भन्नुभयो, "यस्ता विषयमा हामी अल्झिने छैनौँ। जनतालाई कसरी सेवा दिने भन्नेतर्फ मात्रै केन्द्रित छौँ।"

> • नेपालमा अब बेथिति, अराजकता र हिंसाको राजनीति सम्भव छैन। सम्भव हुन दिइँदैन : **प्रम ओली**
>
> • प्रधानमन्त्री ओली र मलाई नजिक बनाउने काममा पनि थापाको भूमिका महत्त्वपूर्ण छ : **सभापति देउवा**

प्रधानमन्त्री ओलीले माओवादीको 'अन्धधुन्ध' हिंसात्मक गतिविधि चलेका बेला आफूले हिंसाको चर्को विरोध गरेको र राजनीतिक समाधानका लागि वार्ताको पनि पहल गरेको स्मरण गर्नुभयो। उहाँले लोकतान्त्रिक शासन प्रणालीमा अरूको अधिकार हनन् हुने गरी हुने कुनै पनि गतिविधि वा अराजकतालाई राज्यले कानुनी रूपमा रोक्ने स्पष्ट गर्नुभयो। प्रधानमन्त्री ओलीले लोकतन्त्र र देश बनाउने अभियानमा आफू छ दशकदेखि लागिरहेको स्मरण गराउँदै भन्नुभयो, "मैले १७ हजार मान्छे मारेको छु र डराउने ? लोकतन्त्रविरुद्ध लड्नेहरूले हामीलाई तर्साउने ?" उहाँले समाजको सुव्यवस्थाका लागि मानव जातिले राजनीति र राजनीतिक दल सिर्जना गरेकाले राजनीतिप्रति घृणा फैलाउने प्रयासले समाजलाई संस्कारहीनता, अराजकता र बेथितितर्फ लगेर छिन्नभिन्न बनाउने धारणा राख्नुभयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "अहिलेको सरकारले कसैमाथि अन्याय र अत्याचार गर्दैन। आफ्नो हित र रक्षाका लागि केही गलत काम गर्दैन तर जनताको हित र रक्षाविरुद्ध कसैले काम गरेमा विधिको शासनबमोजिम शान्ति सुरक्षा र सम्मान कायम गर्छ। राज्यका निकायले कानुनको पालना गर्छन्। न्यायोचित कानुनलाई सबैले मान्नु पर्छ।

» बाँकी पृष्ठ २ मा

# 'स्मार्ट' बनेन 'स्मार्ट लाइसेन्स'



**लक्ष्मण दर्नाल**
*काठमाडौँ, भदौ १५ गते*

सवारीचालक अनुमतिपत्र (लाइसेन्स) को समस्या झन्डै एक दशकदेखि जारी छ। सेवाग्राहीलाई तत्काल र सहज सेवा दिने भनेर विसं २०७२ देखि 'स्मार्ट लाइसेन्स' का नामबाट नयाँ प्रविधिको लाइसेन्स दिन थाले पनि त्यसै बेलादेखि यो समस्या जटिल बनेको हो।

स्मार्ट लाइसेन्सका लागि सबै प्रक्रिया पूरा गरेर राजस्वसमेत तिरेर लाइसेन्स पाउने पालो कुरेका सेवाग्राही १६ लाख छन्। सावरीचालक अनुमतिपत्रका लागि लिइने लिखित, प्राविधिक जाँच र प्रयोगात्मक परीक्षा पास गरेर लाइसेन्सको कार्ड पाउन तीन वर्षसम्म कुर्नु परेको छ।

छाप्न बाँकी १६ लाखप्रति लाइसेन्स धारक अर्थात् १६ लाख जना सरकारलाई तिरेको राजस्वको रसिद नै लाइसेन्सका रूपमा ट्राफिक प्रहरीलाई देखाएर देखाएर सवारी चलाइरहेका छन्। जुन लाइसेन्स होइन, सरकारी कागजात हो तर सवारी चालकका लागि अनुमति दिने वैध कागजात होइन। १६ लाख जनाको सामान्यतया दुईपाङ्ग्रे लाइसेन्सको मात्रै राजस्व प्रतिव्यक्ति दुई हजार रुपियाँका दरले हिसाब गर्दा पनि तीन अर्ब २० करोड रुपियाँ राजस्व छाप्न बाँकी लाइसेन्सको उठिसकेको छ। चारपाङ्ग्रे र अरू ठुला सवारीको हिसाब गर्ने हो भने यो बढ्छ नै। सरकारले हालसम्म ४० लाख प्रति स्मार्ट लाइसेन्स प्रिन्ट गरिसकेको यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले जानकारी दिनुभयो।




> स्मार्ट लाइसेन्सका लागि सबै प्रक्रिया पूरा गरेर राजस्वसमेत तिरेर लाइसेन्स पाउने पालो कुरेका सेवाग्राही १६ लाख छन्।

## प्रदेशमा सार्ने तयारी

लाइसेन्सको समस्या समाधान गर्न अहिले प्रदेशहरूबाट पनि वितरण गर्न दिने पहल सुरु भएको छ। प्रदेश सरकारहरूले प्रदेशबाटै क्युआर कोडसहित लाइसेन्स छपाइ गर्ने भनिए पनि त्यसका लागि बजेट र पूर्वाधार सबै प्रदेशमा छैन। संविधानतः यातायातको नियमन र व्यवस्थापनको अधिकार प्रदेश सरकारको हो तर कुनै पनि प्रदेश सरकारले प्रदेशमै लाइसेन्स छाप्नेलगायत व्यवस्थापनका काम सुरु गरेका छैनन्।

गत साउन ३२ गते केन्द्रीय तथ्याङ्क सेन्ट्रल (डाटाबेस) यातायात व्यवस्था विभागमा रहने गरी देशभर एउटै मापदण्ड र स्पेसिफिकेसन अनुसार प्रदेशले लाइसेन्स छपाइका लागि तत्काल खरिद प्रक्रिया अगाडि बढाउने निर्णय भएको थियो। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा सात प्रदेशका यातायात मन्त्रीसहितको संयुक्त बैठकले उक्त निर्णय गरेको थियो।

यो निर्णय पनि नयाँ होइन। सङ्घीय सरकारले दुई वर्षदेखि नै प्रदेशबाट लाइसेन्स छपाइ गर्ने निर्णय र निर्देशन दिँदै आएको छ तर कार्यान्वयन गर्न प्रदेश सरकारको कुनै सुरसार छैन। लाइसेन्स छाप्ने मेसिन, सफ्टवेयर निर्माण, कार्ड खरिदलगायतका काममा सबै प्रदेश अन्योलग्रस्त छन्। कोशी प्रदेशले बजेट विनियोजन त गरेको छ तर प्राविधिक अन्योलताले काम अघि बढेको छैन। नागरिक एप र राष्ट्रिय परिचयपत्रमा समावेश गर्ने र एउटै डिजाइन हुने भएकाले अन्योल रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेशले जनाएको छ। निमित्त प्रदेश सविच कमलबहादुर थापाले भन्नुभयो, "कार्ड र मेसिनका लागि १० करोड बजेट विनियोजन भएको छ। स्पेसिफिकेसन बनाउँदै छौँ। प्राविधिक काम भएकाले विभाग र केन्द्र सरकारको सहजीकरण आवश्यक छ।"

मधेश प्रदेशले पनि बजेट विनियोजन गरेको छ तर प्रक्रिया अगाडि बढाएको छैन। श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेशका सूचना अधिकारी सुनील शाहले भन्नुभयो, "स्मार्ट लाइसेन्सका लागि दुई करोड रुपियाँ विनियोजन भएको छ। यो मेसिन र कार्डका लागि हो।"

बागमती प्रदेश सरकारले मेसिन र कार्डका लागि १३ करोड रुपियाँ छुट्याएको छ तर प्रक्रियाको सवाल भने अन्योल छ। नागरिक एपमा लाइसेन्स समावेश गरेको बागमतीले क्युआर कोडसहितको छाप्ने, राष्ट्रिय परिचयपत्रमा छाप्ने वा यसको व्यवस्थापन कसरी गर्ने भन्ने कुराको अन्योल रहेको जनाएको छ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमतीका प्रदेश सचिव बलराम निरौलाले भन्नुभयो, "सातै प्रदेशको डिजाइन र प्राविधिक कुराले अन्योल बनाएको छ। एउटै डिजाइन विभागले दिने भन्ने कुरा हो, त्यो आएको छैन।"

गण्डकी प्रदेशमा कुनै प्रक्रिया नै अगाडि बढेको छैन। योजना र बजेट पनि छैन। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकीका उपसचिव एवं प्रवक्ता प्रदीपकुमार रेग्मीले भन्नुभयो, "प्रदेशबाट लाइसेन्स छाप्ने छलफल त भएको छ तर कुनै प्रक्रिया अगाडि बढेको छैन। परिचयपत्रमै समावेश गर्ने भन्ने कुराले पनि अन्योल भएको छ।" गण्डकीमा विगत दुई वर्ष आठ महिनादेखिका लाइसेन्स छाप्न बाँकी छ।

» बाँकी पृष्ठ २ मा

# 'सञ्चार क्षेत्रलाई व्यवस्थित बनाइने छ'




तस्बिर : रमेश पौडेल

**सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ प्रेस चौतारी नेपाल गण्डकीले शनिबार पोखरामा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै।**

**फडिन्द्र अधिकारी**
*लेखनाथ, भदौ १५ गते*

नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सञ्चार क्षेत्रलाई व्यवस्थित, व्यावसायिक र युगानुकूल बनाउन आवश्यक सबै जसो ऐन एक वर्षभित्रै बनाइसक्ने बताउनुभएको छ। लामो समयदेखि चर्चा भइरहे पनि बन्न नसकेको सार्वजनिक प्रसारण ऐन (पिएसबी) समेत चाँडै सदनमा ल्याउने उहाँले जानकारी दिनुभयो।

प्रेस चौतारी नेपाल गण्डकीले पोखरामा शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले भन्नुभयो, "पिएसबी समितिमा छलफलमा छ। मिडिया काउन्सिल विधेयकबारे पनि छलफल जारी छ, पिएसबी बनिसकेपछि नेपाल टेलिभिजन र रेडियो नेपाललाई अलिकति स्वायत्त बनाउने कुरा र व्यवस्थित बनाउने कुरामा ध्यान दिइने छ।"

सञ्चारमन्त्री गुरुङले नेपाली समाज र पत्रकारिता जगत् नकारात्मक पक्षमा बढी रमाएको टिप्पणी पनि गर्नुभयो। "टिआरसी (सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन) पास भयो, यो कोसेढुङ्गाबारे कसैले लेखेन," उहाँले भन्नुभयो, "हामी भारत वर्षमा छौँ, महाभारत हामीलाई मन पर्छ। हाम्रो संस्कार नै लडाइँ, झगडा गर्ने छ।"

मन्त्री गुरुङले नेपालको प्रवर्धन र पर्यटनको विकासका लागि अङ्ग्रेजी टिभी च्यानल चलाउनै पर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "संसारभरका सबै देशले यसरी च्यानल चलाएका छन्।

» बाँकी पृष्ठ २ मा


# शिवपुरीमा बढ्यो चरा संरक्षणको चुनौती

**चाँदनी हमाल**
*काठमाडौँ, भदौ १५ गते*

शिवपुरी–नागार्जुन राष्ट्रिय निकुञ्जमा चराको प्रजाति बढेसँगै संरक्षणको चुनौती बढेको छ। भर्खरै सार्वजनिक भएको चराको सूची अनुसार शिवपुरीमा ३९६ प्रजातिको चरा पाइएको छ। पछिल्लो समय यहाँ झन्डै ८० प्रजातिका नयाँ चरा थपिएका छन्। सन् २०१५ मा नेपाल पन्छी संरक्षण सङ्घले निकालेको सूची अनुसार शिवपुरी क्षेत्रमा ३१८ प्रजातिका चरा थियो। बढेका चरा कसरी जोगाउने भन्ने चिन्ता संरक्षणकर्मीमा थपिएको छ।

निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत लक्ष्मणप्रसाद पौड्यालको नेतृत्वमा वरिष्ठ चराविद् डा. हेमसागर बराल, चरा संरक्षणकर्मी मनशान्त घिमिरे, सञ्जीव आचार्य र हठन चौधरीले तयार गर्नुभएको नयाँ सूची अनुसार शिवपुरीमा पाइने चराको प्रजाति ३९६ पुगेको हो। पूर्वप्रमुख संरक्षण अधिकृत पौड्यालका अनुसार सन् २०१६ पछि सन् २०२१ र २०२२ तथा अन्य समयमा भएका गणना र सर्भेक्षणका क्रममा भेटिएका नयाँ प्रजातिसमेत जोड्दै नयाँ सूची प्रकाशन गरिएको हो।

उहाँका अनुसार यस वर्ष भेटिएको रातो रङको सुन्दर भिनासियस रोजपिन्च नामको नयाँ चरासमेत सूचीमा समावेश गरिएको छ। त्यस्तै नेपालमा मात्र पाइने काँडे भ्याकुरसहित २०२१ र २०२२ मा नयाँ फेला परेको कालो चिल प्रजातिको लाटोकोसेरोसहित गोल्डेन नेप्स फिन्च, स्लेन्डर बिल्ड स्किमिटर ब्याबलर, ग्रे हुडेड वार्बरहोरी थ्रोटेड वार्बलरसहितका चरा शिवपुरीका नयाँ आकर्षण हुन्। अध्ययन अनुसार सन् २०२१ र २०२२ मा गरिएको सर्भेका क्रममा शिवपुरीमा २३७ प्रजातिका चरा भेटिएकोमा १६ वटा भने रोमाञ्चकता दिने नयाँ खालका प्रजातिका मानिएका थिए।



**शिवपुरीमा यस वर्ष भेटिएको भिनासियस रोज फिन्च चरा।**

> • काठमाडौँका घना मानव बस्तीबिचमा चरा बढ्नु भनेको वातावरणको राम्रो सूचक हो तर जोगाउने चुनौती उच्च छ।
>
> • विश्वमै खतराको सूचीमा रहेको ठुलो खैरो गिद्ध, इम्पेरियल गिद्ध र काश्मीर फ्लाइक्याचर चरा, लोपोन्मुख स्टेप्पे चील र पल्लास फिस चील, सङ्कटापन्न सेतो गिद्ध, पातलो-बिल गिद्ध र रातोटाउके गिद्ध पनि यहाँ पाइन्छ।

उहाँले भन्नुभयो, "काठमाडौँका घना मानव बस्तीबिचमा यसरी चरा बढ्नु भनेको वातावरणको राम्रो सूचक हो तर जोगाउने चुनौती उच्च छ।" चराहरू बचाउन काठमाडौँ महानगरका बासिन्दाले ध्यान दिनुपर्नेमा उहाँ जोड दिनुहुन्छ।

चरा बाँच्नु भनेको उपत्यकाको दीर्घ जीवनको सूचक हो भनेर बुझाउन जरुरी रहेको पौडेलले औँल्याउनुभयो।

विश्वमै खतराको सूचीमा रहेको ठुलो खैरो गिद्ध, इम्पेरियल गिद्ध र काश्मीर फ्लाइक्याचर चरा यहाँ पाइन्छ। लोपोन्मुख स्टेप्पे चील र पल्लास फिस चील, सङ्कटापन्न सेतो गिद्ध, पातलो–बिल गिद्ध र रातोटाउके गिद्ध पनि यहाँ पाइन्छ। साइटिसमा सूचीकृत रहेका ५५ प्रजातिका चरा यस निकुञ्जको अर्को महत्त्वपूर्ण पाटो हो। साइटिसमा सूचीकृत नेपालमा मात्र पाइने काँडे भ्याकुरको बास यहीँ छ।

विसं २०५८ सालमा संरक्षणको उद्देश्यसहित स्थापना भएको यो निकुञ्ज मध्य नेपालमा रहेका चराको स्वर्ग मानिन्छ। घना वन, जलस्रोतको स्रोत र मानव बस्तीदेखि टाढा रहेको निकुञ्जमा चरा अवलोकन गर्नकै लागि विदेशी पर्यटक पुग्ने गर्छन्।